
माघ – २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २५, अङ्क २० | २०७३, माघ १६–३१ | पूर्णाङ्क ५९० |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री ......................................, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री ..................., प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री ......................., सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ४ |
| संयुक्त इजलास | ७ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ९ | ४ |
| जम्मा | ३८ |

| | |
|---|---|
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | ७ |
| इजलास नं. १३ | १ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १६ | २ |
| इजलास नं. १७ | २ |
| इजलास नं. १८ | १ |
| एकल इजलास | २ |
| जम्मा | २१ |

**कूल जम्मा ३८ + २१ = ५९**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, माघ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ११** |
| १. | जग्गा खिचोला चलन | हरिकुमारी खड्का वि. नारायणध्वज लिम्बू | |
| २. | दर्ता बदर दर्ता कायम | नारायणध्वज लिम्बू वि. मोहनराज नेपालीसमेत | |
| ३. | उत्प्रेषण / परमादेश | सुमन अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण | पार्वती नेपाली वि. महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरसमेत | |
| ५. | उत्प्रेषण / परमादेश | रविन शाक्य वि. नेपाल बंगलादेश बैङ्क लि. प्रधान कार्यालयसमेत | |
| ६. | भ्रष्टाचार | शम्भुप्रसाद शर्मा वि. नेपाल सरकार | |
| ७. | लेनदेन | अम्बिका विष्ट वि. विवेक विष्ट | |
| ८. | सम्झौता अवधि थप गरिपाउँ | धर्मेन्द्रकाजी श्रेष्ठ वि. नेपाल विद्युत् प्राधिकरण | |
| ९. | वैदेशिक रोजगार सम्बन्धी कसुर | नेपाल सरकार वि. पहलमान तामाङ | |
| १०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. प्रकाश थापासमेत | |
| **इजलास नं.१** | | | **११ - १३** |
| ११. | उत्प्रेषण | गीतादेवी जयसवालसमेत वि. भजन राय यादवसमेत | |
| १२. | बन्दी प्रत्यक्षीकरण | जीवन पीठामगर वि. महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेत | |
| १३. | लिखत दर्ता बदर दर्ता | पुनमदेवी ठाकुर वि. अजयकुमार ठाकुर | |
| **इजलास नं. २** | | | **१३ - १४** |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नारायण परियार | |
| १५. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. किरण प्रभात नेपालीसमेत | |
| **इजलास नं. ३** | | | **१४ - २०** |
| १६. | जग्गा हक कायम खिचोला मेटाई चलन चलाई पाउँ | गंगा के.सी. समेत वि. राज के.सी. | |

| | | |
|---|---|---|
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जगतबहादुर लिम्बू |
| १८. | कर्तव्य ज्यान | टीकाराम धिताल वि. नेपाल सरकार |
| १९. | कुटपिट, लुटपिट | संजीवकुमार साह वि. बालचन राउत अहिरसमेत |
| २०. | उत्प्रेषण / परमादेश | गीता बस्नेत वि. नेपाल बैङ्क लि. जोखिम व्यवस्थापन विभाग, प्रधान कार्यालय धर्मपथ, काठमाडौंसमेत |
| २१. | उत्प्रेषण / परमादेश | रूकान्ती यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. ४** | | **२० - २४** |
| २२. | लेनदेन | विजय जाजोदीया वि. वनवारीलाल मित्तल |
| २३. | जबरजस्ती करणी | जनक श्रेष्ठ वि. नेपाल सरकार |
| २४. | उत्प्रेषण / परमादेश | कोमलनाथ सिवाकोटीसमेत वि. पुनरावेदन अदालत, इलामसमेत |
| २५. | उत्प्रेषण | शोभा श्रेष्ठ वि. पुनरावेदन अदालत, पाटनसमेत |
| **इजलास नं. ५** | | **२४ - २७** |
| २६. | बन्दी प्रत्यक्षीकरण | लालु चौधरी वि. कारागार कार्यालय, झुम्का, सुनसरीसमेत |

| | | |
|---|---|---|
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अनिला कार्की भन्ने हरिकला कार्की |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गंगाकुमारी वि.क.समेत |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवीकला अधिकारीसमेत |
| **इजलास नं. ६** | | **२७ - ३३** |
| ३०. | अंश भरपाई लिखत बदर दर्ता बदर अंश फाँटसमेत | भोलानाथ चौधरीसमेत वि. साधु दास चौधरी |
| ३१. | वैदेशिक रोजगार सम्बन्धी | युवराज दाहाल वि. नेपाल सरकार |
| ३२. | डाँका चोरी | छत्रसिंह राना वि. नेपाल सरकार |
| ३३. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. विवेक बस्नेतसमेत |
| ३४. | कर्तव्य ज्यान | गोपाल रावत लामा वि. नेपाल सरकारसमेत |
| **इजलास नं.७** | | **३३ - ३६** |
| ३५. | उत्प्रेषण / परमादेश | डा.रामशंकर ठाकुर वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत |

| | | |
|---|---|---|
| ३६. | उत्प्रेषण | यदु विलास भट्टराई वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत |
| ३७. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद शर्मा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत |
| | **इजलास नं.९** | **३६ - ३७** |
| ३८. | जबरजस्ती करणी | वीरबहादुर बाठा सुनार वि. नेपाल सरकार |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तेतरा चौधरीसमेत |
| | **इजलास नं.१०** | **३७ - ३९** |
| ४०. | कर्तव्य ज्यान | दलमर्दन सिंजाली मगरसमेत वि. नेपाल सरकार |
| ४१. | उत्प्रेषण | घनश्याम देव वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत |
| | **इजलास नं.११** | **३९ - ४०** |
| ४२. | जग्गा टन्टा खिचोला चलन | शिवपुजन ठाकुर लोहार वि. जयश्री साह सोनारसमेत |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सूर्यमोहन झासमेत |
| | **इजलास नं.१२** | **४० - ४३** |
| ४४. | अंश | कलावती नाउँ वि. केशव राम नाउँसमेत |
| ४५. | हक कायम दर्ता | मु.स. गर्ने कन्तलाल राय यादव वि. रामअशिस राय यादवसमेत |
| | **इजलास नं.१३** | **४३ - ४४** |
| ४६. | परमादेश | शोभाराम बुढाथोकीसमेत वि. अमृत साइन्स क्याम्पस, लैनचौर काठमाडौंसमेत |
| ४७. | उत्प्रेषण / परमादेश | नरोत्तमकुमार अधिकारी वि. भोली चौधरीसमेत |
| | **इजलास नं. १४** | **४४ - ४५** |
| ४८. | उत्प्रेषण | रूपक न्यौपानेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| | **इजलास नं. १५** | **४५ - ४७** |
| ४९. | उत्प्रेषण | अधिवक्ता दीपक विक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ५०. | उत्प्रेषण | राजेन्द्रप्रसाद सिंहसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| | **इजलास नं. १६** | **४७ - ४९** |
| ५१. | खानलाउन दिलाई पाउँ | वीरेन्द्रकुमारी श्रेष्ठ वि. उषा प्रधान श्रेष्ठ |
| ५२. | उत्प्रेषण | पृथ्वीप्रसाद रोका वि. शुभा विन्दुकुमारी रोकासमेत |
| | **इजलास नं. १७** | **४९ - ५०** |
| ५३. | उत्प्रेषण | लाक्पा तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत |

| | | |
|---|---|---|
| ५४. | बन्दी प्रत्यक्षीकरण | मानबहादुर खत्रीसमेत वि. महानगरीय प्रहरी वृत्त, तिनकुने, काठमाडौंसमेत |
| **इजलास नं. १८** | | **५० - ५१** |
| ५५. | कुटपिट अङ्ग भङ्ग | नेपाल सरकार वि. गुलमहमद मियाँसमेत |

| | | |
|---|---|---|
| **एकल इजलास** | | **५१ - ५२** |
| ५६. | उत्प्रेषण | सब्बीर खाँ वि. सहजाद खाँसमेत |
| ५७. | उत्प्रेषण | जगदीशचन्द्र अर्याल वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, किर्तिपुर काठमाडौंसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६७-CI-१२१५, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. नारायणध्वज लिम्बू*

वादीको फिराद हदम्याद नाघी दायर भएको अवस्थामा मुद्दाको अन्य तथ्यभित्र प्रवेश गरी इन्साफ गर्नुपर्ने अवस्था नै नहुँदा अ.बं. १८० नं. बमोजिम फिराद खारेज हुने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको फैसला मनासिब देखिन आएको छ । यस अवस्थामा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्न प्रदान गरिएको आदेशसँग सहमत हुन नसकिने ।

तसर्थ जग्गा मिच्नेको महलको १८ नं. तथा घर बनाउनेको महलको ११ नं. को हदम्याद नाघी दायर हुन आएको वादी दाबी अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६३।३।१६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-१२१६, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. अम्बिकाप्रसाद मैनाली*
- ०६७-CI-१२१७, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. दलबहादुर लावती*
- ०६७-CI-१२१८, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. वसन्तकुमार याङवा*
- ०६७-CI-१२१९, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. डिल्लीराम चिमरिया*
- ०६७-CI-१२२०, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. प्रेमकुमार जवेगु*
- ०६७-CI-१२२१, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. सन्तविर तामाङ*
- ०६७-CI-१२२२, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. भिष्मराज पौडेल*
- ०६७-CI-१२२३, जग्गा खिचोला चलन, *हरिकुमारी खड्का वि. नारानप्रसाद लिम्बू*
- ०६७-CI-१२२४, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. धनप्रसाद आङदेम्बे लिम्बू*
- ०६७-CI-१२२५, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. मानध्वज चेम्जोङ*
- ०६७-CI-१२२६, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि.सोलबहादुर लिम्बू*
- ०६७-CI-१२२७, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. धनबहादुर आङदम्बे लिम्बू*
- ०६७-CI-१२२८, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. शुकमान लिम्बू*
- ०६७-CI-१२२९, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. भिमराज लिम्बू*
- ०६७-CI-१२३०, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. छत्रबहादुर सावाँ*
- ०६७-CI-१२३१, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. वृषराम लिम्बू*
- ०६७-CI-१२३२, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. राजबल लिम्बू*

- ०६७-CI-१२३३, जग्गा खिचोला चलन, *रामबहादुर खड्का वि. धनपाल साउदेन*
- ०६७-CI-१२३४, जग्गा खिचोला चलन, *रामबहादुर खड्का वि. रामबहादुर गुरूङ*
- ०६७-CI-१२३५, जग्गा खिचोला चलन, *रामबहादुर खड्का वि. दिलबहादुर सावा लिम्बू*

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६६-CI-०५७९, दर्ता बदर दर्ता कायम, *नारायणध्वज लिम्बू वि. मोहनराज नेपालीसमेत*

विवादित जग्गा वन सुदृढीकरण अधिकार सम्पन्न समितिबाट पुनरावेदक वादीको नाममा जग्गा दर्ता गरिदिने निर्णय भएको वा अन्य कुनै अधिकार सम्पन्न निकायबाट दर्ता हुने भनी निर्णय भएको पनि वादीले देखाउन सकेको छैन । भोग बसोबासको आधारमा मात्र दाबीको सबै जग्गामा वादीलाई स्वतः *स्वामित्व* प्राप्त नहुने ।

मालपोत ऐन, २०३४ को दफा २४ एक शक्तिशाली कानूनी व्यवस्था हो । यसमा अदालतको फैसलाबाट दर्ता भएको भए पनि पछि प्रमाणबाट त्यस्तो जग्गा सो दफाभित्र पर्ने जग्गा देखिन आएमा त्यस्तो दर्ता स्वतः बदर हुने अवस्था रहेकोले सो प्रमाण जुटाई जो कोहीले पनि मालपोत कार्यालयमा निवेदन दिन वा अ.बं. १० नं को उपचार खोज्न मिल्ने नै देखिन्छ । तर प्रस्तुत मुद्दाको दाबी माथि उल्लिखित कानूनअनुरूप नरहेकोले यसबारे यस अदालतले धेरै बोलिरहनु आवश्यक नहुने ।

तसर्थ वादी दाबीको सीमाले गर्दा यै मुद्दाबाट प्रतिवादीको नामको दर्ता बदर गरी वादीको नाममा दर्ता गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्ने अवस्था नरहेकोले यस अदालतको विपक्षी झिकाउने आदेशसँग सहमत हुन सकिएन । वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालत, इलामको मिति २०६६।३।१६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सीना
इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०५८०, दर्ता बदर दर्ता कायम, *दलबहादुर लावती वि. मोहनराज नेपालीसमेत*
- ०६६-CI-०५८१, दर्ता बदर दर्ता कायम, *मु.स. गर्ने पंछिमाया तामाङ वि. मोहनराज नेपालीसमेत*
- ०६६-CI-०५८२, दर्ता बदर दर्ता कायम, *सन्तविर तामाङ वि. मोहनराज नेपालीसमेत*
- ०६६-CI-०५८३, दर्ता बदर दर्ता कायम, *डिल्लीराम चिमरिया वि. मोहनराज नेपालीसमेत*
- ०६६-CI-०५८४, दर्ता बदर दर्ता कायम, *नारायणप्रसाद लिम्बू वि. मोहनराज नेपालीसमेत*
- ०६६-CI-०५८५, दर्ता बदर दर्ता कायम, *प्रेमकुमार जवेगु वि. मोहनराज नेपालीसमेत*
- ०६६-CI-०५८६, दर्ता बदर दर्ता कायम, *अम्बिकाप्रसाद मैनाली वि. मोहनराज नेपालीसमेत*
- ०६६-CI-०५८७, दर्ता बदर दर्ता कायम, *मु.स. गर्ने भिष्मराज पौडेल वि. मोहनराज नेपालीसमेत*

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७०-WO-००३२, उत्प्रेषण / परमादेश, *सुमन अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले विवाद उठाएको “राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा बेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचयपत्र निर्देशिका, २०६९” मा भएको व्यवस्था हेर्दा सशस्त्र द्वन्द्वलगायतका विविध आन्दोलनको क्रममा मारिएका वा बेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई नेपाल सरकारबाट दिन खोजिएको राहतलाई सम्बोधन गर्न खोजिएको देखिन्छ । परिचयपत्र बाँड्नुको उपादेयता सशस्त्र द्वन्द्वलगायतका विविध आन्दोलनको क्रममा मारिएका व्यक्ति वा बेपत्ता पारिएका व्यक्तिको सम्मान तथा निजका परिवारहरूलाई नेपाल सरकारबाट उपलब्ध हुने विभिन्न सेवा सुविधा प्राप्त गर्न सहज होस् भन्ने रहेको उक्त निर्देशिकाको प्रकरण नं. ६ बाट देखिन्छ । यसरी परिचयपत्रको आधारमा सरकारले द्वन्द्वपीडित व्यक्तिलाई राहत तथा आर्थिक सहयोगलगायतका सेवा सुविधा प्रदान गर्ने उद्देश्यले परिचयपत्र वितरण गर्न लागेको देखिँदा उक्त परिचयपत्र पीडित व्यक्ति तथा परिवारलाई लाभको आधार बन्न जाने देखिन्छ । मन्त्रिपरिषद्ले घोषणा गरेको नीति अर्थात् स्वीकृत गरेको निर्देशिका आफैँमा नीति हुने र त्यसको आधारमा क्षतिपूर्ति, सेवा सुविधा आदिलाई प्रभावित गर्ने खालको छ भने त्यसको परिणाम छैन भन्न नमिल्ने ।

मन्त्रिपरिषद्ले गर्ने कुनै निर्णय चाहे त्यो प्रशासनिक नै किन नहोस् त्यसले कानूनको सीमालाई ध्यान राख्नै पर्छ । मन्त्रिपरिषद्को निर्णय स्वयं पनि कानूनको सीमाबाहिर पर्दैन । परिचयपत्र निर्देशिका नेपाल सरकारको निर्णयद्वारा जारी भएको र त्यसको आधारमा द्वन्द्वबाट पीडित व्यक्ति वा निजको परिवारलाई सुविधा वा लाभ वितरण हुन्छ भने वा त्यसको आधार बनाइन्छ भने त्यसबाट सिर्जित परिणामको खराबीको उपचार माग गर्न संविधानको धारा १०७(२) को सहारा लिन नसकिने भन्ने नहुने ।

प्रस्तुत निर्देशिका धारा ३३ को खण्ड (त) सँग र विस्तृत शान्ति सम्झौतासँग सम्बन्धित देखिएको र निर्देशिकाअन्तर्गत जारी हुने परिचयपत्रबाट आर्थिक सेवा सुविधा प्रदान गर्ने दृष्टिकोण लिएको र त्यसबाट हक अधिकारको उपभोगमा प्रमाणित गर्ने दृष्टिकोण लिइन्छ । त्यसबाट समानतालगायतको हक प्रभावित हुन सक्ने भई उपचारको रिटमा विचार गर्न मिल्दैन भन्न मनासिब हुँदैन । साथै सरकारको निर्णय एवम् काम कारवाही संविधान एव प्रचलित कानूनविपरीत हुन्छ र त्यसबाट व्यक्तिको हक अधिकारमा प्रतिकूल असर पर्न जान्छ भने त्यस विरूद्ध उपचार खोज्न नमिल्ने भन्न नमिल्ने ।

विवादित परिचयपत्र निर्देशिका, २०६९ को नाम र त्यसमा उल्लिखित राजनैतिक द्वन्द्व, मृत्युवरण गरेका तथा माओवादी जनयुद्ध, लगायतका शब्दावलीहरू राखी परिचयपत्र दिने गरी भएका निर्णयहरू नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौतासमेतको विपरीत भएकोले उक्त शब्दहरू उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी निवेदकहरूले चुनौती दिएको देखिन्छ । मिति २०६९।११।४ मा जारी भएको विवादित परिचयपत्र निर्देशिका, २०६९ को दफा २ को परिभाषा खण्डमा “राजनीतिक द्वन्द्व” भन्नाले माओवादी जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश / तराई आन्दोलन, जनजाति आन्दोलन, थरूहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन, चुरेभावर आन्दोलन, र

अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनलाई जनाउनेछ भनी परिभाषित गरिएको पाइन्छ । यसैगरी परिचयपत्र लिनका लागि भर्नुपर्ने निर्देशिकाको अनुसूची २ बमोजिम निवेदनको ढाँचामा चिह्न लगाउनका लागि राजनीतिक आन्दोलनको विवरणअन्तर्गत (क) मा "माओवादी जनयुद्धलाई राखिएको देखिन्छ । उक्त व्यवस्था संविधानको भावनाअनुकूल छ छैन भनी हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (त) (थ) (द) र (ध) मा राज्यको दायित्वसम्बन्धी देहायको व्यवस्था रहेको पाइन्छ :

(त) सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने,

(थ) सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने,

(द) सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निमाण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने,

(ध) सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने ।

यसरी संविधानको उपरोक्त व्यवस्थाबाट सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका वा मारिएका व्यक्तिहरूको पीडित परिवारहरूलाई राहत दिनुपर्ने राज्यउपर दायित्व निरोपित गरेको देखिन्छ भने विगतको सशस्त्र द्वन्द्वलाई विवादित परिचयपत्र निर्देशिकामा उल्लेख भएजस्तै "राजनीतिक द्वन्द्व र माओवादी जनयुद्ध" जस्ता शब्दहरूको प्रयोग गरी सम्बोधन गरेको पाइँदैन । साथै विवादित निर्देशिकाले समग्ररूपमा राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा बेपत्ता पारिएका व्यक्ति भनी उल्लेख गरेको देखिन्छ । यसैगरी उक्त विवादित निर्देशिकामा प्रयुक्त "मृत्युवरण "शब्दले मारिएको भन्ने स्पष्ट गर्ने नदेखिने ।

विगतको सशस्त्र द्वन्द्वको क्रममा सर्वसाधरण नागरिकसमेत मारिएका वा बेपत्ता पारिएका छन् । जसअनुसार निर्देशिकाले पीडक र पीडितबीचको फरक व्यवहार देखाउन सकेको देखिँदैन । यसले गर्दा द्वन्द्व पीडितलाई दिन लागेको परिचयपत्र पीडकले समेत प्राप्त गर्ने देखिन्छ जुन न्यायोचित हुँदैन । युद्धरत पक्ष विपक्षबाट अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानूनको व्यापक उल्लङ्घनद्वारा निर्दोष पक्षका उपर पुर्‍याएको शारीरिक, मानसिक, आर्थिक क्षति, मौलिक अधिकारको उल्लङ्घन वा भावनात्मक पीडा पुर्‍याइएका व्यक्तिहरूलाई पीडित मान्न सकिन्छ । सोअन्तर्गत पीडकलाई समावेश गर्न सकिँदैन । पीडक अर्थात् मानव अधिकारको गम्भीर उल्लङ्घनकर्तालाई न्यायको दायरामा ल्याइनु पर्ने विधिशास्त्रीय अवधारणा विपरीत पीडितसरह नै समान व्यवहार गरिनु न्यायोचित हुँदैन । द्वन्द्वकालका पीडितको विशिष्ट पहिचान गर्ने आधारहरू सुनिश्चित नगर्ने हो र पीडित र पीडक सबैलाई द्वन्द्वको नाताले समान व्यवहार गर्ने

हो भने पीडितप्रतिको राज्यको व्यवहार सम्मानजनक, यथार्थपरक र न्यायोचित हुन नसक्ने ।

निर्देशिकाको उद्देश्य द्वन्द्व कालका सबैलाई पीडित मान्ने हो भने त्यो फरक कुरा हो । उल्लिखित निर्देशिकाको समग्र अध्ययनबाट सशस्त्र द्वन्द्वबाट पीडितले मात्र होइन पीडकले पनि परिचयपत्र लिन सक्ने ।

संक्रमणकालीन न्यायको सही र इमान्दार कार्यान्वयन गर्ने क्रममा सम्बद्ध विषयहरूको कानूनी, संस्थागत, प्रक्रियात्मक, उपचारात्मक र राहतमूलक कतिपय व्यवस्थाहरूको एकमुष्ट तर्जुमा गर्नु र लागू गर्नु जरूरी हुन्छ । बदलाको भाव वा अपराध ढाकछोप गर्ने उद्देश्यले कुनै नीति वा कानूनको तर्जुमा गर्नु वा सहीरूपमा बन्नुपर्ने नीति वा कानूनको निर्माण वा कार्यान्वयनलाई अबरोध गर्नु बिडम्बनापूर्ण कुरा हुन्छ । नितान्त न्याय र विवेकसङ्गत तवरले समाजको चाहनाको सम्बोधन गर्ने हिसाबले दीर्घकालीन लक्ष्य लिई कानून र न्याय प्रणालीको सञ्चालन गर्न सकिएन भने समाज निरन्तर द्वन्द्वमा फसिरहने हुँदा विकास र सभ्यताको मार्गमा अग्रसर हुन असम्भव हुने ।

द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घनका पीडितहरू आफूउपर भएको अन्याय विरूद्धको उपचार पाउने हकदार हुन् । तसर्थ पनि द्वन्द्व पीडित व्यक्तिहरूको लागि ल्याइएको भनिएको निर्देशिका र त्यसमा रहेका प्रावधानहरूलाई पीडितले सुरूमै आपत्ति जनाइसकेको अवस्थामा त्यस्तो चाहनालाई सिधै इन्कार गर्न पनि सकिँदैन । सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका वा मारिएका पीडितहरूलाई माओवादी जनयुद्धमा मारिएको भनी परिचयपत्र लिन बाध्य पारिने हो भने आफ्नै विरूद्धको कार्यको गौरवीकरण गर्न पीडितलाई बाध्य पारिएको अवस्था सिर्जना हुन जान्छ । सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई निजको इच्छा विरूद्ध माओवादी जनयुद्धबाट पीडित भन्नु विरोधाभाषपूर्ण हुन्छ । यसबाट पीडित झन् पीडित बन्न जाने देखिन्छ । माओवादी पक्ष स्वयं पीडित भएको भए त्यसको लागि उनीहरूलाई स्वीकार्य फरक शब्द प्रयोग हुन सक्ने ।

नेपालको अन्तरिम संविधान, २०६३ ले सशस्त्र द्वन्द्वको कारण द्वन्द्वरत पक्षहरू, राज्य तथा तत्कालीन विद्रोही पक्षबाट पीडित भएका व्यक्तिलाई र नेपालको विभिन्न आन्दोलनमा संलग्न समूहहरूलाई एकै स्तरमा सम्बोधन गर्ने भनेको छैन । मुलुकमा भएको सशस्त्र द्वन्द्वका क्रममा मारिएका वा बेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारको पहिचान गरी सम्बन्धित परिवारलाई सरकारको तर्फबाट उपलब्ध हुने विभिन्न सेवा सुविधा प्रदान गर्न सहज होस् भन्ने उद्देश्यले उक्त निर्देशिका बनेको देखिँदा द्वन्द्व पीडितले अपनत्त्व ग्रहण गर्ने खालको निर्देशिका बन्नु पर्ने जरूरी देखिन्छ । छुट्टाछुट्टै आन्दोलनका पीडितलाई समेट्ने गरी छुट्टाछुट्टै विषयको छुट्टै परिचय खुल्ने गरी निर्देशिका जारी गर्नु व्यवहारिक एवम् न्यायोचितसमेत हुने देखिने ।

नेपालको अन्तरिम सविधान, २०६३ को धारा ३३ (त) मा सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने, (थ) मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने र (द) मा सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निमाण गर्न विशेष

कार्यक्रम सञ्चालन गर्नेसमेतको सवैधानिक प्रावधान राखिएको देखिन्छ। तर विपक्षी नेपालसरकारले जारी गरेको प्रस्तुत निर्देशिकामा प्रयुक्त भाषा नेपालको अन्तरिम संविधान, २०६३ को भावना अनुसार भएको देखिएन । प्रस्तुत निर्देशिकामा सवैधानिक दायित्वअनुरूपको भाषा तथा उद्देश्य नदेखिएको हुँदा मन्त्रिपरिषद्को मिति २०६९।११।४ को निर्णयबाट जारी भएको उक्त "राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा बेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचयपत्रसम्बन्धी निर्देशिका, २०६९" संविधानको भावना तथा मर्मअनुरूपको देखिन नआउने।

अतः उक्त "राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा बेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचयपत्रसम्बन्धी निर्देशिका, २०६९" मा पुनरावलोकन गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा प्रयोग भएका शब्द र भावनाअनुरूप जुन आन्दोलन वा संघर्ष हो त्यसको स्पष्ट किटान गरी मानव अधिकारको उल्लङ्घनबाट पीडित हुन पुगेको स्थिति देखिने गरी निर्देशिका जारी गरी परिचयपत्र प्रदान गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल भदौ ९ गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७१-WO-०७३६, उत्प्रेषण, *पार्वती नेपाली वि. महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरसमेत*

जहाँसम्म लोग्ने स्वास्नीबीचको नातासम्बन्ध र सोबाट सिर्जना हुने अंश हकको विषय न्याय निरूपणको विषय हो । सक्षम क्षेत्राधिकार भएको अदालतबाट अंशबन्डाको विषयमा एकपटक ठहर फैसला भई अन्तिम भई बसेको फैसलालाई प्रभाव पार्ने गरी अन्य निकायबाट निर्णय वा ठहर गर्नसक्ने कुनै कानूनले अधिकार दिएको देखिँदैन । निवेदक र विपक्षीमध्येका नरबहादुर नेपालीका बीचमा लोग्नेस्वास्नी भएकोले अंशबन्डा हुने ठहर भइसकेपछि विपक्षी प्रहरी कार्यालयले कागज गराउन र सो फैसलाको मर्मविपरीत कुनै कार्य गर्न सक्ने अवस्था आउँदैन। र त्यस्तो किसिमबाट कुनै कागज रहे भएको भए त्यस्तो कागजले प्रमाणको रूपमा मान्यतासमेत पाउन सक्ने देखिँदैन । लोग्नेस्वास्नी बीचको अंशबन्डा र नाता सम्बन्धको विषयमा साधारण अधिकारक्षेत्रअन्तर्गत निरूपण हने हुँदा रिट क्षेत्राधिकार ग्रहण गरी अदालतले आदेश दिनसक्ने अवस्था पनि रहँदैन। त्यसरी आदेश दिँदै जाने हो भने मातहत अदालतको क्षेत्राधिकार सङ्कुचन हुन जाने अवस्था उत्पन्न हुने।

माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूबाट अंश र नातासम्बन्धजस्तो विषयमा उत्प्रेषणको रिट निवेदनबाट आदेश जारी गर्न मिल्ने नदेखिँदा उक्त रिट निवेदन खारेज हुने ठहर्छ। आदेश जारी गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ २१ गते रोज ५ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-WO-०९८४, उत्प्रेषण / परमादेश, *रविन शाक्य वि. नेपाल बंगलादेश बैङ्क लि. प्रधान कार्यालयसमेत*

नेपाल बंगलादेश बैङ्क लि. कर्मचारी

सेवा शर्त विनियमावलीको उल्लिखित व्यवस्थाले बैङ्कको कुनै ग्राहकबाट उपहार वा सौगात स्वीकार गर्न नहुने आचरणगत व्यवस्था गरेको भए पनि यी निवेदकले उपहार वा सौगात लिएको हो भन्ने तथ्ययुक्त आधार विपक्षी बैङ्कले दिन सकेको छैन। निवेदकले खरिद मूल्य तिरी गाडी खरिद गरेको भनी लिएको दाबीलाई विपक्षी बैंकले अन्यथा पुष्टि गर्न सकेको देखिँदैन। यसरी तथ्यबाट पुष्टि हुन नसकेको आरोपलाई सही र सत्य मान्न सकिँदैन। कानूनमा उल्लेख भएका व्यवस्थाहरूको ठिक विपरीतका काम कारवाही र आचरण कर्मचारीबाट भएको भन्ने प्रष्ट नभएसम्म विभागीय कारवाही र सजाय गर्न मिल्दैन। निवेदकलाई हटाउन आधार मानिएको ऋणी गोकुल डाइट फुड इन्डस्ट्रिज प्रा.लि. लाई ऋण लगानी निवेदकले गरेको हो भन्ने देखिँदैन। निवेदक विराटनगर शाखामा कार्यरत रहँदा उक्त कर्जा असुली भइसकेको छ भनी लिएको जिकिरलाई विपक्षीले होइन भनी खण्डन गर्न सकेको देखिँदैन। साथै निवेदकको काम कारवाहीबाट बैङ्कलाई यो यति रकम हानि नोक्सानी भएको छ भनी विपक्षीले भन्न सकेको छैन। निवेदकले खरिद मूल्य तिरी गाडी खरिद गरेको होइन भन्ने पुष्टि नभएकोमा गाडी खरिद गर्दा ऋणीलाई बैंकिङ स्रोतबाट भुक्तानी गरेको नदेखिएकोले उपहार लिएको हो भन्नेजस्ता असम्बन्धित र कल्पित आधार खडा गरी अवकाशको सजाय गर्न मिल्दैन। कर्मचारीलाई सेवाबाट हटाउनेजस्तो गम्भिर प्रकृतिको कारवाही गर्दा उक्त कारवाही कानूनद्वारा निर्धारित शर्त पूरा भई गरेको हो भन्ने देखिनु पर्ने।

आफूलाई अवकाश दिएउपर फरक फरक कर्मचारीले फरकफरक जिकिर लिई सञ्चालक समितिसमक्ष पुनरावेदन गरेकोमा सञ्चालक समितिले निर्णय गर्दा के कति कारणले अवकाश दिएको निर्णय सही छ भनी कानूनी र तथ्यगत विवेचना गरी फरक फरक निष्कर्षमा पुग्नुपर्नेमा त्यसविपरीत निर्णय निरूपणका आधार कारणहरू नखुलाई एकमुष्टरूपमा सदर गरेको देखिन्छ। यसरी निवेदकको पुनरावेदनउपर सबुद प्रमाणको मूल्याङ्कन गरी वस्तुनिष्ठरूपमा निष्कर्षमा पुगेको देखिएन। आफू निर्णयमा पुग्नको तर्कसङ्गत आधार र कारण उल्लेख नगरी भएको निर्णयमा न्यायिक मन प्रयोग भएको भन्न मिल्दैन। प्राकृतिक न्यायको सिद्धान्तविपरीतका यस्ता यन्त्रवत निर्णयहरूले कानूनको नजरमा वैधता प्राप्त गर्न सक्दैन। कारणसहितका निर्णय मात्र मान्य हुने न्याय र कानूनको मान्य सिद्धान्तकै रूपमा रहेको पाइने।

आफू रोजगारदाता भएको नाताले निवेदकको पुनरावेदन सोझै सदर गर्न मिल्छ भन्न मिल्दैन। साथै आफ्नो अवकाशको निर्णय कति कारणले सञ्चालक समितिबाट सदर भएको हो भन्ने कुरा थाहा पाउने हक कर्मचारीमा पनि रहने।

अतः माथि विवेचित आधार कारणबाट निवेदकलाई अवकाश दिने प्रमुख कार्यकारी अधिकृतको मिति २०७१।११।२६ को निर्णय र सो निर्णयलाई सदर गरेको सञ्चालक समितिको मिति २०७२।०१।०६ निर्णयलगायत निवेदकलाई अवकाश दिनेसम्बन्धी कामकारवाही नेपाल बंगलादेश बैङ्क लि., कर्मचारी सेवा शर्त विनियमावली, २०६३ का साथै प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। निवेदकलाई पूर्ववत बैङ्कको सेवामा रही कामकाज गर्न दिनु र निवेदकले पाउने तलब भत्तालगायतका सुविधा दिनु भनी विपक्षीका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७२ साल फागुन ११ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-CR-००५४, भ्रष्टाचार, *शम्भुप्रसाद शर्मा वि. नेपाल सरकार*

वस्तुत: प्रतिवादीले पेस गरेको इन्टरमिडियट उत्तीर्ण गरेको भनेको प्रमाणपत्रलाई सो जारी गर्ने निकायबाट आधिकारिक नभएको भनी प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा र विशेष अदालतको आदेशानुसार बुझ्ने आदेश हुँदासमेत जवाफ प्राप्त भएको देखिन्छ । प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा भारतको इलाहवाद माध्यमिक शिक्षा परिषद्मा पत्राचार गर्दा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरमार्फत गरिएको देखिन्छ । उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर कानूनबमोजिम स्थापित भएको सरकारी संस्था भएको भन्ने कुरामा विवाद छैन । विदेशबाट प्राप्त गरिएको उच्च माध्यमिक तहको शैक्षिक प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा प्रश्न उठेको अवस्थामा त्यस्तो प्रमाण पत्रको आधिकारिकताको लागि पत्राचार गर्ने नेपालको निकाय भनेको उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर नै हो । सो परिषद्बाट गरिएको पत्राचारमार्फत प्राप्त भएको जवाफउपर शङ्का गर्नुपर्ने वा अविश्वास गर्नुपर्ने कुनै कारण छैन । प्रतिवादीले पेस गरेको सोही भारतीय परिषद्बाट लेखिएको भनेको पत्र उच्च माध्यमिक शिक्षा परिषद्, भक्तपुरमार्फत बुझिएको वा प्राप्त भएको नभई प्रतिवादीले व्यक्तिगतरूपमा प्राप्त गरेको भन्ने देखिएकोले त्यसरी व्यक्तिगतरूपमा प्राप्त गरेको सो पत्रलाई आधिकारिक मान्न मिल्ने नहुँदा त्यस्तो लिखतलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन । प्रतिवादीको शैक्षिक योग्यताको आधिकारिकता सम्बन्धमा नेपाल सरकारको आधिकारिक सरकारी निकायबाट भएको पत्राचारको प्रक्रिया कानूनबमोजिम नै भएको देखिएकोले उक्त प्रक्रियाका सम्बन्धमा प्रतिवादीले लिएको जिकिर मनासिब देखिन आएन । यस अवस्थामा प्रतिवादीले राष्ट्रसेवकको पदमा बढुवा पाउने उद्देश्यले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्टा एवम् नक्कली देखिएको भनी प्रतिवादीलाई सजाय गर्ने ठहर्‍याएको विशेष अदालतको फैसला मनासिब देखिन आउने ।

उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादीले बढुवा प्रयोजनका लागि पेस गरेको भारतको इलाहवाद माध्यमिक शिक्षा परिषद्बाट प्राप्त गरेको भनेको शैक्षिक योग्यताको प्रमाणपत्र आधिकारिक नभई नक्कली भएको देखिन आएकोले प्रतिवादीलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को १२ को कसुर गरेको ठहर्‍याई दफा २९(२) बमोजिम रू.५००।– जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६९।१।२० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०७०-CI-०२३१, लेनदेन, *अम्बिका विष्ट वि. विवेक विष्ट*

वस्तुतः वादी प्रतिवादीहरूबीच भएको मिति २०५७।७।६ को कपाली तमसुकको लिखत साक्षी र प्रतिवादीले वादीलाई रकम बुझाउँदा गरिदिएको भरपाईका लिखत साक्षीसमेत रहेका दामोदर अवस्थीले अदालतमा आई बकपत्र गर्दा प्रतिवादी विवेक विष्टले वादी अम्विका विष्टबाट कर्जा लिएको ठिक साँचो हो, उक्त तमसुक आफूले लेखेको, विभिन्न मितिमा वादीले प्रतिवादीबाट पैसा बुझेका हुन् र उक्त भरपाई

पनि आफूले लेखेको हो भनी वादी प्रतिवादीबीच समय समयमा भएको लेनदेन व्यवहारलाई पुष्टि हुने गरी अदालतमा बकपत्र गरेको देखिन्छ। प्रतिवादीद्वारा पेस गरिएका भरपाई कागजहरू परीक्षणका लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाउँदा उक्त भरपाईमा परेको शिरको बायाँतर्फको ल्याप्चे सही वादीको नमूना ल्याप्चेसँग मिले भिडेको भनी राय प्राप्त भएको देखिन्छ । यस अदालतको आदेशानुसार प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम लिखत परीक्षण गर्ने विशेषज्ञको बकपत्र भएकोमा विवादित लिखतमा लागेको शीरको ल्याप्चेहरू वादीको नमूना ल्याप्चसँग मेल खाएको भन्ने कुरा उल्लेख गरी आफ्नो परीक्षण प्रतिवेदनको व्यहोरालाई समर्थन गरेको देखिन आउने।

पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले विवादित लिखत लिफामा लेखिएको भनी बहसको क्रममा दाबी गरेको देखिए पनि वादीले उक्त लिखत सम्बन्धमा बयान गर्दा उक्त कुराको दाबी लिन सकेको देखिँदैन। त्यसका अतिरक्त उक्त लिखत लिफामा लेखिएको भन्ने कुराको वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको छैन। लिखत लेख्ने व्यक्तिले साक्षीको रूपमा अदालतमा बकपत्र गर्दा रकम बुझाई भरपाई लेखिएको भन्ने उल्लेख गरेको र सो भरपाईको ल्याप्चे वादीकै नमूना ल्याप्चेसँग मेल खाएको भनी विशेषज्ञले परीक्षण प्रतिवेदन दिई सोही व्यहोराको बकपत्र गरेको सन्दर्भमा रकम बुझाएको उक्त भरपाईलाई अन्यथा भन्न मिल्ने अवस्था नहुँदा पुनरावेदक वादी तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादीले वादीलाई गरिदिएको कपाली तमसुक र वादीले रकम बुझी प्रतिवादीलाई दिएको भरपाई कागजसमेतका लिखत साक्षीको अदालतसमक्षको बकपत्र तथा विधि विज्ञान प्रयोगशालाको रेखा जाँच विशेषज्ञको प्रतिवेदन र बकपत्रसमेतबाट प्रतिवादीद्वारा पेस गरिएका भरपाई कागजहरू वादीलाई झुक्याई जालसाजपूर्वक खडा गरिएका वा लिफामा तयार गरिएका हुन भनी भन्न सकिने अवस्था नदेखिँदा वादी दाबी नपुग्ने गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको मिति २०६८।१०।५ को फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६९।९।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-CI-०९६२, सम्झौता अवधि थप गरिपाउँ, *धर्मेन्द्रकाजी श्रेष्ठ वि. नेपाल विद्युत् प्राधिकरण*

वस्तुतः पुनरावेदक र प्रत्यर्थीबीच भएको करारको दफा १४ मा करारको अवधि एकवर्षपछि स्वतः नवीकरण हुने नभई यी पुनरावेदकको कार्य सन्तोषजनक भएको हुनुपर्ने भन्ने शर्त रहेको छ । पुनरावेदक वादीको कार्य सन्तोषजनक भए नभएको भन्ने कुराको मूल्याङ्कन यी पुनरावेदक आफैँले गर्ने भन्ने उक्त सम्झौतामा उल्लेख छैन । सम्झौता नवीकरण हुन वादीको कार्य सन्तोषजनक हुनुपर्ने र सन्तोषजनक भए नभएको कुरा मूल्याङ्कन प्रतिवादीले गर्ने हुन्छ। उक्त दफा १४ को व्यवस्थाले पुनरावेदक वादीको हक अधिकार स्थापित गरेको र प्रत्यर्थी प्रतिवादीउपर दायित्व सिर्जना गरेको भन्ने देखिँदैन। वादी प्रतिवादीबीच भएको करारको अवधि एक वर्षको लागि भएको र करार नवीकरण हुनुपर्ने बाध्यात्मक दायित्व प्रतिवादीउपर रहेको नदेखिएको

अवस्थामा उक्त सम्झौतालाई स्वतः थप अवधिका लागि निरन्तरता दिन पाउने भन्न मिल्ने हुँदैन । यस अवस्थामा वादी दाबी पुग्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला नमिलेको भनी उल्टी गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिबै देखिन आउने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट पुनरावेदक र प्रत्यर्थीबीच भएको मिति २०६७।९।२२ को करारको दफा १४ मा भएको व्यवस्थाले प्रत्यर्थी प्रतिवादी प्राधिकरणउपर बाध्यात्मक दायित्व एवम् वादीउपर करारीय हक सिर्जना भएको भन्न नमिल्ने हुँदा उक्त सम्झौताको दफा १४ को आधारमा करार अवधि नवीकरण गरेको सुरू फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

९

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-CR-०८६४, वैदेशिक रोजगारसम्बन्धी कसुर, *नेपाल सरकार वि. पहलमान तामाङ*

वादी पक्षले पेस गरेको उक्त लिखतहरू प्रतिवादी पहलमान तामाङ ऋणी र जाहेरवालाहरू धनी भई लेनदेन व्यवहार गरेको भन्ने देखिन्छ । वादी पक्षको दाबीबमोजिम जाहेरवालालाई बिनाइजाजत वैदेशिक रोजगारीमा लगाउने उद्देश्यले रकम लिई विदेश नपठाएको वा तत्सम्बन्धमा कुनै प्रकारको ठगी गरेको भन्ने देखिएको छैन । त्यसका अतिरिक्त वादी पक्षले आफ्नो अभियोग दाबी पुष्टि गराउन जाहेरवालालाई उपस्थित गराई बकपत्र गराउन सक्नुपर्नेमा जाहेरवालाहरू बकपत्र गर्न उपस्थित भएको नदेखिँदा प्रतिवादीले वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको भन्न मिल्ने अवस्था देखिन आएन । प्रतिवादीले जाहेरवालाहरूलाई गरिदिएको लेनदेन व्यवहारको विषयमा जाहेरवालाको नालिस परेका बखत कानूनबमोजिम हुने भई विशुद्ध लेनदेनको विषयमा वैदेशिक रोजगार ऐनअन्तर्गतको कसुरभित्र पर्ने नदेखिँदा अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब देखिन आउने ।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट जाहेरवाला र प्रतिवादीबीच भएको विशुद्ध लेनदेनको विषयमा वैदेशिक रोजगार ऐनबमोजिमको कसुरको मागदाबी लिई अभियोग पत्र दायर भएको अवस्थामा अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधीकरणको मिति २०६९।९।२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

१०

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०७०-CR-०९६२, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. प्रकाश थापासमेत*

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ को व्यवस्थालाई हेर्दा इजाजतप्राप्त संस्थाले वैदेशिक रोजगारमा वैदेशिक रोजगार विभागबाट स्वीकृत नलिई कामदार विदेश पठाएको वा कसैलाई वैदेशिक रोजगारमा पठाई दिन्छु भनी झुट्टा आश्वासन दिई वा प्रलोभन देखाई पठाएकोमा कसुर हुने भन्ने कुरा

उल्लेख भएको अवस्थामा यी प्रतिवादीले उक्त कसुर गरेको भन्ने देखिन आउँदैन । स्पिड इम्प्लोइमेन्ट सर्भिसका सञ्चालक प्रतिवादी शन्तकुमारी गुरूङलाई प्रतिवादी प्रकाश थापाले बयानका क्रममा यी प्रतिवादी सञ्चालक भएको मेनपावरमा काम गर्ने माया तामाङले इमेल खोलिदिएको र सोही इमेलबाट निजै माया तामाङले विभिन्न कागजतहरू स्क्यानिङ गरी पठाइदिने गरेको भनी पोल गरेको आधारबाट यी प्रतिवादीउपर अनुसन्धान भएको देखिन्छ । माया तामाङ भन्ने व्यक्तिलाई अनुसन्धानको क्रममा बुझ्नेसम्मको कामसमेत वादी पक्षबाट भए गरेको पाइँदैन । यी प्रतिवादीले बयान गर्दा माया तामाङलाई चिनेको छैन, निज कम्पनीको कर्मचारी होइन, सो नामको व्यक्तिसँग कुनै कारोबार छैन । प्रतिवादीहरू रामविनय र प्रकाश थापालाई पनि चिनेको छैन । आफ्नो कम्पनीबाट कुनै बंगलादेशी नेपाली राहदानी प्रयोग गरी कुनै मुलुक गएको छैन । मिसिल संलग्न राहदानी, भिषालगायतका कागजातहरूबारे आफूलाई केही थाहा छैन भनी बयान गरेको पाइन्छ । मिसिल संलग्न कागजातबाट यी प्रतिवादीले कसुर गरेको भन्ने पुष्टि नभएकाले निजको उक्त इन्कारी बयान प्रमाणमा लिन मिल्ने देखिन आउने ।

अतः प्रतिवादीहरूले आरोपित कसुर गरेको कुरा ठोस सबुद प्रमाणबाट पुष्टि भएको नदेखिँदा प्रतिवादीहरू प्रकाश थापा र रामविनय यादवलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम र प्रतिवादीहरू चित्रगुप्त सावाँ र शन्तकुमारी गुरूङलाई ऐ. ऐनको दफा ४४ बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिँदा निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।११।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-WO-११९०, उत्प्रेषण, *गीतादेवी जयसवालसमेत वि. भजन राय यादवसमेत*

मिति २०५८।१।१० मा भएको कपाली तमसुक पछि २०६१ सालमा विपक्षी गितादेवीसमेत बीच अंश बन्डाको लिखत भएको भन्ने देखिन्छ । उक्त कानूनी व्यवस्थानुसार कपाली तमसुक हुँदा एकासगोलमा रहेको व्यक्तिहरूको पति पिताले लिएको ऋण पछि भिन्न भएको भन्ने आधारमा तिर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउने भन्ने देखिन आएन । यसरी मिति २०५८।१।१० मा भएको तमसुकभन्दा पछि बन्डा पत्र भएको र पछि भएको बन्डापत्रले अघि भएको लिखतबमोजिमको दायित्वलाई प्रभावित तुल्याउन सक्छ भन्नसमेत मिल्ने देखिएन । ऋण खाँदा सगोलमा रही कपाली तमसुकअनुसारको ऋण तिर्नु बुझाउनु पर्ने दायित्व सिर्जना भइसकेपछि छोरा र श्रीमतीलाई बन्डा छुट्याइएको कारणले मात्रै निजहरूसमेतको सम्पत्तिबाट सो ऋण असुलउपर गर्न कुनै बाधा पर्ने नदेखिने ।

घरको मुख्यले गरेको व्यवहार वा एकाघरको उमेर पुगेका अरूले गरेकोमा मुख्य जानकारको पनि सहीछाप वा लिखत भएको व्यवहार गोश्वारा धनबाट चल्छ भनी घरको मुख्य व्यक्तिले लिएको ऋणको

दायित्व अन्य अंशियारसमेतले बेहोर्नु पर्ने भन्ने कानूनी व्यवस्था मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. मा रहेको देखिन्छ। उपरोक्त कानूनी व्यवस्थाबाट रिट निवेदकका पति पिता घरको मुख्य व्यक्ति देखिएको, घरको मुख्य व्यक्तिले लिएको लिखतबमोजिमको ऋण सगोलमा रहे भएका अन्य अंशियारहरूको गोश्वारा सम्पत्तिबाट साहुले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी लिन पाउने नै देखिन आएकोले यस प्रक्रियाबाट रिट निवेदकहरूको कानूनी तथा संवैधानिक हकमा आघात परेको भन्न मिल्ने नदेखिने।

माथि विवेचित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा रिट निवेदकका नाउँ दर्ताको जग्गा फुकुवा नहुने गरी बारा जिल्ला अदालतबाट मिति २०६६।१२।१३ मा भएको आदेश सदर हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।३।३ मा भएको आदेश उत्प्रेषणको आदेशबाट बदर गरिरहनु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल चैत २२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WH-००३४, बन्दीप्रत्यक्षीकरण, *जीवन पीठामगर वि. महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेत*

निवेदकले निवेदनमा नै जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंबाट मउपर मुद्दा चलाउने भनी निर्णय गरी मिति २०७२।६।२२ गते ०७२-CR-०५७२ नकबजनी चोरी मुद्दामा अभियोगपत्र दायर गर्नु भएको र मलाई धरौट माग गरिएकोमा धरौट तिर्न नसकेको कारणले मलाई हाल विपक्षी कारागार कार्यालयमा थुनामा राखिएको छ भनी उल्लेख गरेको देखिन्छ। नेपालको संविधानको धारा १५८(२) र (७) अनुसार नेपाल सरकारको तर्फबाट कसैउपर मुद्दा चलाउने नचलाउने अधिकार महान्यायाधिवक्ताको हुने र निजले उक्त अधिकार मातहतको सरकारी वकिललाई प्रत्यायोजन गरेको अधिकारअन्तर्गत जिल्ला सरकारी वकिल कार्यालयले मउपर चलाएको मुद्दा संविधानसम्मत छैन भनी दाबी गरे पनि महान्यायाधिवक्ता निवेदकले दाबी गरेजस्तो नयाँ र पुरानो भन्ने नहुने र मिति २०७२।६।३ मा नेपालको संविधान लागू भएपश्चात् महान्यायाधिवक्ताले सोही मितिमा नै आफूलाई प्राप्त अधिकार मातहत सरकारी वकिललाई प्रत्यायोजन गरी प्रत्यायोजित अधिकारअन्तर्गत जिल्ला सरकारी वकिलले निवेदनउपर मुद्दा चलाइएको देखिएको छ। अत: विपक्षीहरूको लिखित जवाफ एवम् निवेदकको निवेदन व्यहोराबाट निवेदक गैरकानूनी थुनामा रहेको नदेखिई निवेदकलाई Lawfull Detention मा राखेको देखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्थाको विद्यमानता देखिन आएन। Unlawfull Detention मा मात्र बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हुँदा निवेदक कानूनबमोजिम अदालतले तोकेको धरौटी बुझाउन नसकी थुनामा रहेको देखिँदा यस्तो अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-१०५२, लिखत दर्ता बदर दर्ता, *पुनमदेवी ठाकुर वि. अजयकुमार ठाकुर*

प्रतिवादी निरोखियादेवीले मिति २०६२।८।२३ मा पुनमदेवी ठाकुरलाई गरिदिएको राजीनामाको लिखतपछि कि.नं. ६४६ कित्ताफोड भई कायम कि.नं. ८२० को ०-१-९ 1/2 घरलगायतका जग्गा मिति २०६२।८।२४ मा प्रत्यर्थी वादी अजयकुमारले हालैको बकसपत्रको लिखतबाट पारित गरिलिएको कुरा मिसिल संलग्न लिखतको प्रतिलिपिबाट देखिन्छ । यसरी वादी अजयकुमार निजका दाजु विजयकुमार र प्रतिवादी निरोखिय देवीसमेत गरी तीनजना अंशियारहरू देखिएको र निजले ०-१-९ 1/2 जग्गा आमाबाट हालैको बकसपत्र गरी पाइसकेपछि पुनरावेदक प्रतिवादी पुनम देवी ठाकुरलाई निरोखिया देवीले गरिदिएको लिखतबाट निजको हक जाने देखिएन । सो लिखतमा अर्का अंशियार विजयकुमारले साक्षी बसी सहिसमेत गरेको र यी वादीले आफ्नो अंश हक भन्दा बढी नै जग्गा बकसपत्रकाट लिइसकेको अवस्थामा सुरु धनुषा जिल्ला अदालतले तीन भागको एकभाग लिखत दर्ता बदर गरी वादीका नाउँमा दर्ता हुने ठहर्‍याई मिति २०६५।५।४ मा गरेको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।५।२१ को फैसला मिलेको देखिन नआउँदा उल्टी भई वादी दाबी नपुग्ने ।

शाखा अधिकृत: रामु शर्मा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल चैत २८ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CR-०८४४, ०९२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नारायण परियार, नारायण परियार वि. नेपाल सरकार*

प्रतिवादीले ज्यानसम्बन्धीको महलको ६ नं. अनुरूप हुनुपर्छ भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । रक्सी खाएर आई घरमा रहेकी श्रीमतीलाई सँगै रहेकी सानी आमा विष्णु परियारले रोक्दा रोक्दै पनि नमानी दाउरा जस्तो वस्तुले मृतकको संवेदनशील अङ्ग घाँटीमा प्रतिवादीले प्रहार गरेको अवस्था छ । तेस्रो पक्षको हस्तक्षेपलाई अटेर गरी जबरजस्ती दाउराले प्रहार गरेको कार्यमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६ नं. आकर्षित हुने होइन । होस नपुर्‍याई रक्षा शिक्षाका खातिर गरेको कार्य वा अरू नै कुनै कार्य गर्दा केही गरी कसैको ज्यान गएमा मात्र ज्यानसम्बन्धीको महलको ५ नं. अनुरूप भवितव्य हुने हो । भवितव्य हुनको लागि आफूले गरेको कार्यबाट कसैको ज्यान जाला जस्तो देखिनु हुँदैन । कुटपिट गर्दा पनि रक्षा शिक्षाको लागि अर्थात् मृतककै भलोको लागि कुटपिट गर्दा ज्यान गएको स्थितिमा पनि भवितव्य नै हुन्छ । तर प्रस्तुत मुद्दाको तथ्यमा मृतकलाई कुटपिट निजको भलाईको लागि वा रक्षा शिक्षाको लागि गरेको देखिँदैन । तत्काल उठेको रिसबाट घाँटीको हाड नै भाँचिने गरी प्रहार गर्दा साधारण समझबाट पनि चोट खानेको ज्यान जानसक्छ भनी पूर्वअनुमान गर्न सकिन्छ । यस्तो पूर्वअनुमान (Fore see) गर्न सकिने अवस्थामा Malice तत्त्व त्यहाँ रहेको हुन्छ । तसर्थ यहाँ ज्यानसम्बन्धीको महलको ५ नं. आकृष्ट हुने देखिएन । ज्यानसम्बन्धीको ५ नं. अनुरूप ठहर भएमा मात्र ऐ. को ६ नं. अनुरूपको अवस्थाअनुसार सजाय हुने हो । अतः ज्यानसम्बन्धीको महलको ६ नं. आकर्षित गरी सजाय गर्नुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसमेत कानूनअनुरूपको रहेको नपाइने ।

उल्लिखित आधार र कारणबाट प्रतिवादी नारायण परियारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको

महलको १४ नं. बमोजिम सजाय हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।६।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादी नारायण परियारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल चैत २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CR-१६८२, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. किरण प्रभात नेपालीसमेत*

अनुमानकै आधारमा सवारीधनि तथा ऋणीले जानी बुझीकन उक्त सवारी साधन लागु औषधको कारोबारका लागि प्रतिवादीहरूलाई प्रयोग गर्न दिएको भन्न न्यायोचित नहुने ।

प्रतिवादीहरूको बैङ्क खातामा रहेको रकम जफत हुने, नहुने भन्नेतर्फ हेर्दा अभियोजन पक्षले तत्काल जफत हुन दाबी गरिएका खाता र सो खातामा भएको रकम रोक्का राखी रकमसमेत यकिन गरी अभियोगमा दाबी लिन सकेको पाइँदैन । अदालतबाट रोक्का राखी बैङ्क खाताका विवरणहरू झिकाई हेर्दा अभियोगमा नाम थर खुल्न नसकेका भनिएका रमेश, माइला, गोपाल, असलम र असरफ भन्ने फरार व्यक्तिहरू र प्रतिवादी सन्तोष यादव भन्ने शिव भुवाली रावतले जम्मा गरिदिएको एवम् निजका नाममा जम्मा भएको देखिन आउँदैन । अभियोगमा लागु औषधको कारोबारमा सङ्गठितरूपमा संलग्न देखाइएका व्यक्तिहरूको बैङ्क खाताको कारोबारको विवरणमा प्रतिवादीको संलग्नता पुष्टि नभएको अवस्थामा शङ्का र अनुमानका आधारमा बैङ्क खातामा रहेको सम्पूर्ण रकम लागु औषधको कारोबारबाट जम्मा गरेका रहेछन् भनी अर्थ गर्न न्यायोचित हुने देखिँदैन । यसरी मिसिल संलग्न तथ्यले पुष्टि हुन नसकेको बैङ्क खाताको रकम जफत नहुने गरी जिल्ला तथा पुनरावेदन अदालतबाट भएको फैसला न्यायोचित नै रहेको देखिने ।

उल्लिखित आधार र कारणबाट प्रतिवादी आदर्श जोशीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) र ऐ. ऐनको दफा १७ अनुसार ७ वर्ष ६ महिना १५ दिन कैद र रू.२,५२,५५०।- जरिवाना हुने र बैंक खातामा रहेको रकम र सवारी साधन जफत नहुने ठहरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।६।१ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः  कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल चैत २४ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६६-CI-११८६, ०६७-CI-०५४५, ०६७-CI-०५४९, ०६७-CI-०६८६, जग्गा हक कायम खिचोला मेटाई चलन चलाई पाउँ, *गंगा के.सी.समेत वि. राज के.सी., तेजबहादुर केसी. वि. राज के.सी., कृष्णबहादुर कोइराला वि. राज के.सी., नन्दकुमारी कोइरालासमेत वि. राज के.सी.*

कुनै पनि जग्गामा व्यक्तिको हक हो होइन भन्ने कुरालाई हेर्ने मापदण्ड भनेको साबिकको हकको स्रोत,

जसमा पहाडतर्फ भए पाखो जग्गामा मुखियामार्फत तिरो बुझाएको, खेत जिम्मावालद्वारा तिरो बुझाएको र तराइतर्फ जिमद्वारा तिरो बुझाएको देखिन पर्ने।

साबिक मुरी पाथी माना भन्नेलाई २०७१ सालपछि भूमिसम्बन्धी ऐन, २०७१ बमोजिम ७ नं. फाँटबारी भरेको, सर्भे भएको ठाउँमा नापीको फिल्डबुकमा आफ्ना हकको स्रोतसमेत देखिने गरी दर्ता गराइएको देखिनुपर्छ । त्यसरी तराईतर्फ मधेस मालसवालबमोजिम र पहाडतर्फ साबिकको कानूनबमोजिम आआफ्नो जग्गाको लगत राखिएको देखिनु पर्छ । यस मुद्दामा वादी प्रतिवादीले देखाएको माटो मुरी विजमाना ।।।५ भनेको हकको स्रोतको पुष्टि हुने भूमि प्रशासन वा भूमिसुधार लागू भएपछिको तिरो, लगत ७ नं. फाँटवारी भरी फिल्डबुकमा आफ्नो दर्ता गराएको देखिँदैन । ०३२ सालमा सर्भे नापीले सार्वजनिक पर्ति कायम गरेको जग्गा वादी प्रतिवादीको नाममा कायम गर्न त्यस्ता प्रमाणहरू पनि भिडिएको हुनुपर्ने।

अदालतले वादी प्रतिवादीभन्दा बाहिर गई वा वादी दाबीभन्दा बढीमा गई इन्साफ गर्न मिल्दैन भन्ने कानूनी सिद्धान्त कायम गर्दा सार्वजनिक हित र सार्वजनिक पर्तिका सम्बन्धमा उल्लेख गरेका कानूनी सिद्धान्त नभई मुख मिलेको वा नमिलेको विषयमा वादी प्रतिवादीमा सीमित रही न्याय प्रदान गर्न प्रतिपादित कानूनी सिद्धान्तलाई इन्कार गर्ने अवस्था नपरे पनि जसको नाममा फिल्डबुकमा दरिएको छ सो पक्षलाई प्रतिवादी नै नबनाई वादी प्रतिवादी बनी नेपाल सरकारका नाममा फिल्डबुकमा उल्लिखित जग्गालाई तेरोमेरो भनी नालिस लिने सुन्ने र त्यसैबमोजिमको प्राविधिक निर्णय गर्दै जाँदा त्यस्ता सार्वजनिक प्रकारका जग्गाहरूप्रति उपेक्षा भई सार्वजनिक हितमा प्रयोग हुने जग्गामा व्यक्तिको दोहन हुन जाने देखिन्छ । सर्वोच्च अदालत न्यायको अन्तिम निकासा दिने नेपालको संविधान, २०७२ को धारा १२८ ले तोकेको धारा १३३ बमोजिम न्याय प्रदान गर्ने संवैधानिक जिम्मेवारी बहन गर्ने स्थल पनि भएका कारण यान्त्रिक न्यायमा मात्र सीमित हुन नसक्ने।

फिल्डबुकमा कुनै जग्गा कुनै निकाय वा नेपाल सरकारकै नाममा दर्ता भए पनि व्यक्तिको त्यस जग्गामा हक स्रोत प्रमाण रहे भएमा नेपाल सरकार वा कुनै निकायलाई विपक्षी बनाई आफ्नो हक कायम गराउन सक्नुपर्ने।

तेस्रो पक्ष वा फिल्डबुकबाट नेपाल सरकारका नाममा दरिएको वा सर्भे नापीको फिल्डबुकको दर्तालाई अनदेखा गरी विपक्षी बनाउन पर्ने फिल्डबुक दर्तावालालाई विपक्षी नै नबनाई केवल हक बेहकमा सुनाएको भन्ने मात्र कारणले फिराद प्रतिउत्तर गर्ने र त्यसको परिधिभित्र रहेर फैसला वा निर्णय गर्ने कार्यलाई मुनासिब भन्न नमिल्ने।

वादी प्रतिवादीले जबसम्म फिल्डबुकमा भरेको व्यहोरालाई बदर गराउन त्यस पक्षलाई समेत विपक्षी बनाई फिराद गर्न सक्दैनन् तबसम्म तेस्रो पक्षलाई अनदेखा गरी न्याय सम्पादन गर्न नसकिने।

तेस्रो पक्षको उपस्थिति व्यक्ति वादी प्रतिवादी बन्ने अवस्थामा अ.बं. १३९ नं. बमोजिम बुझ्न सकिन्छ तर अ.बं. १३९ नं. बमोजिम प्रतिवादी कायम गरी नेपाल सरकारलाई झिकाई बयान गराउने कार्य यस मुद्दाबाट हुन सक्दैन। मूल पक्ष जसलाई प्रतिवादी बनाउनु पर्ने हो सोलाई छुटाई अरूलाई दिएको नालिसबाट न्याय सम्पादन गर्न नमिल्ने।

मिति २०६०।८।२९ को मा.पो.का. कास्कीले वादी प्रतिवादीलाई हक बेहकमा नालिस गर्न

जानु भनी सुनाउने गरी भएको निर्णय दूषित प्रकृतिको देखिएको र नेपाल सरकारलाई प्रतिवादी पनि बनाएको नदेखिँदा उक्त निर्णयसमेत कायम रहन नसक्ने भई विवादित जग्गामा वादी प्रतिवादी कसैको पनि हकै हुन नसक्ने भई फिराद दाबी नै खारेज गर्नुपर्नेमा मुद्दाको औचित्यभित्र प्रवेश गरी वादी प्रतिवादीहरूको हक कायम गर्ने गरी गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०६४।१।६ र पुनरावेदन अदालत, पोखराको मिति २०६६।१।१५ को फैसलासमेत उल्टी भई विवादित जग्गामा वादी प्रतिवादी कसैको पनि हक रहेको नदेखिँदा हक बेहकमा सुनाउने गरी भएको मालपोत कार्यालयको निर्णय तथा सुरू र पुनरावेदन अदालतसमेत दुवै तहको अदालतको फैसलासमेत बदर भई विवादित कि.नं. ५६५४ को जग्गा साबिकबमोजिम सरकारी पर्ति कायम हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: तारादत्त बडू

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६७-CI-०५४४, जग्गा हक कायम दर्ता, *तेजबहादुर के.सी. वि. कृष्णबहादुर कोइराला*
- ०६६-CI-११८७, ०६७-CI-०५४८, ०५४७, ०६८५, जग्गा खिचोला मेटाई हक कायम गरी चलन चलाई पाउँ, *गंगा के.सी. समेत वि. कृष्णबहादुर कोइरालासमेत, कृष्णबहादुर कोइराला वि. तेजबहादुर के.सी. समेत, तेजबहादुर के.सी. वि. कृष्णबहादुर कोइराला, नन्दकुमारी कोइरालासमेत वि. कृष्णबहादुर कोइराला*
- ०६६-CI-११८८, जग्गा हक कायम दर्ता गरी चलन चलाई पाउँ, *गंगा के.सी.समेत वि. तेजबहादुर के.सी. समेत*
- ०६६-CI-११८९, ०६७-CI-०५४६, ०६६-CI-०६८४, खिचोला मेटाई जग्गा दर्ता गरिपाउँ, *गंगा के.सी. समेत वि. नन्दनकुमारी कोइरालासमेत, तेजबहादुर के.सी. वि. नन्दकुमारी कोइरालासमेत, नन्दकुमारी कोइरालासमेत वि. गंगा के.सी.समेत*

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६८-RC-००७०, ०६९-CR-०१९४, कर्तव्य ज्यान, नेपाल सरकार वि. जगतबहादुर लिम्बू, *जगतबहादुर लिम्बू वि. नेपाल सरकार*

प्रतिवादी जगतबहादुर लिम्बूले मौकामा र अदालतमासमेत गरेको बयानमा आफू र राजु फागोबीच लेनदेन भएकोले सो विषय लिई झगडा भएको हो। मैले मृतकलाई मुक्काले टाउको समेतमा कुटपिट गरी घाइते बनाएको हो र बहिनी कमलाको घरमा छोडी आएको हो। निजको मृत्यु मेरै कुटपिटको कारणबाट भएको हो र कसैको संलग्नता छैन। सजाय भोग्न तयार छु भनी बयान गरेको देखिन्छ। आफूले कुटपिट गरी मृतकको मृत्यु भएको कुरा स्वीकार गरेको तथा जाहेरवालालगायतका बुझिएका व्यक्तिहरूको बकपत्रसमेतबाट प्रतिवादीको कसुरको पुष्टि भएको देखिइरहेको छ। शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण Due to head injury most probably hit by same blunt object over left side of face भनी उल्लेख भएको देखिएको छ। प्रतिवादीले हात मुक्काले कुटेको वा टाउको बेन्चमा ठोक्काएको भनी गरेको बयानअनुरूपकै चोट देखिन आयो। यसरी प्रतिवादी जगतबहादुर लिम्बूको कुटपिटको कारणबाट मृतकको मृत्यु भएको भन्ने पुष्टि भई प्रतिवादीले मुलकी

ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट भएको फैसलालाई अन्यथा भन्न नसकिने।

पुनरावेदक प्रतिवादीको मौकाको बयान र अदालतमा बयान गर्दा आफूले गरेको फौजदारी दायित्वलाई पूर्णत: स्वीकार गरेको देखियो। मृतकले रक्सी सेवन गरेको र लेनदेनको विषयमा विवाद भइ कुटपिट हुँदा मृतकको मृत्यु भएको कुरा मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुन आएको देखिन्छ। मृतकलाई मार्नमा यी प्रतिवादीको संलग्नता देखिए पनि मार्नेसम्मको पूर्वयोजना केही नदेखिएको, रक्सीको नसामा लेनदेनको विषयमा कुटपिट भई मृत्यु भएको, मृतक र प्रतिवादीबीचमा साला भिनाजुको नाता रहेको, प्रतिवादीले मृतकको मृत्यु मेरै कुटपिटको कारणले भएको र कसैको संलग्नता छैन सजाय भोग्न तयार छु भनी सत्य तथ्य बताई न्याय सम्पादनमा सहयोग गरेकोसमेतका आधारबाट वारदातको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा यी पुनरावेदक प्रतिवादी जगतबहादुर लिम्बूलाई सात वर्ष कैद सजाय गर्दा पनि ऐनले लिएको न्यायको उद्देश्य पूरा हुने नै देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को हुने देखिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय गर्न उपयुक्त हुने देखिन आउने।

उपर्युक्त विवेचित आधार कारणबाट पुनरावेदन अदालत, इलामबाट मिति २०६८।७।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। सजायको हकमा अ.बं. १८८ नं. बमोजिम प्रतिवादी जगतबहादुर लिम्बूलाई ७ (सात) वर्ष कैद हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद पौडेल
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७३ साल जेठ ३० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६८-CR-१३७५, ०६८-CR-१३८२, कर्तव्य ज्यान, *टीकाराम धिताल वि. नेपाल सरकार, नेपाल सरकार वि. टीकाराम धिताल*

मेरो झगडा मृतकसँग नभई जाहेरवालासँग भई कुटपिट हात हालाहाल भएको, तत्काल उठेको रिस मृतकसँग नभएको र मृतकले टेकी आएको लठ्ठीले मलाई हिर्काएको र पुन: हिर्काउन खोज्दा मैले लठ्ठी खोस्दा मृतक झट्टारिएर लडी खोल्सीको ढुङ्गामा परी निजको टाउकोमा चोट लागी मृत्यु भएकोले मृतकलाई तत्काल उठेको रिसको कारण मृतकको मृत्यु भएको तथ्य पुष्टि नभएकोले ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर कायम हुन नसक्ने।

कसुरदार ठहरिएको अवस्थामा ज्यानसम्बन्धीको महलको ५ नं. को कसुर कायम गरी सजाय पाउँ भन्ने पुनरावेदन जिकिर देखिन्छ। ढुङ्गाहरू भएको खोला खोल्सामा ८४ वर्ष उमेरकी मृतक तुलसादेवीलाई निजले टेक्ने गरेको लठ्ठि तान्ने ठेल्ने गर्दा हुने चोटपटकबाट हुने परिणामलाई विचार नगरिएको र प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको देखिँदा सफाई पाउँ भन्ने प्रतिवादीको जिकिरसमेत मनासिब नदेखिने।

प्रतिवादीको अदालतको बयानको आधार हेर्दा पनि मृतकको अवस्था र जोखिमी ठाउँसमेत विचार नगरी मृतकको लठ्ठी तान्ने वा ठेल्ने गरी मृतकलाई चोट (hurt) पुर्‍याउने कार्य ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिमको मानिस मर्लाजस्तो नदेखिने कुनै काम कुरा

गर्दा हुने घटनाको वारदातसँग प्रस्तुत वारदात समान प्रकृतिको नदेखिएको र प्रतिवादीले मृतकउपर गरेको प्रहार वा लट्ठी तान्दा वा लट्ठीले ठेली दिँदासमेतका घटना सम्मिश्रणको कर्तव्यबाट मृतकलाई चोट लागेको कारण मृतकको मृत्यु भएको देखिन आए तापनि मृतकलाई मार्नुपर्नेसम्मको प्रतिवादीको मनसाय वा पूर्वरिसइवी रहे भएको देखिँदैन । प्रतिवादीले मार्नकै लागि वा सोची सम्झी योजनाबद्ध तरिकाले हानेको नभई मिसिल प्रमाणबाट यी प्रतिवादी र जाहेरवालासमेतसँग कुटपिट हुँदाका अवस्थामा मृतकसमेतले कुटपिट गरेको, त्यसरी जाहेरवालासँग कुटपिट गर्दाकै क्रममा मृतक आई प्रतिवादीउपर कुटपिट गरेको कारण प्रतिवादी टिकाराम धितालालाई तत्काल रिस उठी मृतकउपर कुटपिट गरेको र मृतककै लट्ठी खोस्ने वा धकेल्नेक्रममा लागेका चोटपटकसमेतका कारणबाट मृतक लड्नसमेत पुगी मृत्यु भई आवेशप्रेरित हत्याको वारदात देखिँदा मनसायप्रेरित हत्या ठहर गरी सजाय गर्नुपर्ने भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। अत: प्रस्तुत वारदात आवेशप्रेरित हत्या देखिँदा ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम सजाय गरेको पुनरावेदन अदालत, इलामको फैसला मिलेकै देखिन आउने।

तसर्थ, माथि विवेचित आधार कारणबाट पुनरावेदक प्रतिवादी टिकाराम धितालालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम कसुर गरेको देखिएकोले ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू इलाम जिल्ला अदालतको मिति २०६८।२।१७ को फैसला सो हदसम्म नमिलेको भनी केहि उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम यी पुनरावेदक प्रतिवादी टिकाराम धितालालाई १० (दश) वर्ष कैद हुने ठहराएको पुनरावेदन अदालत, इलामको मिति २०६८।१२।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६६-CR-०८१८, कुटपिट, लुटपिट, *संजीवकुमार साह वि. बालचन राउत अहिरसमेत*

अब प्रत्यर्थी प्रतिवादीहरूलाई के, कति सजायँ हुने हो भनी विचार गर्दा वादी संजिवकुमार साहको घाउ जाँच केस फाराममा Diffuse swelling with tenderness over lt. Elbow tenderness over epigastrium, swelling 4cm×4cm occipital region. भन्ने देखिई स्पष्टरूपमा लम्बाई, चौडाई र गहिराई नापका घाउ नदेखिई ४ वटा नीलडाम प्रकृतिका चोटसम्म वादीको शरीरमा रहेको घाउजाँच केस फारमबाट समेत देखिन आउँछ। उपर्युक्तबमोजिम कुटपिटको ११ नं. बमोजिमको ४ वटा नीलडामसम्म परेको देखिन आएकाले कुटपिटको ११ नं. ले चार नीलडामको प्रति निलको रू.१००।- का दरले रू.४००।– जरिवाना हुनेमा दुई जना प्रतिवादीहरू लक्ष्मी राउत र बालचन अहिरले कुटपिट गरेको पुष्टि हुन आएको र ऐ. को १८(२) नं. ले ३ जनासम्मको हुल भई गरेको कुटपिटको चोटमा जरिवानाको १० प्रतिशतले हुने रू.४०।– हुनेमा जनहीका दरले सजाय थप हुने हुदा रू.८०।- समेत गरी जम्मा रू.४८०।- (चार सय असी) प्रत्यर्थी प्रतिवादी बालचन राउत र लक्ष्मी राउतलाई जरिवाना हुने देखिँदा सोहीबमोजिम सजाय गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिन आयो । वादी दाबीबमोजिम कुटपिट

गरेतर्फ कुटपिटको ८ र ९ नं. समेत बमोजिम सजाय गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादीले लुटपिट गरेतर्फ वादी दाबीबमोजिम गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिरसम्बन्धमा हेर्दा फिराद दाबीमा बिगो रू.५०००।- को सिको फाइभ घडी र रू.१०,०००।- को औंलामा लगाएको १ तोला सुनको औंठीसमेत प्रतिवादी चनरदेव राउतले खोसी लुटपिट गरेकाले प्रतिवादीहरूलाई सजाय गरी बिगो दिलाइ पाउँ भनी दाबी गरेकोमा प्रत्यर्थी प्रतिवादीहरूले वादी दाबीको पूर्ण इन्कार गरी प्रतिउत्तर गरेको पाइन्छ। वादीका साक्षीले औंठी र घडीसमेत लुटपिट गरेका हुन् भने पनि सामान्य कुटपिटसम्म भएको घा जाँचबाट पुष्टि भएको भए पनि वादी दाबीको औंठी र घडी प्रतिवादीबाट बरामद हुन सकेको देखिँदैन। वस्तुत: लुटपिट भएको देखिने मालवस्तु प्रतिवादीको साथबाट वरामद हुन नसकेको, वादीको हातमा लगाएको एक तोलाको औंठी प्रतिवादीले जबरजस्ती लुटपिट भएको भए सोसम्बन्धी संघर्षका कुनै चिह्न वादीले देखाउन नसकेको र अन्य कुनै वस्तुनिष्ठ प्रमाण वादीले पेस गर्न नसकेकोले तथ्ययुक्त सबुद प्रमाणहरूको अभावमा वादीको दाबीको आधारमा मात्र सजाय गर्न मिल्ने नदेखिँदा बिगो रू. ५०००।- को घडी र रू. १०,०००।- को औंठी लुटपिट गरेको भन्ने दाबी मनासिब देखिन नआउने।

अतः माथि विवेचित आधार र कारणहरूबाट सुरू जिल्ला अदालतको फैसला केहि उल्टी गरी प्रतिवादी बालचन राउत र लक्ष्मी राउतले वादीलाई कुटपिट गरेकाले कुटपिटको महलको ११ ले रू.४००।- र ऐ. को १८(२) नं. ले जनही रू.४०।- का दरले हुने रू.८०।- समेत गरी जम्मा रू.४८०।- (चार सय असी) जरिवाना हुनेमा दुईजना भई कुटपिट गरेकोले प्रतिवादी बालचन राउत र लक्ष्मी राउतलाई दामासाहीले जनही रू.२४०।- जरिवाना हुने ठहर्‍याएको र प्रतिवादी चनरदेव राउतले लुटपिट तथा कुटपिट नगरेकोले निजलाई सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल पुस २८ गते रोज शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०८६५, उत्प्रेषण / परमादेश, *गीता बस्नेत वि. नेपाल बैङ्क लि. जोखिम व्यवस्थापन विभाग नेपाल, नेपाल बैङ्क लि. प्रधान कार्यालय धर्मपथ, काठमाडौंसमेत*

निवेदकले मिति २०४५।५।१९ मा सहीछाप गरी रजिस्ट्रेसन पास गरिदिएको सुरक्षण लिखतमा उल्लिखित कम्पनी, फर्महरूले बैङ्कलाई तिर्न बुझाउन बाँकी सावाँ ब्याज चुक्ता भुक्तान हुनासाथ निवेदकको जग्गा रोक्का फुकुवा भई जाने हुँदा भन्ने व्यहोरा विपक्षीले लिखित जवाफमा प्रष्ट उल्लेख गर्नाले विपक्षीको मनसाय निवेदकको जग्गा फुकुवा गर्ने होइन भन्न मिलेन। निवेदकले आफू सुरक्षणमा बसी विभिन्न फर्महरूलाई उपलब्ध गराएको बैङ्कको ऋण चुक्ता हुनासाथ निवेदकको जग्गा रोक्का फुकुवा हुने नै हुन्छ भन्ने विपक्षी बैङ्कको पत्रबाट देखिँदा प्रयोजनहीन रिट जारी हुनसक्ने देखिएन, खारेज हुने।

इजलास अधिकृत: कमला पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-१०७१, उत्प्रेषण / परमादेश, *रूकान्ती यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

कुनै सम्पत्तिको धारक वा भोगवालालाई नबुझी आफ्नो कुरा भन्ने मौका नदिई सो सम्पत्तिको सम्बन्धमा धारक वा भोगवालाको हक प्रतिकूल हुने गरी कुनै निर्णय गर्न मिल्ने हुँदैन । स्वच्छ सुनुवाईको मौका नदिई गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन्छ । प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) लाई नेपालको न्याय प्रणालीले प्राथमिक र मुलभूत सिद्धान्तको रूपमा अङ्गीकार गरेको छ र न्याय निरूपणको सन्दर्भमा सर्वाधिक महत्त्व दिई आएको छ । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम जसको विरूद्धमा निर्णय गरिन्छ सो व्यक्तिलाई बुझ्दै नुबझी एकपक्षीय रूपमा गरेको निर्णय दूषित र त्रुटिपूर्ण हुन जाने हुँदा प्रशासनिक वा न्यायिक निर्णय गर्दा सम्बन्धित सरोकारवाला सबैलाई बुझी निर्णय गरेको हुनुपर्ने ।

व्यक्ति विशेषको नामबाट नेपाल सरकारको नाममा जग्गाको *स्वामित्त्व* परिवर्तन गर्ने गरी निर्णय गर्दा तालुक कार्यालयको पत्रको आधारमा निर्णय गर्न मिल्दैन । आवश्यक प्रक्रियाको पनि पालना गर्नु पर्दछ । त्यस सम्बन्धमा त्यसअघि कुनै अदालत र साधिकार निकायबाट कुनै निर्णय भएको छ छैन भन्ने कुरालाई पनि हेरिनु पर्ने ।

विवादित कि.नं. २ को जग्गा व्यक्तिको नाममा दर्ता गर्न नहुने प्रकृतिको भए के कति कारणले दर्ता गर्न नहुने हो सोसमेत प्रष्ट उल्लेख गरी निवेदकहरूलाई सुनुवाईको मौका दिई अन्य प्रमाण बुझ्नु पर्ने भए बुझी भूमि प्रशासन कार्यालय, बाराको मिति २०२९।१०।२९ को निर्णय र मिति २०४६।५।२६ मा भएको फैसलालाई उल्लेख गरी पुनः निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७२ साल चैत ४ गते रोज ५ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०४०६, लेनदेन, *विजय जाजोदीया वि. वनवारीलाल मित्तल*

लिखतको साक्षी महलमा रहेका काठमाडौं जिल्ला इचङ्गुनारायण गा.वि.स. वडा नं. ९ बस्ने निरोज रेग्मीले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा - “सो तमसुक मेरो रोहबरमा नै भएको हो । सो तमसुकमा उल्लिखित रकम रू.४०,००,०००।– (चालिस लाख रूपैयाँ) विजय जाजोदियाले वनवारीलाल मित्तलसँग लिनु भएको हो भनी व्यहोरा लेखाई दिएको देखिँदा उक्त भनाईलाई अन्यथा हो भनी मान्न सकिँदैन । विशेषज्ञको रायलाई वस्तुनिष्ठ आधार र कारणबिना अदालतले इन्कार गर्न सक्दैन । विशेषज्ञको रायले समर्थित गरेको र लिखतमा बसेका साक्षीले अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्रबाट पुनरावेदकको जिकिर खण्डित भएको हुँदा पुनरावेदकले दाबी गरेजस्तो मिसिल संलग्न रहेको कपाली तमसुकको लिखत किर्ते नभई सद्दे र साँचो नै रहेको देखिन आउने ।

प्रस्तुत लेनदेनको लिखत व्यहोरा हेर्दा लिखत व्यहोरामा नै कपाली तमसुकको कागज भन्ने उल्लेख भएको देखिन्छ । उक्त कागज किर्ते जालसाजबाट तयार नभई लिखतका धनि र ऋणीको मञ्जुरीमा नै

भएको सद्दे कागज भएको भनी पहिलो प्रश्नमा विवेचना गरिएको हुँदा सो सम्बन्धमा थप विवेचना गरी निष्कर्ष निकाली रहनुपर्ने अवस्था देखिएन । पुनरावेदकले व्यापारिक कारोबारको लिखत भनी जिकिर लिएको भए पनि लिखतको व्यहोरा विचार गर्दा कुनैरूपबाट पनि उक्त जिकिर पुष्टि हुन सक्ने देखिँदैन । लिखतका दुवै पक्ष व्यापार व्यवसाय गर्ने व्यक्ति भएकोमा विवाद देखिँदैन । तर कानूनी प्रश्नमा विचार गर्दा निरूपण गर्नुपर्ने कागज व्यहोरालाई नै मुलरूपमा विचार गर्नुपर्ने हुन्छ । विवादमा संलग्न व्यक्तिहरू व्यापारिक कारोबार गर्ने हुँदा निजहरूको कारोबार पनि व्यापारकै लागि भएको भनी स्वतः अनुमान गर्नु न्यायोचित हुने नदेखिने ।

वादी प्रतिवादीका बीच भएको कपाली तमसुकको व्यहोरा परेको लिखतमा व्यापार व्यवसायसँग सम्बन्धित कुनै कुरा नपरेको र सो सम्बद्ध अन्य कुनै कागज नभएको अवस्थामा उक्त कागजलाई घरसारमा भएको कपाली तमसुकभन्दा अन्य कागज भएको भनी अनुमान गर्नु कानून र न्यायको दृष्टिकोणबाट उचित हुने देखिँदैन । यस्तो अवस्थामा उक्त कागजको स्वतन्त्र प्रमाणिक अस्तित्व भई लेनदेन व्यवहारको महलको २ नं. मा उल्लिखित कानूनी व्यवस्थाअनुसारको हदम्याद नै कायम हुने देखिन आउने ।

विशुद्ध प्रकारले साहू आसामीका बीच भएको कपाली तमसुकको लिखतलाई सो तमसुक कपाली नभई व्यापार व्यवसायको सम्बन्धमा भएको व्यावसायिक कारोबारको एक हिस्सा हो भनी मान्न लिखतबाट अन्यथा भएको प्रष्टरूपमा देखिनु अनिवार्य नै हुन्छ । देवानी प्रकृतिका विवादमा एउटा कागजको कानूनी अस्तित्व स्पष्ट र लिखित रूपमा प्रकट भएको अवस्थामा पक्ष र निजका साक्षीहरूबाट आफ्नो पक्षमा प्रमाण सिर्जना गर्न उल्लेख गरिएका मौखिक र अलिखित भनाई तथा बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गरी न्याय निरूपण गर्न न्यायका मान्य सिद्धान्तसमेतबाट मिल्ने नदेखिने ।

२०५९ साल साउन १२ गते भएको कपाली तमसुकमा उल्लिखित व्यहोरासँग सान्दर्भिक कुनै व्यहोरा पारी सोबापतको यति सावाँ ब्याज रकम आजका मितिमा साहू वनवारीलाल मित्तललाई बुझाएँ भन्ने व्यहोरा परेको पूर्वलिखतसँग कुनै सन्दर्भ नै नभएको रकम बुझाएको भरपाईलाई सोही लिखतको रकमबापतको भनी अदालतले स्वयम् अनुमान गरी निष्कर्ष निकाल्नु न्यायोचित हुने नदेखिने ।

जुन प्रयोजनको लागि रकम लिएको हो सो सम्बन्धमा सोही प्रयोजन उल्लेख गरी चुक्ताबापत रकम फिर्ता गर्ने गरिएको पाइन्छ । तर मिसिल संलग्न कागजातमा कहिँ कतैपनि उक्त लिखतको प्रयोजनबापतको रकम नै फिर्ता भएको भन्ने उल्लेख नभएको देखिँदा व्यापारिक कारोबारमा हुन सक्ने अन्य भुक्तानीबापतको भरपाई कागजलाई विवादको लिखतबापतको रकमको सावाँ ब्याज भुक्तानी गर्नको लागि फिर्ता दिएको भनी सतही अनुमान गर्नु न्यायोचित हुने नदेखिने ।

माथि विभिन्न प्रश्नहरूमा विवेचित आधार र कारणबाट पुनरावेदक विजय जाजोदीयाले कपाली तमसुक गरी वादी वनवारीलाल मित्तलसँग ऋण लिएको देखिएको र उक्त ऋणको सावाँ ब्याज भुक्तानी भएको सबुद प्रमाण पेस नभएको भन्ने आधारमा लिखतमा उल्लिखित सावाँ रू. चालीस लाख र त्यसको कानूनबमोजिमको १० प्रतिशतले हुन आउने ब्याजसमेत भरी पाउने गरी सुरू फैसला केही उल्टी गर्दै पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न

नसक्ने ।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल जेठ २७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०३६६, जबरजस्ती करणी, *जनक श्रेष्ठ वि. नेपाल सरकार*

लामो समयदेखि जाहेरवालीलाई जबरजस्ती करणी गर्दै आई रहेको भन्ने श्रृङ्खलाबद्ध कसुर अपराधको कडीको रूपमा रहेको र प्रत्येक पटकको उक्त आपराधिक कार्य दण्डनीय हुन्छ । सो वारदात कानूनको हदम्यादभित्र न्यायिक प्रक्रियामा आउन सक्ने नै हुँदा पछिल्लो पटकको मिति २०६५।१।२९ को आरोपित कसुर अपराधमा दायर भएको प्रस्तुत मुद्दालाई हदम्याद नाघी दायर भएको भन्न नमिल्ने ।

मिसिल संलग्न रहेको जन्मदर्ताको प्रमाणपत्रको फोटोकपीबाट पीडितको जन्म मिति २०५०।२।३१ मा भएको भन्ने देखिँदा वारदात मितिमा निजको उमेर गणना गर्दा १४ वर्षको हुन्छ । पीडितले जन्माएकी बच्चीको बाबु प्रतिवादी होइनन् भनी डि.एन.ए. परीक्षणले देखाएको कारणले आरोपित जबरजस्ती करणीको कसुर निज प्रतिवादीबाट हुनै सक्दैन भनी अर्थ गर्न मिल्दैन । जन्मिएकी बालिकाको जैविक बाबु को हो भन्ने कुरा प्रस्तुत मुद्दाबाट निरूपण हुने विषयवस्तु नभई बिल्कुलै पृथक प्रश्न हो र त्यो छुट्टै न्यायिक प्रक्रियाको विषयवस्तु बन्न सक्ने ।

मुद्दामा पीडित स्वयम्ले प्रतिवादीउपर जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दरखास्त दिएको र निजले अदालतमा समेत उपस्थित भई जाहेरी व्यहोरालाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । पीडितको शारीरिक परीक्षण गर्दा Hymen च्यातिएको समेतले सो कुराको पुष्टि गर्दछ । पीडित नाबालिकाको भनाई अन्यथा प्रमाणित नभएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १० बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन आउँछ । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. ले १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको सहमतिमा करणी लिनुदिनु गरेमा पनि जबरजस्ती करणीको वारदात पुष्टि हुने भन्ने हाम्रो कानूनी व्यवस्था रहेको छ । तसर्थ उक्त कानूनी व्यवस्थासमेतले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने पुष्टि हुन्छ । प्रतिवादीको इन्कारी बयानकै आधारमा मात्र निजलाई अभियोग दाबीबाट सफाइ दिने आधार बन्न नसक्ने ।

उल्लिखित कानूनी व्यवस्था, सिद्धान्त र तथ्यगत आधार कारणहरूसमेतबाट सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतले प्रतिवादी जनक श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याई मिति २०६८।३।२७ मा गरेको फैसला उल्टी गरी प्रतिवादी जनक श्रेष्ठलाई वर्ष १४ की पीडित सुनिता मगरलाई जबरजस्ती करणी गरेको ठहर गरी निज प्रतिवादी जनक श्रेष्ठलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ऐ.ऐ. को ३(३) नं. को कसुरमा ऐ. को ३(३) नं. बमोजिम ८ वर्ष कैद सजाय हुने र ऐ. महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत रू.५०,०००।– (पचासहजार रुपैयाँ) प्रतिवादीबाट जाहेरवाली सुनीता मगरलाई भराइदिने ठहर्‍याई पुनरावेदन अदालत, पाटनले मिति २०६९।०६।०७ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फागुन ४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-११७२, उत्प्रेषण / परमादेश, *कोमलनाथ सिवाकोटीसमेत वि. पुनरावेदन अदालत, इलामसमेत*

प्रस्तुत रिट निवेदनमा एकै जरियाबाट २ अलग अलग मुद्दा उठान भएकोमा निवेदकहरूउपर कायम भएको सजायमध्ये ठूलो सजायमा मात्र कैद ठेक्नु पर्ने र सानो कलमको सजाय स्वतः ठूलो कलमको कैदमा खापिने नै देखिन आयो । यसबाट यी निवेदकहरूउपर झापा जिल्ला अदालतको च.नं. २३५१, २३५२ र २३५३ मिति २०६७।८।९ को पत्रबाट ९ वर्ष कैद ठेकी निवेदकहरू मिति २०६५।५।१५ देखि थुनामा रहेकोले मिति २०७४।५।१४ सम्म कैदमा बस्नु पर्ने गरी ठेकिएको कैदमा जिल्ला प्रशासन कार्यालय, झापाको च.नं. ५८९२ मिति २०६९।१।२७ को पत्रबाट ठेकिएको ३ वर्ष कैदसमेत ठूलो कैदमा खापिने नै हुँदा निवेदकहरूलाई ९ वर्षभन्दा बढी कैद सजाय हुने अवस्था नदेखिने ।

तसर्थ, कैद हद गर्न नमिल्ने भनी झापा जिल्ला अदालतले मिति २०६९।२।१९ मा गरेको आदेश सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।९।१९ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साथै निवेदकहरूउपर ठूलो सजाय ९ वर्ष मात्र कायम रहने हुँदा ९ वर्ष मात्र कैद भुक्तान गर्नुपर्ने गरी निवेदकहरूउपर मिति २०६५।५।१५ देखि थुनामा रहेकोले मिति २०७४।५।१४ सम्म कैदमा बस्नु पर्ने गरी ठेकिएको कैदीपुर्जीमा कुनै परिवर्तन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : विदुर काफ्ले
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-WO-०९५२, उत्प्रेषण, *शोभा श्रेष्ठ वि. पुनरावेदन अदालत, पाटनसमेत*

विपक्षीहरूबीच अंश मुद्दा चलेको समय र लेनदेनको कागज खडा भएको समयलाई परस्परमा जोडेर विश्लेषण गर्दा राकेश श्रेष्ठसमेतको अंश प्रभावित पार्नको लागि नै लेनदेनको कागज खडा भएको देखिन आउँछ । विपक्षी राकेश, रोशन र सतिश श्रेष्ठ वादी भई विपक्षी लिला देवीलाई प्रतिवादी बनाई मिति २०६५।११।२१ मा काठमाडौं जिल्ला अदालतमा फिराद दायर गरेकोमा मिति २०६७।३।६ मा दाबीको कि.नं. ४ को घरजग्गा वादी दाबीबमोजिम बन्डा लाग्ने ठहर भएको फैसला पुनरावेदन अदालत, पाटनबाट समेत मिति २०६८।३।२ मा सदर भएको देखिन्छ । अंश मुद्दाका यी वादी प्रतिवादीहरू बीचको नाता सम्बन्ध र अंशियारको सम्बन्धमा कुनै विवाद नदेखिएको व्यवहारबाट भिन्न भएकोसमेत स्पष्ट नभएको अवस्थामा मुलुकी ऐन, अंशबन्डाको २०, २१, २२ र २३ नं. बमोजिम वादी प्रतिवादीबाट तायदाती फाँटवारी झिकाउने गरी मिति २०६६।१०।२४ मा आदेश भएको देखिन्छ भने लिलादेवी ऋणी र शोभा देवी धनी भई रू.१५,००,०००।– लेनदेन भएको तमसुक मिति २०६५।१०।२३ मा खडा भएको देखिन्छ । यी निवेदकले मिति २०६६।११।२१ मा लेनदेन मुद्दा दायर गरेपछि मिति २०६६।११।२३ मा लिलादेवीले अंश मुद्दाको तायदाती पेस गरेको देखिन्छ । विपक्षी लिलादेवीले पेस गरेको तायदातीमा उल्लिखित कि.नं. ४ को जग्गा मिति २०६५।१०।२३ मा खरिद गरेको र अंशबन्डाको १८ र स्त्री अंशधनको १ नं. बमोजिमको बन्डा गर्नुनपर्ने भनी उल्लेख गरेको देखिन्छ भने जम्मा रू.२२,५०,५७५।– ऋण देखाएको र यो साहुको

यति भनी स्पष्ट उल्लेख गर्न सकेको देखिँदैन भने हचुवाको शोभा श्रेष्ठको मात्र रू.१७ लाख भनी उल्लेख गरेको देखिन्छ । साथै उक्त कि.नं. ४ को जग्गा के कति कारणले निजी आर्जनको भई बन्डा गर्नुनपर्ने हो भनी स्पष्ट खुलाउन सकेको देखिँदैन । यस्तो अवस्थामा अंश मुद्दाको नभई लेनदेन मुद्दाको फैसला कार्यान्वयनले प्राथमिकता पाउनुपर्छ भन्ने रिट निवेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थः लेनदेनको बिगो भरिभराउसम्बन्धी कार्य स्थगित गरी अंश मुद्दाको फैसला कार्यान्वयन हुनु पर्ने देखिँदा सोबमोजिम लेनदेन मुद्दाको बिगो भराउने कार्य स्थगित गरी अंश मुद्दाको मिति २०६७।३।६ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।२ को फैसला कार्यान्वयन हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।९।५ मा भएको आदेश मिलेकै देखिँदा रिट जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विदुर काफ्ले

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७२-CR-०४२८, बन्दीप्रत्यक्षीकरण, *लालु चौधरी वि. कारागार कार्यालय, झुम्का, सुनसरीसमेत*

जबरजस्ती करणीको अपराध लुकिछिपी गरिने कसुर भएकोले यस्तो वारदातमा सामान्यतया पीडित नै घटनाको प्रत्यक्ष गवाह हुने हो । पीडित स्वयम् वारदात हुँदा १४ वर्षकी रहेकी, पीडित र पीडक एउटै गाउँको रहेको, तत्काल किटानी जाहेरी परेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन आउँछ । गाउँघरमा बोलाउने नाम गाउँघर छिमेकमा प्रचलित हुने र नागरिकता, मतदाता नामावलीलगायत अन्य औपचारिक कागजातहरूमा भिन्न नामसमेत रहन सक्ने आम प्रचलन नै हो । निज पीडकको बाबुको गाउँघरमा बोलाइने नामको आधारमा तत्काल जाहेरी परेको भए पनि पीडितले स्वयम् अदालतसमक्ष उपस्थित भई आफूलाई मुखमा रूमाल कोची, दुवै हात बाँधी जबरजस्ती करणी गर्ने व्यक्ति यिनै लालु चौधरी हुन् यिनको बुबाको गाउँघरमा बोलाइने नाम छुतहरू चौधरी हो भनी किटानीसाथ लेखाइदिएको व्यहोरासमेतबाट लेख्ने नाम नमिलेको मात्र आधारले अदालतबाट भएको सजाय कार्यान्वयन रोकिन नसक्ने हुँदा उक्त जबरजस्ती करणी मुद्दाका लगतवाला व्यक्ति यिनै लालु चौधरी भएको पुष्टि हुन आएको हुँदा विपक्षी सुनसरी जिल्ला अदालतसमेतबाट निजलाई लागेको कैदको बेरूजु असुलउपर गर्न पक्राउ गरी कैद म्याद ठेकी कारागार कार्यालय, झुम्का सुनसरीमा पठाएको कार्य कानूनसङ्गत देखिन आउने ।

निरपराधीलाई सजाय गर्ने र अपराधीलाई सजायबाट उन्मुक्ति दिने कानूनी व्यवस्थाको उद्देश्य कदापि हुन सक्दैन । अदालतबाट दोषी ठहरेका व्यक्तिलाई ठहरेबमोजिमको सजाय होस् भन्ने कुराको अपेक्षा आम नागरिकले न्याय व्यवस्थाबाट गरेका हुन्छन् । सुनसरी जिल्ला अदालतबाट जबरजस्ती करणी मुद्दामा सजाय पाएका लालु चौधरी र सो मुद्दाको फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परेको लालु चौधरी एकै वा अलग फरक व्यक्ति हुन् सो कुराको यथार्थता निरूपण गर्ने क्रममा पुनरावेदन अदालत विराटनगरबाट बुझिएको सरजमीनलगायतका प्रमाणको मूल्याङ्कनबाट निवेदन मागबमोजिम

बन्दी लालु चौधरीलाई गैरकानूनी तवरबाट थुनामा राखेको भन्ने नदेखिएको हुँदा निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७२।२।२७ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक निवेदक लालु चौधरीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल चैत ४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RC-०११२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अनिला कार्की भन्ने हरिकला कार्की*

प्रतिवादीको मौकाको कागज कानूनले निर्धारित गरेको प्रक्रियाबमोजिम तयार हुने कागज भएकोले सो कागजलाई बिना आधार अनदेखा गर्नु उपयुक्त हुँदैन । बाबुलाई लिन गएको मृतकको छोरालाई झम्टन र हान्ने काम गर्ने प्रतिवादीलाई लरतरो व्यक्ति भन्न मिल्दैन । मृतक त्यहाँ रक्सी सेवन गरी निरीह भई बसेको देखिन्छ । मृतकले प्रतिवादी विरूद्ध जबरजस्ती करणी गरेको भए मौकामा हारगुहार हुनुपर्नेमा प्रतिवादीबाट कुनै हारगुहार भएको पाइँदैन। प्रतिवादीले आफ्नो यो जिकिरको समर्थनमा कुनै दशी प्रमाण पेस गरेको देखिँदैन । प्रतिवादीको बचाउमा एउटै साक्षीले पनि बकपत्र गर्न सकेको अवस्था छैन । त्यसमाथि मृतकको हत्यापछि यी प्रतिवादीले सो कुरा जाहेर गरी कानूनको सम्मान गर्नु पर्नेमा भागी हिँडेकी र प्रहरीसमेतबाट पक्राउ भएकी र आफूले गरेको मौकाको कागजअनुरूप मृतकको छोराले निजलाई गाली गरेकोसमेतको बदलास्वरूप मृतकलाई पहिले चक्कुले र पछिबाट ढोकाको गरालोसमेत भाँचिने गरी सो गरालोले कुटपिट गरी घरबाट बाहिर फालेको कुरा समाजसमक्ष स्वीकार गरेको देखिन्छ । यस्तो क्रुर र बीभत्स हत्यामा राय लगाउनु पर्ने भन्ने अ.बं १८८ नं. को मनसाय होइन। कसुर गर्ने बेलामा आँखा नहेर्ने कसुरदारलाई निजको यस्ता बनावटी कुरामा विश्वास गरी उन्मुक्ति दिनको लागि अ.बं. १८८ नं. को निर्माण भएको होइन। साङ्घातिक कुटपिटको नियत भनेको हत्याकै नियत हो । प्रतिवादीको शरीरमा मृतकबाट कुनै किसिमको बल प्रयोग भएको वा जबरजस्ती करणी भएको प्रमाणित छैन। निहत्था मृतकमाथि यस्तो क्रुर र विभत्स प्रहार गरी हत्या गरेको वारदातमा अ.बं. १८८ नं को प्रयोग हुन नसक्ने भनी यस अदालतले कतिपय मुद्दामा बोलिसकेको छ। यस मुद्दामा culpable homicide वा manslaughter को अवस्था नरहेको प्रतिवादीले बनावटी कुरा गरी न्याय सम्पादनमा अवरोध पुऱ्याएको समेतको थप कारणबाट प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं को सुविधा प्रदान गर्न नमिल्ने।

प्रतिवादी अनिला कार्की भन्ने हरिकला कार्कीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू बागलुङ जिल्ला अदालतको मिति २०६९।५।५ को फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७१।३।२४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल माघ २९ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०८८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गंगाकुमारी वि.क.समेत*

प्रतिवादी ऋषिराम वि.क.ले सुरू फैसला विरूद्ध पुनरावेदन नगरेबाटै निज स्वतः ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरदार भएको ठहर गर्न मिल्दैन । प्रतिवादी ऋषिराम वि.क. विरूद्धको अभियोग दाबी पुग्ने अथवा नपुग्ने कुरा सबुत प्रमाणको आधारमा तय हुने कुरा हुन्छ। निजलाई गलत कानूनको प्रयोग गरी कम सजाय भएको र त्यस विरूद्ध निजले उपचार नखोजेबाटै निज स्वतः कडा सजायको भागीदार हुन्छन् भन्न मिल्दैन । सफाइ पाउनको लागि असर पर्ने पक्षको पुनरावेदन नपरेको अवस्थामा उल्लिखित नि.नं. ७४० को नजिरलाई निज प्रतिवादी विरूद्ध निजको अहितमा प्रयोग गरी निजलाई स्वतः ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरदार ठहर गर्नु न्यायसम्मत नहुने।

रक्सी सेवन गरी आँगनमा आई गाली गलौज गर्दै गरेका मृतक खड्कबहादुर वि.क.को उक्त क्रियाकलापबाटै प्रतिवादी गंगाकुमारी वि.क.लाई तत्काल रीस आवेस आउन उक्सावटको कार्य हुन गई आत्मसंयम गुमाई मृतकको टाउकोको पछाडि भागमा लाग्ने गरी ढुङ्गा प्रहार गरी सोही चोटबाट मृतक खड्कबहादुर वि.क.को मृत्यु भएको प्रमाणहरूबाट पुष्टि हुन आएको छ । यस्तो वारदातमा ज्यानसम्बन्धीको महलको १४ नं. नै आकर्षित हुने अवस्था रहने।

प्रतिवादी गंगाकुमारी वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम कैद वर्ष १० गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६९।९।१९ को फैसला निजको हकमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी ऋषिराम वि.क.ले ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुर गरेको देखिन नआएकोले निजलाई सो १३(३) नं. बमोजिम कैद गरिपाउँ भन्ने व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी ऋषिराम वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(१) नं. बमोजिम कैद वर्ष १० हुनेमा प्रतिवादी ऋषिराम वि.क.को उमेर १५ वर्ष पूरा भई १६ वर्ष पुगेको नदेखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा कैद वर्ष ५ हुने ठहर्‍याई भएको सुरू स्याङ्जा जिल्ला अदालत र सोही फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसला विरूद्ध प्रतिवादी ऋषिरामले पुनरावेदन गरेको नदेखिँदा प्रतिवादी ऋषिराम वि.क.को पुनरावेदन पत्रको अभावमा निजको हकमा भएको पुनरावेदन अदालत, पोखराको इन्साफ परिवर्तन गर्नु परेन । उक्त फैसला सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस २४ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०५७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवीकला अधिकारीसमेत*

कमलालाई मार्नमा प्रतिवादी लिना अधिकारीको प्रत्यक्ष संलग्नता रहेको भन्ने कुरा पनि मिसिलबाट देखिन आउँदैन । निज लिना वारदात स्थलमा उपस्थित भई बुबालाई के गरेको हो भनी सोधेको तथ्य गुनाखरको बयानबाट खुल्न आउँछ । मृतकको कपडा फेरिदिएर रगत लागेका कपडा धोएको कुरामा निज प्रतिवादी लिना साबिती रहेको स्थितिमा निजको संलग्नता पनि ज्यानसम्बन्धीको महलको १७(३) नं. मा उल्लिखित मतलबीसम्म रहेको देखिन आउने।

सहप्रतिवादीहरू देवीकला अधिकारी र लिना अधिकारीले घटनामा मिनप्रसादको उपस्थिति रहेको कुरा कहीँ कतै खुलाएको पाइँदैन । प्रतिवादी गुनाखरले अदालतमा बयान गर्दा छोरा घटना घटेपछि मैले बोलाएर आएको हो । निज कोठामा गई मोबाइलले बुहारीको मुख हेरी हजुरआमा सुत्ने खाटमा गई पल्टियो । मैले मान्छे बोलाउनु पर्‍यो भनेपछि के भएर मरेकी हो पोष्टमार्टम गर्नुपर्छ भनेको हो भनी लेखाएको पाइन्छ । मिसिलको अध्ययनबाट प्रतिवादी मिनप्रसादले मृतक कमलालाई मार्न वा मार्नमा वचन दिएको तथ्य कहीँ कतैबाट पुष्टि भएको अवस्था छैन । यी प्रतिवादीउपरको अभियोगदाबी पुष्टि हुने भरपर्दो प्रमाण पेस हुन सकेको देखिँदैन । यस्तो अवस्थामा निजलाई दोषी ठहराउनु प्रचलित कानून र फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुने ।

प्रतिवादी देवीकला अधिकारीलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद हुने, प्रतिवादी लिना अधिकारीलाई सोही महलको सोही नं. बमोजिम १ वर्ष २ महिना कैदको सजाय हुने ठहर्‍याई सुरू अर्घाखाँची जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने र प्रतिवादी मिनप्रसाद अधिकारीलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ६ महिना कैदको सजाय गर्ने गरेको हदसम्म सुरूको फैसला मिलेको नदेखिँदा केही उल्टी भई अभियोगदाबीबाट सफाई पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस २४ गते रोज ६ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०३६५, अंश भरपाई लिखत बदर दर्ता बदर अंश फाँटसमेत, *भोलानाथ चौधरीसमेत वि. साधु दास चौधरी*

अंश बन्डाको महलको ३० नं. मा *अंशबन्डा गर्दा साक्षी राखी कानूनबमोजिम बन्डा छुट्याई बन्डापत्रको कागज खडा गरी लिने दिनेको र साक्षीको समेत सहीछाप गरी रजिष्ट्रेसन गर्नुपर्नेमा सो गरी राख्नु पर्छ । सोबमोजिम नभएको बन्डा सदर हुँदैन ।...* भन्ने प्रावधान रहेको छ । प्रस्तुत मुद्दामा वादी प्रतिवादीहरू छुट्टिभिन्न भएको भन्ने तथ्य समर्थित हुने पारित लिखतको अभाव देखिन्छ । व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको कुरा पुष्टि भइरहेको अवस्थामा यसै नं. को व्यवस्थाले पारित लिखत नभए पनि अंशबन्डा भएको मान्यता पाउनुपर्छ भन्ने प्रतिवादी पक्षको जिकिरसँग सहमत हुन नसकिने ।

वादी प्रतिवादीहरूको अलगअलग घरबास भएकोले छुट्टि भिन्न भएको तथ्य समर्थित भएको भनी प्रतिवादी पक्षले जिकिर लिएकोमा त्यसतर्फ विचार गर्दा एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ भन्ने कानूनी व्यवस्था प्रमाण ऐन, २०३१ को दफा ६(क) मा भएको पाइन्छ । अंशियारहरू जहाँसुकै रहेबसे पनि ती अंशियारहरू विधिवत छुट्टिभिन्न भएका हुन् होइनन् र तिनिहरूका नाममा रहेको सम्पत्ति संगोलको सम्पत्ति हो होइन भन्ने तथ्यगत विश्लेषणबाट निष्कर्ष निकाल्नु पर्ने हुन्छ । अलगअलग घर हुनुलाई नै छुट्टि भिन्न

भएका हुन भनी अर्थ गर्न नमिल्ने।

वादी प्रतिवादीबीच अंशबन्डाको महलको ३० नं. बमोजिम पारित अंशबन्डाको लिखत नभएको र वादीले अंश पाएको कुनै आधारभूत प्रमाण प्रतिवादीपक्षको तर्फबाट पेस नभएको स्थितिमा अंशबन्डा भएको निष्कर्षमा पुग्नु कानून र न्यायसम्मत नभएकोले वादीले प्रतिवादीबाट अंश पाउने ठहर गरेको पुनरावेदन अदालतको फैसला प्रमाण र तथ्यमा आधारित रहेको देखिने।

तायदाती फाँटवारीमा उल्लिखित जग्गामध्ये स्व. तेजनारायण चौधरी नाम दर्ताको कि.नं १७२, १७३; भोलानाथ चौधरी नाम दर्ताको कि.नं ३०६ फोड भई कायम कि.नं ३९४; शिवनाथ नाउँ दर्ताको कि.नं ३०३, अनुपादेवी नाउँ दर्ताको कि.नं १२०, साधुदास नाम दर्ताको कि.नं २८९ का जग्गाहरू वादी र प्रतिवादीको बीचमा अंशबन्डा लाग्ने सम्पत्ति देखियो । उक्त जग्गाहरू प्रतिवादी तेजनारायण चौधरीले मिति २०६०।१०।१९ मा आफ्नो छोरा भोलानाथसमेतको अंश भरपाई पास गरी दिएको देखिँदा वादी दाबीबमोजिम उक्त मिति २०६०।१०।१९ को अंश भरपाई बदर दर्ता बदर गरी वादीले २ भागको १ भाग अंश दिलाई दिनु पर्नेमा वादी दाबी नपुग्ने गरी भएको सुरू उदयपुर जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम प्रतिवादीहरूले एक आपसमा जग्गा तीन भाग गरी मिति २०६०।१०।१९ मा गरेको अंश भरपाई लिखत बदर भई सोअनुरूपको दर्तासमेत बदर भई वादी प्रतिवादीको नाउँमा हाल कायम रहेको तायदातीमा उल्लेख जग्गाहरूमध्येबाट वादीले फिराद दाबीबमोजिम २ भागको १ भाग अंश पाई उक्त जग्गाहरू दर्तासमेत हुने ठहर्‍याई भएको मिति २०६६।६।२१ को पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। मिति २०७०।१०।८ मा यस अदालतबाट अ.बं. २०२ नं बमोजिम विपक्षी झिकाउँदा लिएको आधार प्रमाण मूल्याङ्कनको रोहमा मिलेको देखिएन । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम्।

यसै लगाउ / प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्।

- ०६७-CR-०२५१, जालसाज, *भोलानाथ चौधरीसमेत वि. साधु दास चौधरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०८१९, वैदेशिक रोजगारसम्बन्धी, *युवराज दाहाल वि. नेपाल सरकार*

प्रतिवादी युवराज दाहालले आफू प्रत्यक्षत: संलग्न नभएकोले आधा सजाय वा कम सजाय गरिपाउँ भनी यस अदालतमा पुनरावेदन जिकिर लिएको देखिँदा कसुर गरेको तथ्य स्वीकारेको पाइयो। पीडित अनिता कारंजितको अदालतसमक्षको बकपत्रको स.ज. ४ मा प्रतिवादी युवराज दाहालले पासपोर्ट एप्लाई गरिदिएको साथै एयरपोर्टसम्म गई मलाई बहराइन पठाएका हुन्। म फ्री भिषामा बहराइन गएकी हुँ। काममा लामो समयसम्म खट्न परेको, बिग्रेका कामको दोष लगाउने गरेको हुँदा नेपाल फर्किन चाहेको हुँ। युवराज दाहालले मलाई विदेश पठाउन सहयोग गरेका हुन् भनी स.ज.६ मा बकपत्र गरिदिएकोबाट प्रतिवादीले पीडितलाई विदेश पठाउने कार्य गरेको कुरा पुष्टि हुन आउने।

प्रतिवादीले जाहेरवालाकी श्रीमतीलाई विदेश पठाउने कार्यमा प्रत्यक्ष संलग्न रहेको र वैदेशिक

रोजगार गर्न इजाजत प्राप्त नगरी कामदार विदेश पठाउने कार्य गरेबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीत कार्य गरेको हुँदा सोही ऐनको दफा ४३ बमोजिम ३।०।० वर्ष कैद र रू.३,००,०००/- (तीन लाख रूपैयाँ) जरिवाना हुने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६९।६।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। आधा सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विनोद रखाल

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल चैत १८ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-०१७८, डाँका चोरी, *छत्रसिंह राना वि. नेपाल सरकार*

प्रहरीमा पक्राउ परेका छत्ररानासमेतका व्यक्तिहरूले नै मेरो ईंटा उद्योमा डाँका गरेका हुन भनी मिति २०६६।४।७ मा जाहेरवाला केशव विष्टले पुनः किटानी जाहेरी दिएको पाइयो । यसरी हुलिया जाहेरीका आधारमा अनुसन्धानका क्रममा पक्राउ परेपश्चात् मात्र यी पुनरावेदक प्रतिवादीउपर किटानी जाहेरी परेको देखिन्छ । प्रस्तुत वारदातका दिन अन्य प्रतिवादीसहित आफू पनि साथमा लट्ठी लिई डाँका गर्न गएको भनी कसुरमा साबित रही यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ । तर सुरू कञ्चनपुर जिल्ला अदालतसमक्ष बयान गर्दा आफूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा उल्लिखित व्यहोरा नभनेको कुटपिट र मार्ने धम्की दिएकाले सहीछाप गरेको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । उल्लिखित बयान कागजहरूको व्यहोरा एकआपसमा विरोधाभाषापूर्ण रहेको स्थितिमा उक्त बयान कागज अध्ययन गरी हेर्दा अनुसन्धान अधिकारीसमक्ष भएको कागजको शिर व्यहोरामा को कसबाट लिइएको बयान हो निजको नाम थरसम्म उल्लेख भएको देखिँदैन भन्ने अन्तिम पानामा समेत सहीछाप गर्ने व्यक्ति को हो निजको नाम थर उल्लेख भएको नदेखिनुका साथै के कुन मितिमा सो बयान लिएको हो खुल्न आएको देखिँदैन । यसरी अदालतसमक्ष भएको बयान र अनुसन्धान अधिकारीसमक्षको बयानमा भिन्नता रहेको अवस्थामा सामान्य कार्यविधिको पालनासमेत नभएको अनुसन्धान अधिकारीसमक्षको बयान कागजको व्यहोरालाई ग्रहण गर्न सकिने अवस्था नहुँदा अदालतसमक्ष भएको बयान कागजको विश्वसनीयता नै श्रेष्ठ रहने।

जाहेरवाला केशव विष्टले सुरू कञ्चनपुर जिल्ला अदालतमा मिति २०६७।७।७ मा गरेको बकपत्रको स.ज. ४, ६ र ७ मा समेत डाँका चोरी गर्ने को थिए सो कुरा मलाई थाहा जानकारी छैन, निजहरूलाई तत्काल एवम् हालसम्म चिनेको छैन, निजहरूको हालसम्म पनि पहिचान पाएको छैन भनी यी प्रतिवादीलाई सनाखत गर्नसमेत नसकी बकपत्र गरिदिएको देखिन्छ । एकातिर यी जाहेरवालाले अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादीहरूनै उक्त डाँका चोरीमा संलग्न व्यक्तिहरू हुन् भनी मिति २०६६।४।७ मा किटानी जाहेरी दिएका छन् भने अर्कोतर्फ अदालतसमक्ष बकपत्र गर्दा उक्त वारदातमा संलग्न व्यक्ति को हुन् थाहा छैन भनी बकपत्र गरेको देखिन्छ । यस्तो अवस्थामा निजको किटानी जाहेरीलाई विश्वास गर्न सकिने अवस्था पनि विद्यमान हुन सक्दैन । स्वयम् किटानी जाहेरी दिने व्यक्तिले अदालतसमक्ष बकपत्र गर्दा कसुरदार को हुन् थाहा छैन भनी प्रतिवादीहरूको सनाखत गर्न नसकेको

अवस्थामा यी प्रतिवादीको वारदातमा संलग्नता रहेको तथ्य निर्विवादरूपमा पुष्टि हुन सक्ने अवस्था नहुने।

प्रस्तुत वारदातको अनुसन्धानको क्रममा मिति २०६६।३।३० मा खडा भएको बरामदी खान तलासी मुचुल्कामा प्रतिवादी जलेवा सिंह रानाको घरबाट विभिन्न हात हतियारसमेतका वस्तु बरामद भएको र सोही क्रममा छत्र रानाको Haire लेखेको मोबाइल थान -१ बरामद भएको व्यहोरा जनिएको पाइन्छ । सो सम्बन्धमा यी पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा उक्त मोबाइल सेट मैले आफ्नो जिम्मा लिएको हुँ भनी स्वीकार गरे तापनि अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । उक्त मोबाइलका सम्बन्धमा जाहेरवालाबाट सनाखत कागजसमेत नभएको अवस्थामा सो मोबाइल प्रस्तुत वारदातमा चोरी भएको हो भन्ने कुरा विश्वास गर्ने वस्तुनिष्ठ आधार प्रमाण पनि पेस हुन आएको नपाइने।

प्रस्तुत वारदातमा चोरी भयो भनिएको धनमाल बरामद हुनसकेको नदेखिनुका साथै चोरी भयो भनिएको मोबाइलसमेत सनाखत नभएको, यी प्रतिवादी कसुरमा इन्कार रही बयान गरेको, जाहेरवाला स्वयम्ले यी प्रतिवादीहरूलाई चिन्दिन को कसले चोरी गरेका हुन् थाहा छैन भनी बकपत्र गरेकोसमेतका आधार कारणबाट यी प्रतिवादीको प्रस्तुत वारदातामा संलग्नता रहेको तथ्य शङ्कारहित तवरले समर्थित हुन नसकेको परिप्रेक्ष्यमा यी पुनरावेदकलाई कसुरदार ठहर गरी सजाय निर्धारण गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।५।४ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी छत्रसिंह रानाले सफाइ पाउने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

इति संवत् २०७३ साल जेठ २८ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-CR-०६५०, ०८९३, ०६९-CR-०८९३, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. विवेक बस्नेत, मानबहादुर रावत वि. नेपाल सरकार, विवेक बस्नेत वि. नेपाल सरकार*

प्रतिवादी विवेक बस्नेतको हकमा विचार गर्दा निज प्रतिवादी विवेक बस्नेतलाई अभियोग दाबीबमोजिम सजाय नगरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसार हुने सजायको आधा ७ वर्ष ९ महिना कैद र रू. २,८०,०००।- जरिवाना हुने ठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनले गरेको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको र सोअनुसार सजाय गरेको फैसला नमिलेको भनी प्रतिवादी विवेक बस्नेतको तर्फबाट यस अदालतमा पर्न आएको प्रस्तुत पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादी विवेक बस्नेतसमेत साथमा भएको अवस्थामा प्रतिवादी मानबहादुर रावतको साथबाट ५८० ग्राम लागु औषध खैरो हिरोइन बरामद भएको तथ्यमा कुनै विवाद रहेको देखिँदैन । सो बरामदीलाई यी पुनरावेदक प्रतिवादीले अन्यथा भन्न सकेकोसमेत नदेखिने।

पुनरावेदक प्रतिवादी विवेक बस्नेतको साथबाट लागु औषध बरामद भएको अवस्था नदेखिए पनि प्रतिवादी मानबहादुर रावतले लागु औषध खैरो हेरोइन मलाई राख्न दिएकोमा लागु औषध खरिद गर्न ग्राहक आउँछ, लागु औषध लिएर आऊ भनेकोले मैले लागु औषधसहितको झोला लिई एअरपोर्ट गेट नजिकै पुगी मानबहादुर रावतलाई दिएको थिएँ । खरिद गर्ने ग्राहक आई नपुग्दै प्रहरीले हामीलाई पक्राउ गरेको हो भनी घटनालाई सिलसिलाबद्धरूपमा अधिकारप्राप्त

अधिकारीसमक्ष बयान गरेको अवस्था देखिन्छ। निजको सो बयान व्यहोरा अन्यथा हो भनी मान्न मिल्नेसम्मको कुनै ठोस एवम् वस्तुनिष्ठ आधार प्रमाणसमेत मिसिल संलग्न रहेको अवस्था देखिँदैन । यी प्रतिवादीले अदालतसमक्षको बयानमा इन्कारी बयान दिए तापनि निजले अनुसन्धान अधिकारीसमक्ष बयान गराउँदा कुटपिट गरी बयान गराएकोले शारीरिक परीक्षण गराइ पाउँ भनी अदालतमा निवेदन दिएको मिसिलबाट देखिँदैन । यसरी अनुसन्धान अधिकारीसमक्ष भएको बयान स्वेच्छाबाट नभएको भन्ने जिकिर लिई बयान गर्दैमा त्यस्तो इन्कारी बयानमात्रको आधारमा निजलाई निर्दोष मान्न मिल्दैन । मिसिल संलग्न रहेको मिति २०६६।११।९ गतेको खानतलासी एवम् बरामदी मुचुल्का, प्रहरी नायब निरीक्षक देवीप्रसाद बजगाईंको प्रतिवेदन प्रहरी नायब निरीक्षक देबीप्रसाद बजगाईं र प्रहरी सहायक निरीक्षक विनोदसिंह राठौरले निज प्रतिवादी विवेक बस्नेत र प्रतिवादी मानबहादुर रावतसँगै पक्राउ परेको भनी गरेको बकपत्रसमेतले यी पुनरावेदक प्रतिवादी उक्त लागु औषध खरिद बिक्री गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको तथ्यको पुष्ट्याईं भएको पाइने।

माथि विवेचित आधार कारणबाट प्रतिवादी मानबहादुर रावतले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) (ङ) (च) को कसुर गरेको देखिन आएकोले बरामद भएको लागु औषधको मात्रासमेतलाई दृष्टिगत गरी सोही ऐनको दफा १४(१) (छ) (३) बमोजिम १५(पन्ध्र) वर्ष ६ (छ) महिना कैद र रू. ५,६०,०००।– (पाँच लाख साठी हजार रूपैयाँ) जरिवाना गर्ने र प्रतिवादी विवेक बस्नेतको हकमा निज आरोपित कसुरमा मतियारसम्म देखिँदा सोही ऐनको दफा १७ बमोजिम प्रतिवादी मानबहादुरलाई भएको सजायको आधा अर्थात ७ (सात) वर्ष ९ (नौं) महिना कैद र रू.२,८०,०००।– (दुई लाख असी हजार) जरिवाना गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।५।२१ को फैसला सदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।३।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी तथा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ३१ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०९५६, ०९५७, ०९५८, ०९५९, ०६९-CR-११८६, कर्तव्य ज्यान, *गोपाल रावत लामा वि. नेपाल सरकार, पासाङ लामासमेत वि. नेपाल सरकार, सुरेन्द्रबहादुर शाहीसमेत वि. नेपाल सरकार, हिरो रावत लामा वि. नेपाल सरकार, तेजबहादुर शाही वि. नेपाल सरकार*

मृतक बसराजको मृत्यु कर्तव्यबाट भएको हो होइन भन्नेतर्फ हेर्दा मृतक बसराज शाहीको मृत लासको दाहिने कानमुनि केही सुन्निएको र कालो निलो दाग रहेको भन्ने लास जाँच मुचुल्का देखिन्छ। मृत्युको कारण Tear of the cervical part of spinal cord at $C_3$, $C_4$ level leading to cardio respiratory arrest following blunt trauma to neck भन्ने मृतकको शव परीक्षण प्रतिवेदन देखिएको र बोधो चोटको कारण घाँटीको तेस्रो र चौथो मेरूदण्ड भाँचिएर सुषुम्ना चुडिएर श्वास प्रश्वास र मुटुको चाल तत्काल रोकिन गई मृत्यु भएको भन्ने मृत्युको कारण खुलाइएको जिल्ला स्वास्थ्य कार्यालय, कालिकोटको च.नं.१४० मिति २०६७।३।१५ को पत्रबाट देखिएकोले मृतक बसराजको मृत्यु स्वाभाविकरूपमा

नभई कर्तव्यबाट नै भएको पुष्टि हुन आउने।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा डर, धाक देखाई, शारीरिक यातना दिई बयान गराएको भनी जिकिर लिए तापनि निजहरूले मुद्दा हेर्ने अधिकारीसमक्ष शारीरिक जाँच गराइ पाउन माग गरेको र सो गराएकोसमेत देखिँदैन । अभियोग पत्र दायर गर्नुपूर्व प्रतिवादीहरूको शारीरिक मानसिक अवस्था शरीरमा कुनै घाउ चोटपटक निल डाम भए नभएको खुलाई पठाइदिन भनी पठाइएकोमा निजहरूको अवस्था सामान्य (Normal clinically) रहेको भनी जिल्ला स्वास्थ्य कार्यालय, कालिकोटबाट मिति २०६७।३।२० मा Medical Examination Report भई आएको पाइन्छ । तसर्थ यी प्रतिवादीहरूलाई अनुसन्धानको क्रममा यातना दिई इच्छाविपरीत बयान गराइएको भन्ने प्रमाणित भएको पाइएन। साथै मिसिल संलग्न अन्य तथ्य प्रमाणबाट समेत समर्थित हुन आएको निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिने।

बसराज शाहीको मृत्यु बोधो चोटको कारण घाँटीको तेस्रो र चौथो मेरूदण्ड भाँचिएर सुषुम्ना चुडिएर श्वासप्रश्वास र मुटुको चाल तत्काल रोकिन गई मृत्यु भएको देखिन आएकोले प्रतिवादी गोपाल रावत लामाले मृतक बसराजलाई टाउको बटारेर भुइँमा फाल्ने र भुइँमा ढलेपछि प्रतिवादी तेजबहादुर शाहीले खुट्टा लात्तीले छातीमा हान्ने गरेको कारणबाट बसराज शाहीको मृत्यु भएको पुष्टि हुन आयो। तर निज दुईजना प्रतिवादीहरूमध्ये कुनै एकजनाको चोटबाट मात्र वा दुवै जनाको संयुक्त कुटपिटबाट बसराजको मृत्यु भएको भन्ने कुरा यकिनसाथ भन्न सकिने अवस्था देखिँदैन। यस अवस्थामा उपरोक्त ज्यानसम्बन्धीको महलको १३(३) नं. मा भएको वर्णित कानूनी व्यवस्थाबमोजिम निज प्रतिवादीद्वय गोपाल रावत लामा र तेजबहादुर शाहीलाई जनही जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, जुम्लाको फैसला मिलेकै देखिने।

सुरूदेखिको घटनाको श्रृङ्खलामा यी प्रतिवादीहरूको संलग्नता देखिएपछि प्रतिवादीद्वय गोपाल रावत लामा र तेजबहादुर शाहीले कुटपिट गर्दाको अवस्थामा संलग्नता नरहेको भन्ने आधारमा मात्र निजहरूको प्रस्तुत वारदातमा कुनै भूमिका नरहेको भन्न मिल्ने देखिएन। प्रस्तुत वारदातमा यी प्रतिवादीहरूले मृतकसँग सुरूमा झगडा भनाभन गरेका, वारदातस्थलमा मौजुद रही मृतकलाई प्रतिवादीहरू गोपाल रावत लामा र तेजबहादुर शाहीको कुटपिटबाट जोगाई निजको ज्यान बचाउनतर्फ कुनै प्रयास नगरेको भन्ने देखिन आउने।

प्रतिवादीद्वय गोपाल रावत लामा र तेजबहादुर शाहीलाई अ.बं. १८८ नं. बमोजिम ८ वर्षमात्र कैद सजाय हुन चित्तले देखेको भनी पुनरावेदन अदालत, जुम्लाबाट राय पेस भएको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले मृतक बसराजलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी केही रहे भएको देखिँदैन । वारदातमा धारिलो तथा जोखिमी हतियार केही प्रयोग भएको छैन । होटेलमा खाजा खाएको पैसा तिर्ने क्रममा रू.१०।– को लागि विवाद उठान भई मृतकले सुनिता शाहीलाई नराम्रो शब्द प्रयोग गरेपछि उठेको विवादले कुटपिटको रूप लिन पुगेको देखिन्छ। सोही क्रममा यी प्रतिवादीहरूले मृतकलाई होटलबाट निकाली केही पर लगी साधारण हात लातले कुटपिट गर्दा बसराजको मृत्यु हुन पुगेको वारदात हुँदाको अवस्था परिस्थितिलाई विचार गर्दा यी प्रतिवादीहरूलाई अ.बं. १८८ नं. बमोजिम ८ वर्ष मात्र कैद सजाय हुन पेस भएको रायसमेत मनासिब देखिने।

प्रतिवादीहरू मध्येका गोपाल रावत लामा र तेजबहादुर शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (३) नं. बमोजिम जनही जन्मकैदको सजाय गरी अ.बं. १८८ नं. बमोजिम जनही ८ वर्ष कैद सजाय गर्न व्यक्त राय र अन्य प्रतिवादीहरू पासाङ लामा, विष्णु लामा, सुरेन्द्रबहादुर शाही, सुनिता शाही र हिरा रावत लामालाई ऐ. महलको १७(३) नं. बमोजिमको कसुर अपराधमा जनही १ वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, जुम्लाको मिति २०६८।०९।०३ को रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर अपरेटरः सिजन रेग्मी

इति संवत् २०७३ साल वैशाख १४ गते रोज ३ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०२६८, उत्प्रेषण / परमादेश, *डा.रामशंकर ठाकुर वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत*

रिट निवेदक नेपाल स्वास्थ्य सेवाको एघारौं तहमा कार्यरत कर्मचारी रहेको कुरामा विवाद छैन। निज नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जमा मिति २०७०।४।९ बाट कार्यरत रहेकोमा समान तहको जिल्ला अस्पताल नुवाकोटमा सरूवा भएको देखिन्छ। निजलाई सरूवा गर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २०, २१ र २२ लाई आधार मानिएको देखिन्छ। उक्त दफा २० लाई हेर्दा सरूवा गर्ने र काजमा खटाउने अधिकारको व्यवस्था रहेको देखियो। सोबमोजिम निवेदक एघारौं तहमा कार्यरत कर्मचारीको हकमा नेपाल सरकारबाट मात्र सरूवा गर्नसक्ने व्यवस्था रहेको देखियो। निजको सरूवा मन्त्रिस्तरबाट भएको भन्ने निवेदन व्यहोराबाट नै देखिन आएकोले सो सम्बन्धमा थप विश्लेषण गरिरहनु परेन। निवेदकको समयावधि नपुगी सरूवा गरेको भन्ने दाबीको सन्दर्भमा विचार गर्दा निज मिति २०७०।४।९ देखि मात्र नारायणी उपक्षेत्रीय अस्पतालमा कार्यरत रहेको देखिँदा निजको ऐनले तोकेको दुई वर्षको सेवा अवधि पुगेको भने देखिएन। त्यसरी अवधि नपुगी सरूवा गर्नु पर्ने कुनै आधार र कारण पनि सरूवासम्बन्धी निर्णयमा खुलाएको देखिएन। यसरी आधार र कारण नखुलाई समयावधि नपुगी गरिएको सरूवालाई स्वेच्छाचारी सरूवाको रूपमा निवेदकले नामाकरण गरेको कार्यलाई अन्यथा लिनुपर्ने देखिएन। तर, रिट निवेदन साथमा निवेदकले पेस गरेको निजको नेपाली नागरिकताको प्रमाणपत्र हेर्दा उक्त प्रमाणपत्र प्रमुख जिल्ला अधिकारीको कार्यालय, रौतहट, गौरले मिति २०३१।२।१४ मा जारी भएको र सो मितिमा रिट निवेदकको उमेर २० वर्षको रहेको भन्ने सो नागरिकताको प्रमाणपत्रबाट देखियो। निजको सेवामा रहने उमेरको हद ६० वर्षलाई मान्दा आजका मितिसम्म रिट निवेदकको उमेर ६० वर्ष नाघिसकेको देखियो। निवेदकले रिट निवेदन दायर गरेको समयमा निज कार्यरत रहिरहेको देखिएको र निजको अवकाशको अवधि एक वर्षभन्दा कम रहेको आधारमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१(ख)(च) बमोजिम अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि रहेको कर्मचारीलाई निजको लिखित माग भएको अवस्थामा बाहेक सरूवा गरिने छैन भन्ने कानूनी व्यवस्था रहेकोले निजको सरूवा कानूनले निवेदकलाई दिइएको

सुविधाको विपरीत भएको भनी मिति २०७१।७।२३ मा अन्तरिम आदेश जारी भएको अवस्थाबाट निजको माग सम्बोधन भइसकेको र हाल निज सेवामा रहेको अवस्था नभई अवकाशप्राप्त गरिसकेको हुँदा निजको सरूवाउपर रिट जारी हुनुको कुनै औचित्य देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शा.अ. तीर्थराज भट्टराई

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल असार ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०६८७, उत्प्रेषण, *यदु विलास भट्टराई वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत*

गैह्रकानूनीरूपमा निर्माण भएको भवनको छतमा विद्युत् प्रसारण लाइनको तार पर्न गएकोले स्थानीय प्रशासनले सो तारलाई अन्यत्रबाट लान पहल नगरेको भन्ने जिकिर लिई निजहरूको नाउँमा समेत परमादेशको आदेश माग गरेको सम्बन्धमा विचार गर्दा रिट निवेदकले प्रचलित कानूनबमोजिम भवन निर्माण गर्दा नक्सा पास गराई निर्माण गरेको नदेखिएको र विद्युत् प्राधिकरणसमेतले उक्त स्थानमा स्थायी संरचना निर्माण नगर्न सचेत गराई रहेको अवस्थामा कानूनविपरीत गरिएको निर्माण कार्यलाई स्थानीय प्रशासनले बैधता प्रदान गरी संरक्षण गर्नु पर्दछ भनी मान्न पनि नमिल्ने।

नेपाल रेडक्रस सोसाईटी, गोरखा शाखाले निजकै नाउँ दर्तामा रहेको जिल्ला गोरखा, गोरखा नगरपालिका वडा नं. ३ स्थित कि.नं. ४ को जग्गामा ११ के.भी. प्रसारण लाइन वितरण तथा प्रसारण लाइनको right of way मा पर्ने गरी भवन निर्माण गर्न लागेकोले सो स्थानमा स्थायी संरचनाको निर्माण नगर्नु भनी पत्राचार गरेको, नगरपालिका क्षेत्रमा स्थायी संरचना निर्माण गर्दा अनिवार्यरूपमा स्थानीय निकायमा नक्सा पास गराई निर्माण कार्य गर्नु पर्नेमा नक्सा पास गरी भवन निर्माण गरेको पनि नदेखिएको अवस्थामा मापदण्डविपरीत निर्माण भएका संरचनाहरूको संरक्षण गर्न मिल्ने र संरक्षण गर्न सक्ने अवस्था पनि देखिँदैन । यसरी नेपाल रेडक्रस गोरखा शाखाले आफ्नो जग्गा विद्युत् प्रसारण लाइनको right of way मा परेको भन्ने जानीजानी गैरकानूनीरूपमा स्थाई संरचना निर्माण गरेको देखिँदा सो संरचनाको संरक्षण गर्नको लागि पहिले नै निर्माण सम्पन्न भइसकेको विद्युत् प्रसारण लाइनलाई निवेदन मागबमोजिम अन्यत्र स्थानबाट लानु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुन सक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल असार ८ गते रोज ४ शुभम।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०७०१, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद शर्मा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदकलाई स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१क को उपनियम (१) बमोजिम तोकिएको अवधिमा मात्र सरूवा गर्नुपर्ने रिट निवेदकको माग भएकोमा उक्त नियमावलीको सरूवासम्बन्धी व्यवस्थालाई हेर्नुपर्ने देखियो । स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१क को देहाय (१) मा कर्मचारीलाई सरूवा गर्दा सोको समय तालिका र अवधि किटान गरिएको छ। जसअनुसार मन्त्रालयले प्रत्येक वर्षको असोज महिनामा, विभागले प्रत्येक वर्षको कार्तिक महिनामा र क्षेत्रीय निर्देशनालयले

प्रत्येक वर्षको मङ्सिर महिनामा सरूवा गर्न सक्ने प्रावधान रहेको देखिन्छ । तर सोही नियमावलीको नियम ३१क को उपनियम ३ मा उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालयमा दरबन्दी रिक्त भई स्वास्थ्य सेवा प्रवाहमा कठिनाई उत्पन्न भएमा, प्राकृतिक प्रकोप वा संक्रामक रोग वा महामारी नियन्त्रण गर्न आवश्यक भएमा, विभागीय प्रमुख वा कार्यालय प्रमुख वा आयोजना प्रमुख भई कार्य सञ्चालन गर्न विशेष जिम्मेवारी दिनु परेमा, अध्ययन र असाधारण बिदा बसेका कर्मचारीको पदाधिकार अन्य स्थानमा सारी सो स्थानको पूर्ति गर्न आवश्यक भएमा मन्त्रालयको स्वीकृती लिई विभागीय प्रमुखले अन्य अवधिमा पनि सरूवा गर्न सक्ने गरी कानूनमा व्यवस्था भएको देखिन्छ । यसबाट निवेदकलाई तोकिएको समयभन्दा फरक समयमा सरूवा गर्न नै नसक्ने भन्ने निवेदन दाबी मुनासिब देखिन नआउने।

वैकल्पिक उपचारको व्यवस्था रहिरहेको भन्ने विपक्षीहरूको जिकिर हेर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० को उपनियम २(क) बमोजिम सरूवा गर्ने अधिकारप्राप्त अधिकारीले गरेको सरूवा संशोधन तथा मिलानको लागि सरूवा गर्ने अधिकारीभन्दा एक तह माथिको अधिकारीसमक्ष निवेदन पेस गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ। निवेदकले आफ्नो रिट निवेदनको व्यहोरामा त्यसरी सरूवा संसोधन वा मिलानको लागि सरूवा गर्ने निकाय वा अधिकारीभन्दा एक तह माथिको अधिकारी वा निकायसमक्ष निवेदन दिएको देखिँदैन । यसरी निवेदकले उपचार प्राप्त गर्ने वैकल्पिक उपचारको व्यवस्था विद्यमान रहिरहेको अवस्था देखिँदा सो व्यवस्थाको उपयोग नगरी वैकल्पिक उपचारको व्यवस्था रहिरहेकोमा रिट क्षेत्राधिकार आकर्षित हुनसक्ने नदेखिने।

निवेदकको स्थायी वतन जिल्ला बागलुङ अमलाचौर गा.वि.स.मा रहेको देखिन्छ । निजको हालको पदमा स्तरवृद्धि भएपश्चात् पनि सोही स्थानमा रहिरहेको सो अवधि दुई वर्षभन्दा बढी भएको देखिन्छ। समयावधि बाँकी हुँदै सरूवा गरेको निवेदन दाबी पनि देखिँदैन। यसरी लामो अवधिसम्म आफूलाई अनुकूल र पायक पर्ने कार्यालयमा मात्र रहिरहन पाउनु पर्दछ भन्ने मनसायले रिट निवेदन दायर भएको देखिँदा यस्तो दाबीलाई कानूनसम्मत मान्न सकिन्न। रिट निवेदकलाई बेजिल्लामा सरूवा गरिएको अवस्था रहेको नभई एउटै जिल्लाअन्तर्गतको अमलाचौर उपस्वास्थ्य चौकीबाट पैंयूपाटा उपस्वास्थ्य चौकीमा सरूवा गरिएको देखिन्छ । निवेदक राष्ट्रियस्तरको ट्रेड यूनियनमा रहेकोले सरूवा अपायक भयो भन्ने निवेदन दाबी रहेको हेर्दा निजले सो तथ्यको जानकारी अख्तियारवालाई गराएको देखिँदैन । रिट निवेदन दायर गर्दा मात्र निवेदन व्यहोरामा उल्लेख गरेको तर सो तथ्य पुष्टि गर्ने कुनै प्रमाण प्रस्तुत हुन सकेको देखिँदैन । त्यसका अतिरिक्त यी दुवै गाउँ विकास समिति भौगोलिकरूपमा आपसमा जोडिएको अवस्था देखिँदा अमलाचौरमा पायक पर्ने र पैंयूपाटामा अपायक पर्ने भन्ने दाबी मुनासिब देखिन नआउने।

अत: निवेदकलाई कानूनमा व्यवस्था भएबमोजिमको कार्यविधि अपनाई तोकिएको मापदण्ड र प्रक्रिया अपनाई अधिकारप्राप्त अधिकारीबाट सरूवाको निर्णय भएको देखिन्छ। आफूलाई अनुकूल पर्ने कार्यालयमा सदैब कार्य गर्न पाउनु पर्दछ भन्नु कानून र न्यायसम्मत पनि देखिँदैन। साथै रिट निवेदकलाई सरूवा गर्ने गरी भएको निर्णयउपर वैकल्पिक उपचारको व्यवस्थासमेत रहिरहेको अवस्थामा सोको उपयोग नगरी रिट क्षेत्राधिकारबाट उपचार प्रदान गर्ने अवस्था पनि देखिँदैन । तसर्थ निवेदन मागबमोजिम आदेश

जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ साल चैत १६ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-WO-०१७९, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद शर्मा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**इजलास नं. ९**

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-१०४४, जबरजस्ती करणी, *वीरबहादुर बाठा सुनार वि. नेपाल सरकार*

पीडितको उमेर सात (७) वर्ष रहेको कुरा दर्ता नं. २६३ मिति २०६९।३।२० को मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रबाट देखिएको छ। यस स्थितिमा केवल पीडितको जन्मदर्ताको प्रमाणपत्र पछि बनाएकै आधारमा मात्र पीडितको उमेर दस वर्षभन्दा माथि थियो भनी कम सजाय गर्ने कार्य पीडितले क्षतिपूर्तिसहितको न्याय पाउने संवैधानिक हक अनुकूल देखिँदैन। यसर्थ पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

आइते नेपालीको किटानी जाहेरी दरखास्त, पीडितको घटना विवरण कागज र अदालतमा गरेको बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, घटनास्थल मुचुल्का, प्रतिवादीको मौकामा गरेको बयानसमेतका आधारमा प्रतिवादी वीरबहादुर बाठा सुनारले पीडित 'ङ' कुमारीलाई जबरजस्ती करणी गरेको देखिन आएबाट पुनरावेदन अदालत, महेन्द्रनगरले ठहर गरेको कसुर र सजायलाई अन्यथा मान्न नसकिने।

माथि विवेचित तथ्य, प्रमाण र कानूनसमेतको आधारमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. अनुसारको कसुरमा सोही ३(२) नं. अनुसार आठ (८) वर्ष कैद र सोही महलको १० नं. बमोजिम बीस हजार (रू.२०,०००।-) क्षतिपूर्ति भराई दिने गरी कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६९।१०।१५ मा भएको फैसलामा केही उल्टी गरी प्रतिवादी वीरबहादुर बाठा सुनारलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ नं. को देहाय एक (१) बमोजिम वर्ष दस (१०) कैद हुने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।५।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-०४१०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तेतरा चौधरीसमेत*

प्रतिवादी तेतरा चौधरीसमेत घुर (आगो) तापिरहेको स्थानमा मृतक रामबहादुर नेपाल आई एक्कासी खरानी फालिदिँदा आगो तापेर बसिरहेका यी प्रतिवादीसमेत उत्तेजित भई तत्काल उठेको रिस थाम्न नसकी प्रस्तुत वारदात घट्न गएको उल्लिखित तथ्य प्रमाणहरूबाट देखिन्छ। मृतक र प्रतिवादीबीच वारदात हुनुभन्दाअघि कुनै रिसइवी रहेको कुरा मिसिल संलग्न कागजातहरूबाट समेत देखिँदैन। तत्कालीन परिस्थितिको कारणबाट उठेको रिसको कारणले वारदात घट्न गएको कुरा घटनाको पृष्ठभूमिलाई हेर्दा देखिन्छ। वारदातको स्वरूपबाटै पूर्वरिसइवी,

योजना वा मनसाय केही नभएको अवस्थामा तत्काल अत्याधिक उत्तेजनामा आई केही क्षणको लागि पूर्णतः आत्मनियन्त्रण गुमाई घटना घट्न गएको स्थितिमा प्रस्तुत वारदात आवेसप्रेरित प्रकृतिको देखिन आएबाट वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

किटानी जाहेरी दरखास्त तथा बकपत्र, मृतकको मृत्यु कुटपिटको कारणबाट चोट परी मरेको भन्नेसमेतको शव परीक्षण प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का तथा लास जाँच मुचुल्का, घटना विवरण कागजलगायत मिसिल संलग्न प्रमाण र कागजातहरू समेतबाट यी प्रतिवादीले तत्कालै उठेको रिसबाट आवेसमा आई गरेको कुटपिटको कारणबाट कर्तव्य गरेको देखिन आएकोले पुनरावेदन अदालत, विराटनगरले ठहर गरेको कसुर र सजायलाई अन्यथा मान्न नसकिने हुँदा प्रतिवादी तेतरी चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम कैद वर्ष दस (१०) गरी मोरङ जिल्ला अदालतबाट मिति २०६९।१।४ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।७।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CR-००५४, कर्तव्य ज्यान, *दलमर्दन सिंजाली मगरसमेत वि. नेपाल सरकार*

आरोपित कसुरमा प्रतिवादीहरू दलमर्दन सिंजाली मगर र फत्ते सिंजाली मगर अधिकारप्राप्त अधिकारी एवम् अदालतमा समेत साबित हुँदै पैसाको निहुँमा झगडा हुँदा आफूहरूकै कर्तव्यबाट जाहेरवालाको छोराको निधन भएको हो। लिलाबहादुर सिंजालीको विवाहमा गएकोमा मृतक मातेको र आफूहरूलाई गाली गलौज गरेको, रातको १२ बजे आफूहरू फत्तेबहादुरको दोकानमा जाँदा मृतक पनि पछि पछि गई हामीहरूले चुरोट खाई बसेको स्थानमा सँगै बसी निहुँ खोजी हामीलाई धकेल्न थालेकाले रिस उठी निजको घाँटीमा मफलरले बाँधी तान्दै खोल्सासम्म पुर्‍याई मफलर फुकाई हामी त्यहाँबाट हिँडेका हौं। मृतकलाई मार्ने मनसाय पनि थिएन भनी लेखाई दिएको पाइन्छ। जाहेरवाला पूर्णबहादुर तामाङले यी प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेका हुन् भनी बकपत्र गरेको देखिन्छ। मिसिल संलग्न प्रमाण कागजबाट मृतक दिलबहादुर तामाङको मृत्यु यिनै प्रतिवादीहरू दलमर्दन सिंजाली मगर र फत्ते सिंजाली मगरको कर्तव्यबाट भएको शङ्कारहित तवरले पुष्टि हुने।

ज्यानै लिने नियतले कुनै काम गर्नु मनसायप्रेरित हत्याको आपराधिक मनसाय (Mens Rea) हो। मार्ने नै मनसाय नभए पनि मानिसको ज्यान जानसक्ने कुनै काम जानीजानी गर्नु र त्यसबाट मानिसको ज्यान जानुजस्ता परिणाम भएमा पनि आपराधिक मनसाय पूरा भएको मानिन्छ। त्यस्तै ज्यानसम्बन्धी कसुरमा मानिसको ज्यान मर्न सक्नेसम्मको काम गर्नु र त्यसबाट मानिसको ज्यान जानु यसको आपराधिक कार्य (Actus Reus) हो। त्यसैले प्रस्तुत मुद्दामा अपराध हुनका लागि आवश्यक पर्ने दुवै तत्त्व विद्यमान रहेको पाइने।

दुवै जना प्रतिवादीहरू दलमर्दन सिंजाली मगर र फत्ते सिंजाली मगरले संयुक्तरूपले आरोपित कसुर गरेको देखिन आएकोले पुनरावेदक / प्रतिवादीहरूको

पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूले आरोपित कसुर गरेको देखिएकोले दलमर्दन सिंजाली मगर र फत्ते सिंजाली मगरलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।१०।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

अपराध हुँदा यी प्रतिवादीहरूको उमेर र अवस्थासमेत विचार गर्दा निजहरूको हकमा अ.वं. १८८ नं. को प्रयोग गरी निजहरूले अपराध गर्दाको परिस्थिति र निजहरूलाई हुने सजायबीच सन्तुलन स्थापित गर्ने गरी सजायमा कमी गर्नु औचित्यपूर्ण र इन्साफको रोहमा न्यायपूर्ण हुने देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादीहरू दलमर्दन सिंजाली मगर र फत्ते सिंजाली मगरले अपराध गर्दाको अवस्थाको विश्लेषण, परिस्थिति, उमेर र पूर्वआपराधिक चरित्रको अभावसमेतलाई दृष्टिगत गर्दा यी प्रतिवादीहरूलाई अ.बं. १८८ नं. अनुसार कैद वर्ष १० (दश) गरेमा न्यायको मकसद पूरा हुने नै हुँदा निजहरूलाई कैद वर्ष १० मात्र हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-०८५९, उत्प्रेषण, *घनश्याम देव वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत*

निवेदकको कम्पनीको कर्मचारी सेवा शर्त नियमावली, २०३९ को नियम ६.२ अन्तर्गतको अनुसूची १४ मा नेपाल सरकारका कर्मचारीले पाएसरहको जिवन बीमा सुविधा उपलब्ध गराइनेछ भन्नुको तात्पर्य बीमा प्राप्त गर्नको लागि पनि सोही आधार र शर्तको पालना गरिएको हुनुपर्छ भन्ने हो । सरकारी कर्मचारीले जस्तो बीमा कोषमा योगदान नगर्ने तर सरकारी कर्मचारीसरह उपलब्ध गराइनेछ भन्ने व्यवस्था लेखिएकै आधारमा जिवन बीमाको सुविधाको दाबी गर्न मिल्दैन । निवेदकको हकमा हेर्दा कम्पनीमा बीमा कोष खडा गर्ने तथा कर्मचारीहरूले उक्त कोषमा मासिकरूपमा निश्चित रकम योगदान गर्ने व्यवस्था रहेको देखिएन । यसरी कुनै पनि योगदान बिना बीमा रकम सुविधा पाउनुपर्ने भन्ने निवेदनको मागसँग सहमत हुन नसकिने।

बीमासम्बन्धी अवधारणा योगदान (Insurance Premium) मा आधारित रहेको हुन्छ। बीमा गर्दा बिमकले बिमितलाई बीमासुविधा उपलब्ध गराउँछ भने त्यसको प्रतिफल (Consideration) स्वरूप बिमितले पनि निश्चित रकम योगदानको रूपमा बिमकलाई उपलब्ध गराउँछ । बीमासम्बन्धी यो आधारभूत अवधारणा हो। योगदान (Insurance Premium) बिना बीमा हुन सक्दैन। प्रस्तुत निवेदनमा निवेदकलाई बिमित तथा कम्पनीलाई बीमक मानी हेर्दा निवेदकले कुनै योगदान नगरेको अवस्थामा कम्पनीबाट बीमाबापतको सुविधाको दाबी गर्नु बीमासम्बन्धी आधारभूत अवधारणाको समेत विपरित रहेको देखिने।

जहाँसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै कानूनी आधार नै नदेखाई रकम फिर्ता गर्न पत्र दिइएको भन्ने रिट निवेदन जिकिरका हकमा हेर्दा सो सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै पत्र लेख्यो लेखेन सो प्रमुख विषय नै होइन । नियमअनुसारको बीमा सुविधा पाउन सक्ने नसक्ने भन्ने हो । नियमले नै त्यस्तो सुविधा पाउन नसक्ने अवस्थामा निवेदकको सो जिकिरको कुनै

प्रयोजन नदेखिँदा निवेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत : सन्देश श्रेष्ठ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०73 साल साउन २५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६८-WO-१०२७, उत्प्रेषण, *हरिशरण के.सी.समेत वि. नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं. ११

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-CI-०७४०, जग्गा टन्टा खिचोला चलन, *शिवपुजन ठाकुर लोहार वि. जयश्री साह सोनारसमेत*

वादीले प्रतिवादीहरूले खिचोला गरे भनी मिति २०६४।१।२० मा प्रस्तुत मुद्दाको फिराद दर्ता गराएकोमा फिराद दर्तापछि निजकै निवेदनबमोजिम निर्माण कार्य रोक्का राख्ने गरी मिति २०६४।१।२३ मा आदेश भई रोक्का रहेको देखिन्छ। यसरी रोक्का राखेपछि अदालतबाट मिति २०६५।४।९ मा भई आएको नाप नक्सा, सर्जमिनमा उल्लिखित कि.नं. २ मा रहे भएको प्रतिवादीहरूको घर अदालतबाट निर्माण कार्य रोक्का राख्नु भनी आदेश भएपछि निर्माण भएको भनी मान्न मिल्ने अवस्था देखिँदैन। यदि अदालतको आदेशपछि प्रतिवादीहरूले घर निर्माण गरेको भए वादीले त्यसतर्फ कारवाही चलाउनु पर्नेमा सोसमेत गरेको नदेखिएबाट नि.नं. २ मा प्रतिवादीहरूको घर पहिलेदेखि नै थियो भनी मान्नुपर्ने अवस्था देखिन्छ। सर्जमिनमा बुझिएका व्यक्तिहरूले समेत उक्त घर जग्गाहरूमा प्रतिवादीहरूको घर रही भोगचलनमा रहेको भनी खुलाई दिएको समेत देखिन्छ। यसरी लामो समयदेखि प्रतिवादीहरूको भोग चलनको घर रहेको भन्ने नक्सा, सर्जमिनसमेतका प्रमाणबाट स्थापित भइरहेको अवस्थामा वादीसँग व्यक्तिगतरूपमा रहेको २०३२ सालको भनिएको रजिष्ट्रेसन नभएको लिखत कागज मात्रको आधारमा विवादित जग्गामा भएका एकभन्दा बढी घरहरूको अवस्थितिसमेतलाई बेवास्ता गरी वादीकै घर जग्गा कायम गरी प्रतिवादीहरूले खिचोला गरेका हुन भनी मान्न मिल्ने अवस्था हुँदा वादी दाबी नपुग्ने ठहराएको सुरू बारा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।९।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-०९५९, १०४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सूर्यमोहन झासमेत, अजय झा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी अजय झाको सम्बन्धमा मिसिल संलग्न तथ्य प्रमाणबाट गरिएको उपरोक्त विश्लेषणबाट निज प्रतिवादीले आफ्नो श्रीमतीलाई माइतबाट रकम ल्याउने विषयमा पटकपटक यातना दिने, झगडा गर्ने गरेको र उक्त घटना वारदातको दिन पनि सोही विषयमा झगडा गरी अमानवीय र क्रुरतापूर्वक कुटपिट गरी घाँटी च्यापी मारेपछि कानूनी कारवाहीबाट बच्न सकिन्छ कि भनी पासो लगाएको बहाना बनाएको भन्ने कुरा पुष्टि हुन आएको छ। निज प्रतिवादीको

माथि उल्लिखित मौकाको बयान लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, डा. रणवीर सिंहको बकपत्र, जाहेरी तथा जाहेरवालाको बकपत्रसमेतबाट पुष्टि भएको हुँदा निज प्रतिवादी अजय झालाई अभियोग मागदाबीबमोजिम सजाय गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

अन्य प्रतिवादीहरू सूर्यमोहन झा, सबितादेवी झा र राधिका झालाई सफाई दिएको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा निज प्रतिवादीहरू कसुर ठहर भएका प्रतिवादी अजय झा कै परिवारका नाताका मानिस भए पनि घटना वारदातका दिन र समयमा निजहरूको उक्त स्थानमा उपस्थिति रहेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट देखिँदैन । घटना वारदातको समयभन्दा पहिला पनि निज प्रतिवादीहरूले मिण्टुदेवीलाई अन्य कुनै किसिमको यातना दिने, रकम माग गर्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता थियो भन्ने कुरा खुल्न आएको अवस्था छैन। फौजदारी मुद्दामा कसुर प्रमाणित हुन ठोस सबुद प्रमाणको आवश्यकता पर्ने।

शङ्का र अनुमानको आधारमा कसैलाई दोषी ठहर गर्न नमिल्ने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतको परिप्रेक्ष्यमा निज प्रतिवादीहरूलाई सफाइ दिने ठहऱ्याएको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिँदा प्रतिवादी अजय झालाई अभियोग मागदाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको तथा प्रतिवादीहरू सच्चीदेवी झा, सूर्यमोहन झा र सबितादेवी झालाई सफाई दिने ठहर गरेको सुरू पर्सा जिल्ला अदालतको मिति २०६८।११।२१ को फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।५।११ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी अजय झाको तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल भदौ १ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-०२३७, ०५३३, अंश, *कलावती नाउँ वि. केशव राम नाउँसमेत, केशव राम नाउँसमेत वि. कलावती नाउँ*

वादी कलावती नाउँका पति जिमिदार नाउँ परलोक भइसकेको भन्ने देखिन्छ । निज स्व. जिमिदार नाउँका दाजु नाताका व्यक्ति प्रतिवादी केशवराम नाउँको पिता अम्रिकाप्रसाद भएको भन्ने तथ्यमा विवाद छैन । निज अम्रिकाप्रसाद पनि परलोक भइसकेको देखिँदा वादीका पति र प्रतिवादी केशवरामका पिता अम्रिका नाउँ दाजुभाइ नाताको भन्ने स्पष्ट छ। निजहरू जीवित छँदै २०२० सालमा घरसार बन्डा भएको भनी प्रतिवादी कथन छ । तर २०२० सालमा घरसारमा भएको बन्डापत्रको कागज पेस गर्न सकेको नदेखिनुका साथै घरसारमा भएको भनिएको बन्डापत्रको कार्यान्वयन भएको पनि देखिँदैन। बन्डापत्रअनुसार दा.खा. नामसारीलगायतका काम भएको पनि छैन। उल्लिखित मितिमा घरसारमा बन्डा भई नापीमा आआफ्नो अंशहकको जग्गा नापजाँच गरी व्यवहार प्रमाणबाट वास्तवमा अंशबन्डा भइसकेको भन्ने प्रमाण देखिँदैन । यस्तो अवस्थामा २०२० सालमा बन्डा भइसकेको भन्ने प्रतिवादी कथन ठोस प्रमाणको अभावमा विश्वासनीय नदेखिने।

वस्तुत: स्व. अम्रिकाप्रसाद र निजका भाइ स्व. जिमिदारको बीचमा अघि नै व्यवहारबाट प्रमाणबाट छुट्टी अंशबन्डा भएको भन्ने तथ्य पुष्टि हुन सकेको छैन। अंश मुद्दामा आएको तायदाती फाँटवारी हेर्दा पनि वादी र निजतर्फका सन्तानको नाउँमा अचल सम्पत्तिहरू बराबर दर्ता रहेको भन्ने पनि देखिँदैन। यसर्थ, वादी र प्रतिवादीहरू अंशी अंशी नाताको भन्ने देखिन आएको छ। निजहरूको बीचमा रीतपूर्वक अंशबन्डा भएको देखिन आएको छैन। यस अवस्थामा मिति २०२० सालमा घरसारमा बन्डा भइसकेकोले अंशबन्डाको ३० नं. अनुसार बन्डा गर्न नपर्ने भन्ने पुनरावेदक प्रतिवादी केशवराम नाउँ र सुदामा नाउँको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

"एकासगोलमा रहेको अवस्थामा जग्गा खरिद भएको भन्ने देखिन्छ। सो जग्गा खरिद गर्दा के कस्तो रूपमा निजी आर्जनबाट प्राप्त भएको रकम लगानी भएको हो भन्ने प्रमाण दिन सकेका छैन। मोही हकबाट आएको जग्गा बिक्री गरी आएको रकम लगानी भएको हो भनी जिकिर लिए तापनि त्यस्तो रकम लगानी भएको पुष्टि हुने प्रमाण पेस छैन। मिति २०६०।७।२५ मा बिक्री गरेको भनी पुनरावेदन पत्रमा उल्लेख छ। तर ३ वर्षपछि मिति २०६३।८।१८ मा प्रतिवादीले जग्गा खरिद गरेका छन्। यति लामो अवधिसम्म बिक्री गरेकै रकमबाट मात्र जग्गा खरिद गरेका होलान् भनी अनुमान लगाउनु न्यायोचित हुँदैन। सगोलमा रहेको अवस्थामा कुनै अंशियारले सम्पत्ति आर्जन गरेको छ भने सो आर्जन निजी ज्ञान, सीप वा परिश्रमबाट प्राप्त भएको भन्ने तथ्यगतरूपमा पुष्टि भएमा नै भरपर्दो हुने हुन्छ। सो पुष्टि गर्ने दायित्व सो कुराको दाबी गर्ने पक्षमा नै रहन्छ। अन्यथा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम एकाघरका अंशियारहरू मध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने।

निजी परिश्रम र मोहियानी जग्गा बिक्री गरी प्राप्त रकमबाट खरिद गरेको जग्गा प्रतिवादीले प्रमाण दिन नसकेको हुँदा प्रतिवादीले सगोलको अवस्थामा आर्जन गरेको सम्पत्तिमा सबै अंशियारहरूको अंश हक निहित रहेको हुँदा त्यस्तो सम्पत्ति बन्डा नलाग्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने।

कि.नं. ८३१ र ८८३ नं. को जग्गाको स्रोत साबिकमा मोहियानी हकबापत जग्गा बाँडफाँड हुँदा प्रतिवादी केशवराम नाउँका पिता अम्रिकाप्रसादका नाउँमा प्राप्त भएको रहेछ। सो मोहियानी हकबापत प्राप्त जग्गा कुन पुस्ताका अंशियारको लागि बन्डायोग्य हुने वा नहुने भन्ने सम्बन्धमा यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्तहरूतर्फ विचार गर्नुपर्ने।

मुलुकी ऐन, अंशबन्डाको १८ नं. मिति २०३४।७।२७ मा संशोधित भई सो संशोधन भएपछि २०३६।११।१० मा मोहीको नाताले प्राप्त गरेको हुँदा निजी आर्जनको सम्पत्ति देखिन आई पिता पूर्खाको पालाको भन्ने देखिन नआउने।

तसर्थ उल्लिखित जग्गाको कि.नं. ८३१ र ८८३ को जग्गा बाउबाजेका नाउँबाट मोहियानी हक सर्दै आएको देखिँदैन। वादीका पति स्व. जिमिदार नाउँका दाजु अम्रिका प्रसादकै पालामा निजले मोहियानीबापत प्राप्त गरेको देखिन्छ। समान पुस्ताका दाजुभाइका बीचमा मोहियानी हकबाट आएको सम्पत्ति बन्डा लाग्ने अवस्था नरहने।

मिति २०२२।१२।७ मा प्रतिवादी केशवराम नाउँका पिताले भरेको १ नं. अनुसूचीमा पत्नी नन्द राना, छोरा केशवराम, छोरा बालकराम, भाइ जिमिदार नाउँ,

भाइबुहारी भन्तुरा, र भतिजी रितालाई एकासगोलको भनी उल्लेख गरेका छन्। वि.सं. २०२० सालमा छुट्टी भिन्न भए सो भन्दापछि मिति २०२२।१२।७ मा भरेको १ नं. लगतमा भाइ जिमिदारलाई एकासगोलको भनी लेख्ने अवस्था पनि रहँदैन। १ नं. लगतमा एकासगोल भनी जनिएको देखिन्छ। सो लगत भर्दा मोहियानी लागेका यी विवादित जग्गाहरूको विवरण उल्लेख छैन। सो जनिएको व्यहोराले अम्रिकाप्रसाद र निजका भाइ जिमिदार एकासगोलमा बसोबास गरेको भन्ने बुझिन्छ। एकासगोलमा रहे पनि अंशियारहरूले आआफ्नो निजी आर्जनबाट प्राप्त गर्ने अवस्था रहेकै हुन्छ। परिवारभित्र निजी प्रयासबाट प्राप्त गरेको जग्गा स्वआर्जनको भई बन्डा लाग्ने अवस्था रहँदैन। एकासगोलमा रहेको भन्ने बोध हुने तथ्यबाट कसैले निजी प्रयास मिहिनेतबाट प्राप्त गरेको सम्पत्ति बन्डा लाग्छ भन्नु यसै अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्त तथा मुलुकी ऐन, अंशबन्डाको १८ नं. को भावनविपरीत हुन जाने देखिन्छ। यस अदालतबाट मिति २०७०।४।१८ मा प्रदान गरिएको निस्सामा उल्लिखित नजिर प्रस्तुत मुद्दामा रहेको तथ्यसँग मिल्न नआएकोले आकर्षित हुनसक्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट कि.नं. ८३१ र कि.नं. ८८३ का जग्गा मोहीबापत प्राप्त गरेको देखिँदा सो जग्गाबाहेक अन्य सम्पूर्ण जग्गा फाँटवारीमा उल्लिखित सम्पत्तिको २ भागको १ भाग अंश हक वादीले प्रतिवादीहरूबाट छुट्याई लिन पाउने ठहर गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६८।०३।२८ मा भएको फैसला मनासिब नै देखिँदा यस अदालतबाट मिति २०७०।४।१८ मा मुद्दा दोहोर्‍याई हेर्न भएको निस्सासँग सहमत हुन सकिएन। पुनरावेदन अदालत नेपालगन्जको मिति २०६८।३।२८ को फैसला सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०२३८, बकसपत्र लिखत बदर, *कलावती नाउँ वि. सुदामा नाउँनी*
- ०७०-CI-०५३४, बकसपत्र लिखत बदर, *केशवराम नाउँसमेत वि. कलावती नाउँ*

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६६-CI-०५०४, हक कायम दर्ता, *मु.स. गर्ने कन्तलाल राय यादव वि. रामअशिस राय यादवसमेत*

मुद्दा सकार गर्ने सम्बन्धमा मुलुकी ऐन, अ.बं. ६२(३) नं. को उक्त कानूनी व्यवस्थामा ऐनले बिगो भर्नु भराउनु, दिनु दिलाउनु वा सम्पत्ति चलन चलाउनु लिनुपर्ने मुद्दामा म्याद तारिखमा हाजिर हुनुपर्ने व्यक्ति मरी भन्ने उल्लेख भएको छ। प्रत्यक्षरूपमा मुद्दाको काम कारवाहीमा संलग्न रहेको तथ्य देखिनुपर्ने सो व्यक्ति मरेमा मुद्दा सकार गर्न पाउने भन्ने स्पष्ट छ। प्रस्तुत मुद्दामा जगमनीयादेवीले आफैँले प्रस्तुत मुद्दा दायर गरी कारवाहीको क्रममा निजको मृत्यु भएमा मुद्दा सकार गर्न पाउने हुन्छ। मूल व्यक्ति जगमनीयाले मुद्दा नै दिएको छैन, कार्यान्वयनमा तारेखमा रहेको छैन भने स्वतन्त्ररूपमा उक्त अ.बं. ६२(३) को प्रयोग र सुविधा यी वादीले प्राप्त गर्न सक्ने हुँदैन। अ.बं. ६२(३) नं. को सुविधा प्राप्त गर्न अनिवार्यरूपमा मर्ने व्यक्ति स्वयम् मुद्दामा संलग्न रही म्याद तारेखमा हाजिर हुनुपर्ने तथ्य सर्वप्रथम स्थापित हुनुपर्ने।

वादीको आमा जगमनियाले फैसलामा भएको

त्रुटि सच्याई पाउँ भनी तहतह अदालतसम्म गई एउटा कानूनी मार्ग अवलम्बन गरी अन्तिम भइसकेको देखिएको छ । सोअनुसार जगमनीयाले नै आफ्नो नाउँमा दर्ता हक स्थापित गर्न नसकेको जग्गामा निजको छोरा यी वादीले हक प्राप्त गर्नसक्ने देखिएन । अतः आमाको शेषपछि सो विवादित जग्गामा आमाको हक रहेकाले निजको शेषपछि आफ्नो हक कायम गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू रौतहट जिल्ला अदालतको मिति २०६३।६।३० को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६४।८।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरेको मिति २०६६।८।२६ को आदेशसँग सहमत हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा पुनरावेदन जिकिरसमेत पुग्न सक्ने नदेखिने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६६-CI-०५०५, जग्गा खिचोला चलन, *मु.स. गर्ने कन्तलाल राय यादव वि. रामबहादुर राय यादवसमेत*
- ०६६-CI-०३८५, लुटपिट, *मु.स. गर्ने कन्तलाल राय यादव वि. रामबहादुर राय यादवसमेत*

## इजलास नं. १३

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई**, ०७०-CI-११४१, परमादेश, *शोभाराम बुढाथोकीसमेत वि. अमृत साइन्स क्याम्पस, लैनचौर काठमाडौंसमेत*

पुनरावेदन अदालत, पाटनले छुट आवेदन फाराम बुझाउन सक्ने गरी परीक्षा नियन्त्रण कार्यालयबाट विशेष सूचना प्रकाशित भएकै हो र निवेदकहरूको परीक्षा नै भए सो फारामको आधारमा निवेदकहरूलाई २०६९ चैतमा सञ्चालन हुने परीक्षामा सामेल गर्नु गराउनु भनी विपक्षीहरूका नाममा मिति २०६९।१२।२२ मा अन्तरिम आदेश जारी गरेको देखिन्छ । तर रिट निवेदकहरूले मिति २०६९।११।४ मा नै फाराम आफू अध्ययनरत अमृत साइन्स क्याम्पसमा बुझाएको भन्ने जिकिर पुष्टि हुने कुनै प्रमाण रिट निवेदन तथा पुनरावेदन पत्र साथ पेस गर्न सकेको देखिँदैन । यसैगरी यी रिट निवेदकहरूले पुनरावेदन अदालत, पाटनले मिति २०६९।१२।२२ मा जारी गरेको अन्तरिम आदेशअनुसार क्याम्पसमा बुझाएको फारामको आधारमा निजहरूलाई २०६९ चैतमा सञ्चालन हुने परीक्षामा सामेल नगराएको भन्ने जिकिरसमेत पुनरावेदन पत्रमा लिन सकेको देखिँदैन । यसका साथै रिट निवेदकहरूले २०६९ साल चैत २७ गतेबाट सञ्चालन हुने विज्ञान संकायको स्नातक तह दोस्रो वर्षको परीक्षामा सामेल गराई पाउँ भन्ने माग दाबी लिएकोमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।२।८ मा रिट निवेदन खारेज हुने आदेश भएको अवस्थामा नै उक्त परीक्षा सञ्चालन हुने भनिएको समयावधि नै समाप्त भइसकेको देखिने ।

उपर्युक्त विवेचनाहरूबाट पुनरावेदकहरूले २०७०।१२।२७ मा सञ्चालन हुने जुन परीक्षामा सामेल गराई पाउँ भनी जिकिर लिएको छ सो परीक्षा सञ्चालन मिति नै व्यतीत भइसकेकोले परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था औचित्य देखिएन । अतः रिट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत,

पाटनबाट भएको आदेश मिलेकै देखिँदा प्रत्यर्थीहरू झिकाउनु पर्ने देखिएन । पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।८ को आदेश सदर हुने ।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई**, ०७०-CI-१२१५, उत्प्रेषण / परमादेश, *नरोत्तमकुमार अधिकारी वि. भोली चौधरीसमेत*

पुनरावेदकले आफ्नो पिता नारायणप्रसाद उपाध्यायको नाममा मिति २०५५।९।१२ मा तामेल भएको म्याद र मिति २०५६।१।६ मा भएको निर्णयलाई बदर गरिपाउँ भनी सो कार्य भएको करिब १५ वर्षपछि प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । पुनरावेदकको पिताले आफ्नो नाममा जारी भएको म्याद बेरितपूर्वक तामेल भएको कारणबाट थाहा पाउन नसकी प्रतिवाद गर्न नपाएको भए मोही नामसारी निर्णय भएको मिति २०५६।१।६ को मितिले ६ महिना भित्रमा थाहा पाएको मितिले पैंतीस दिनभित्र उजुरी दिन सक्ने कानूनी उपचारको हक मुलुकी ऐन, अदालत बन्दोबस्तको महलको २०८ नं. ले प्रदान गरेकोमा यी पुनरावेदकका पिता स्वयम्ले नै आफ्नो जीवनकालमा उक्त कानूनी मार्ग अवलम्बन गरेको देखिँदैन । पुनरावेदकको रिट निवेदन व्यहोराबाट नै मिति २०५६।१।६ मा भोली चौधरीको नाममा मोही नामसारी हुने निर्णय भएको र पुनः भोली चौधरीको नामबाट निजको धर्मपुत्र रामबाबु चौधरीका नाममा मोही नामसारी हुने निर्णय भूमिसुधार कार्यालय, बाराबाट मिति २०६९।६।१४ मा भइसकेको भन्ने देखिन्छ भने सो निर्णयउपर रिट निवेदनमा कुनै चुनौति दिन सकेकोसमेत नदेखिने ।

मोहियानी हकको विषय जग्गाको भोगसँग जोडिएको विषय हो । मोही रहेको व्यक्तिले नै जग्गा जोतभोग गरेको हुन्छ । जसका नाउँमा नामसारी तहतह भएको छ सो व्यक्तिले मोहियानी भोग नगरी आयो होला भन्न सकिने अवस्था छैन । यतिका वर्षसम्म चुप लागि बसेको अवस्थामा अब आएर हस्तक्षेप गर्नु न्यायको रोहमा उचित देखिँदैन । तत्कालीन जग्गाधनि पुनरावेदकका पिता नारायणप्रसाद उपाध्यायले नै भोली चौधरीको नाममा मोही नामसारी हुने ठहर्‍याई भूमिसुधार कार्यालय, बाराबाट मिति २०५६।१।६ मा भएको निर्णयउपर कुनै उजुरी नगरी स्वीकारी बसेको र तह तह मोही नामसारीसमेत भइसकेको अवस्थामा सो निर्णय भएको करिब १५ वर्षपछि परेको प्रस्तुत रिट निवेदनको औचित्यभित्र प्रवेश गरी न्यायिक निरूपण गरिरहनुपर्ने अवस्था देखिन नआउने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम् ।

## इजलास नं. १४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०८२०, उत्प्रेषण, *रूपक न्यौपानेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७० बमोजिम सो ऐन विपरीतको कार्य गरी अदालतबाट सजाय पाएको पाँच वर्ष भुक्तान नगरेको व्यक्ति कम्पनीको प्रबन्धक वा सञ्चालक रहेको भए त्यस्तो कम्पनीलाई वैदेशिक रोजगार सञ्चालन गर्ने इजाजत पत्र नदिने व्यवस्था रहेको देखिन्छ । यी निवेदकहरूलाई

उक्त कानूनी व्यवस्थाअनुसार अनुमतिपत्र नदिएको भन्ने देखिँदैन । सो दफा ७० को अवस्थाबाहेक अन्य अवस्थामा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्नका लागि अनुमतिपत्र दिनबाट रोक लगाउने व्यवस्था उक्त ऐनमा रहेको पाइँदैन । कुनै कानूनले कुनै पेसा वा व्यवसाय सञ्चालन गर्नमा कुनै किसिमको रोक वा प्रतिबन्ध नलगाएको स्थितिमा बिनाकानूनी आधार कार्यकारी निर्णय वा आदेशका आधारमा नागरिकलाई संविधान र कानूनले प्रदान गरेको पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने हकमा रोक लगाउन मिल्ने नदेखिने ।

पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने नागरिकको मौलिक हकलाई जनशक्तिको व्यवस्थापन हुन नसकेको कारण देखाई अनिश्चित समयसम्म रोक्नु मनासिब हुन सक्तैन । नागरिकले कानूनबमोजिम पेसा, व्यवसाय सञ्चालन गर्न अनुमति माग गरेमा त्यसका लागि आवश्यक पर्ने जनशक्तिलगायतका व्यवस्थापकीय प्रवन्ध मिलाई सहजीकरण गर्नु राज्यको दायित्व हो । प्रस्तुत सन्दर्भमा अनुगमन गर्ने जनशक्तिको अभाव रहेको भन्ने कारण देखाई नागरिकको पेसा वा व्यवसाय गर्न पाउने संवैधानिक एवम् कानूनी हक अधिकारको प्रयोगमा अनन्त र अनिश्चित कालसम्म रोक लगाउने कार्यलाई कानून एवम् न्यायसङ्गत मान्न नसकिने ।

विवेचित आधार र कारणहरूबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा पठाएको प.सं. २०६८।६९ सा.वि.च.नं. १४६ मिति २०६८।६।१५ को पत्रसाथ सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा बसेको मिति २०६८।६।१३ को बैठकको निर्णयको बुँदा नं. ४ र वैदेशिक रोजगार विभागले निवेदकहरूलाई समेत बोधार्थ दिएको भनिएको मिति २०७३।१।१० च.नं. २२६६, २२६७, २२६८, २२६९ र २२७० मार्फत कम्पनी रजिस्ट्रारको कार्यालयको नाउँमा राय प्रतिक्रिया लेखिएको पत्रसमेतबाट निवेदकहरूको पेसा वा रोजगार गर्न पाउने हकमा आघात पर्न गएको देखिँदा उक्त पत्रहरूलगायत सो पत्रसँग सम्बन्धित निर्णयहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब निवेदकहरूले दिएको निवेदनबमोजिम वैदिशिक रोजगार व्यवसाय सञ्चालनका लागि समृद्ध ह्युमन रिसोर्स प्रा.लि., रूपक ओभरसिज कम्पनी प्रा. लि., प्रसिद्धी ओभरसिज कम्पनी प्रा.लि., सि.डि. ह्यूमन रिसोर्स प्रा.लि. र पुजन एस.आर.सर्भिसेज प्रा. लि. नामका प्रस्तावित कम्पनीलाई अनुमतिपत्र दिने र दर्ता गर्ने सम्बन्धमा कारवाही अघि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०७२-WO-१०४६, उत्प्रेषण, *जगदीश शर्मा सेवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## इजलास नं. १५

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-००५८, उत्प्रेषण, *अधिवक्ता दीपक विक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

पर्यटन ऐन, २०३५ को प्रस्तावनाले पर्यटकहरूको स्वास्थ्य, सुविधा वा हितलाई सर्वोपरि

राखी कार्य गर्नुपर्ने भन्ने देखिन्छ। विदेशी वा स्वदेशी जोसुकै पर्वतारोही भएपनि हिमचुलीको पदमार्गको ज्ञान भएका व्यक्तिहरू बासस्थानको तथा अन्य आवश्यक सहयोगको व्यवस्थापन गर्ने व्यक्तिहरू र आधार शिविरमा एवम् उचाइमा जाने कामदारहरूको सहयोगबिना हिमचुली आरोहण गर्न सम्भव हुँदैन । तालिम प्राप्त विशेष अभिरूची भएको अनुभवी भएका त्यस्ता सहयोगी व्यक्तिहरूको सम्पर्कस्थल कुनै संघ संस्थामा आवद्धता रहेको भनी कानूनी व्यवस्था हुनुले पर्यटकहरू वा पर्वतारोही दलहरूलाई विश्वासको अनुभूति रहने भरपर्दो आधार हुन जान्छ। सम्बन्धित क्षेत्रमा ज्ञान नै नभएका, अनुभव र अभिरूची नभएका जोसुकै व्यक्तिहरूलाई सहयोगीका रूपमा दलमा सामेल गरिँदा पर्वतारोहीहरूको स्वास्थ्य तथा जीउ ज्यानमा जोखिम हुने।

पर्वतारोहणसम्बन्धी ज्ञान, जानकारी, अनुभव, तालिम वा हौसला आदि विशेष प्रकृतिको हुने हुँदा सोही क्षेत्रमा लगाव भएका व्यक्तिहरूलाई एकिकृत गरी सेवा उपलब्ध गर्ने संगठित संस्थाको सदस्य हुनु वाञ्छनीय हुन्छ। त्यस्तो संस्थासँग आवद्ध भएको व्यक्ति भएमा पर्यटकहरू वा प्रर्वतारोहीहरूको मनोबल उच्च हुने, सन्तुष्टी हुने, भरपर्दो र विश्वासप्रद हुने हुँदा पर्यटककै हित, सुविधा र स्वास्थ्यको लागी त्यस्ता सम्बन्धित संघको सदस्यता भएको व्यक्तिले पर्वतारोहण दलसँग जान पाउने कानूनी व्यवस्थामा कुनै त्रुटि रहेको पनि नदेखिने।

वस्तुतः पर्वतारोहणको गतिविधिलाई व्यवस्थित गर्ने, संगठित गर्ने र सो कार्यमा सदैव क्रियाशील भइरहेको संस्थामा आवद्ध व्यक्तिबाहेक जोसुकैले सरदार पर्वतीय पथ प्रदर्शकजस्ता कार्य गर्न नपाउने गरी पर्यटन ऐन, २०३५ को दफा ३७(१) को व्यवस्थामा कुनै त्रुटि रहेको पाइएन। उक्त दफामा "पर्वतारोही संघ" भन्ने शब्दहरू रहेको छ । प्रत्यर्थी "नेपाल पर्वतारोहण संघ" हुन्। सो कानूनी व्यवस्थामा प्रत्यर्थी "नेपाल पर्वतारोहण संघलाई" मात्र लक्षित हुने गरी एकलौटी ढंगबाट सुविधा प्रदान गर्ने गरी कानून बनेको देखिँदैन। "पर्वतारोहण संघको" सदस्यता प्राप्त गर्ने पर्ने भनिएको व्यवस्थाले प्रत्यर्थी नेपाल पर्वतारोहण संघको मात्र सदस्य भएकोलाई मान्यता दिएको भनी व्याख्या गर्न नमिल्ने।

ऐनको दफा ३७ (२) मा पनि "पर्वतारोहण संघ" भन्ने शब्दहरू रहेको छ । पर्वतारोहण संघलाई नेपाल सरकारले तोकेको हिमालचुलीको आरोहण गर्ने अनुमति प्रदान गर्ने कार्य नेपाल सरकारले सुम्पन सक्ने कानूनी प्रावधान रहेको छ। पर्यटकहरूको स्वास्थ्य, सुविधा र हितलाई ध्यानमा राख्दै पर्वतारोहणसम्बन्धी गतिविधिमा संगठित भई सोसम्बन्धी कार्यको खोजविन गर्ने, सहयोग गर्ने, पर्यटन उद्योगलाई टेवा दिनेजस्ता कार्य गर्ने पर्वतारोहण संघलाई नेपाल सरकारले आफूमा भएको अधिकार प्रत्यायोजन गर्न संविधान र कानूनले कुनै बाधा दिएको पाइँदैन । वस्तुतः सो उपधारा २ मा पनि प्रत्यर्थी "नेपाल पर्वतारोहण संघ" भन्ने शब्दहरू उल्लेख नभई "पर्वतारोहण संघ" भन्ने शब्दहरू रहेको हुँदा प्रत्यर्थी "नेपाल पर्वतारोहण संघ" लाई मात्र अनुमति प्रदान गर्ने गरी एकलौटी सुविधा प्रदान गर्ने कानून नियम भएको भन्ने पनि नदेखिने।

प्रत्यर्थी नेपाल पर्वतारोहण संघलाई साना हिमचुलीहरूको आरोहण अनुमति प्रदान गर्ने गरी भएका निर्णयहरू थप भएको अवधिसम्म कानूनबमोजिम नै रहेको देखियो । अतः उक्त नेपाल सरकारका निर्णयहरू बदर गरी पर्यटन ऐन, २०३५ को दफा ३७ गैरसंवैधानिक हुँदा खारेज गरिपाउँ भन्ने निवेदनको

मागसँग सहमत हुन नसकिने।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-WO-०२५६, उत्प्रेषण, *राजेन्द्रप्रसाद सिंहसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरूले छुट जग्गा दर्ता गरिपाउँ भनी मिति २०६१।१२।२४ मा मालपोत कार्यालय, बारामा निवेदन दिएको भन्ने देखिन्छ । मालपोत कार्यालय बाराबाट छुट नाप नक्सा दर्ता सम्बन्धमा जाँचबुझ गरी निवेदकहरूका नाउँमा मालपोत ऐन, २०३४ र जग्गा नापजाँच ऐन, २०१९ को प्रक्रिया पूरा गरी दर्ता गर्ने गरी मालपोत कार्यालय, बाराबाट मिति २०६९।१।२६ मा निर्णय भई निवेदकहरूका नाममा जग्गाधनि प्रमाण पुर्जासमेत उपलब्ध गराई सकेको देखिन्छ। मालपोत कर्यालय, बाराबाट निवेदकहरूसँग २०२४ सालदेखि मालपोतसमेत असुल गरी छुट जग्गा दर्ता गरेको भन्ने देखिन आउने।

अतः निवेदकहरूको नाउँमा जग्गा दर्ता हुने निर्णय भई निवेदकहरूले जग्गाधनि प्रमाणपुर्जासमेत प्राप्त गरिसकेको पनि देखिन आयो। विपक्षी मालपोत कार्यालय, बाराबाट निवेदकहरूको हक, *स्वामित्त्व* स्थापना गरिसकेको जग्गाहरूमा निवेदकहरूलाई आफ्नो कुराहरू भन्ने मौका अवसर नै नदिई निवेदकहरूको नाउँमा रहेको दर्ता लगत कट्टा गरी नेपाल सरकारको नाउँमा स्रेस्ता कायम गर्ने गरी निर्णय गरेको देखिने।

कसैको नाउँमा दर्ता हक *स्वामित्त्व* कायम भइरहेको सम्पत्तिबाट विस्थापित गर्दा निजलाई सुनुवाइको मौका दिनुपर्ने प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त हो । सुनुवाइको मौका पनि प्रदान नगरी सम्पत्तिको हकमा आघात पर्ने गरी निर्णय गर्नु प्राकृतिक न्यायको सिद्धान्तले नमिल्ने।

अत: निवेदकहरूको नाउँमा दर्ता रहेको जग्गा निज निवेदकहरूलाई सुनुवाईको मौकासमेत नदिई दर्ता लगत कट्टा गर्ने र स्रेस्ता नेपाल सरकारको नाउँमा कायम गर्ने गरी मालपोत कार्यालय, बाराबाट मिति २०७०।३।२७ मा भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको देखिँदा सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

अब निवेदकहरूलाई सूचना दिई सुनुवाईको मौका प्रदान गरी जो जे बुझ्नपर्ने हो बुझी विवादित जग्गाहरूको सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, बाराको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-०२८८, खानलाउन दिलाई पाउँ, *वीरेन्द्रकुमारी श्रेष्ठ वि. उषा प्रधान श्रेष्ठ*

सुरू जिल्ला अदालतले वादी दाबी नपुग्ने ठहऱ्याई फैसला गरेकोमा सो फैसलालाई उल्टी गरी सबुत प्रमाण बुझी इन्साफ गर्नु भनी सुरू जिल्ला अदालतमा पठाउने गरी पुनरावेदन अदालतले फैसला गरेको र सो फैसलाउपर चित्त नबुझाई प्रतिवादीको यस अदालतमा पुनरावेदन परेकोमा प्रतिवादीको पुनरावेदन

यस अदालतमा विचाराधीन रहेको अवस्थामा वादी उषा श्रेष्ठले वादी म प्रतिवादी भिमकुमार श्रेष्ठ भएको सम्बन्धबिच्छेद अंश मुद्दामा अंश लिई मुद्दा मिलापत्र गरिसकेकोले प्रस्तुत मुद्दामा दाबी प्रमाणित गर्न नसक्ने भएकोले अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता पाउँ भनी दिएको निवेदनका आधारमा मोरङ जिल्ला अदालतबाट मिति २०७०।१२।२७ मा मुद्दा फिर्ता भएको देखिँदा वादी स्वयम्ले मुद्दा फिर्ता लिइसकेको देखिँदा प्रस्तुत पुनरावेदनमा थप विचार गरिरहनु पर्ने प्रयोजन नभएकोले मुद्दाको तथ्यमा प्रवेश गरी निर्णय गर्न नपर्ने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल मङ्सिर १६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०९१६, उत्प्रेषण, *पृथ्वीप्रसाद रोका वि. शुभा विन्दुकुमारी रोकासमेत*

निवेदक पृथ्वीप्रसाद रोक्का र विपक्षीमध्येको शुभाविन्दु कुमारी रोका लोग्ने स्वास्नी नाता सम्बन्धका मानिस भएको र अनिल रोका निजहरूको छोरा भएको तथ्यमा विवाद देखिएन । निजहरूको छोरा अनिल रोका विदेश अमेरिका गएको कुरा निवेदकले समेत स्वीकार गरेको देखिन्छ । मुलुकी ऐन, अदालती बन्दोबस्तको ८३ नं. मा "... विदेशमा गई फर्की आउने ठेगान नभएका मानिसको हक पुग्ने जुनसुकै कुरामा नालिस, प्रतिउत्तर, पुनरावेदन, निवेदन दिन वा मुद्दा मामिलासम्बन्धी अन्य कुनै काम कारबाही गर्नुपर्ने भएमा अड्डाको अनुमति लिई ती मानिसहरूको एकाघरसँग बसेका सोह्र वर्ष नाघेको हकवालाले हदम्यादभित्र गर्न पाउनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ । उपरोक्त व्यवस्थाअनुसार विदेशमा गई फर्की आउने ठेगान नभएका मानिसको हकमा निजको हक लाग्ने विषयमा निजको एकाघरमा रहेको सोह्र वर्ष नाघेको व्यक्तिले अड्डाको अनुमति लिई मुद्दासम्बन्धी कामकारवाही गर्न पाउने नै देखिन्छ। निवेदक, निजको श्रीमती तथा छोराबीच रीतपूर्वक अंशबन्डा भएको जिकिर निवेदक पक्षले लिएको देखिँदैन । अनिल रोका अमेरिका गएको र निजको फर्किई आउने कुनै ठेगान नरहेको अवस्थामा निजको समेत अंश हक लाग्ने सम्पत्तिमा निजकी आमाले उल्लिखित कानूनी व्यवस्थाअनुसार मुद्दा गर्न पाउने नै हुन्छ। यस अवस्थामा निजले नालेस गर्न अधिकृत वारेसनामा नै लिएको हुनुपर्दछ भन्ने कुनै कानूनी व्यवस्था रहेको देखिँदैन । अ.बं.८३ नं.को कानूनी व्यवस्थाअनुसार शुभाविन्दु कुमारी रोकाले दिएको निवेदनमा दाङ जिल्ला अदालतले मिति २०७१।४।१४ मा मुद्दा गर्न अनुमति दिएको देखिँदा यसलाई कानूनप्रतिकूलको आदेश भनी मान्न नमिल्ने।

निवेदकले जिल्ला अदालतको आदेशउपर कानूनबमोजिम पुनरावेदन सुन्ने निकायमा समेत निवेदन गर्दा निजलाई सफलता प्राप्त नभएको अवस्थामा यस अदालतको रिट क्षेत्राधिकारबाट कानूनी उपचार माग गरेको देखियो । रिट क्षेत्राधिकार कसैको संवैधानिक एवम् कानूनी अधिकार गैरकानूनीरूपले हनन् भएको अवस्थामा कुनै उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा आकर्षित हुने अदालतको असाधारण क्षेत्राधिकार हो । प्रस्तुत विवादमा तहतह अदालतबाट मुद्दाको रोहमा भएको आदेशउपर रिट क्षेत्रमा प्रवेश गरेको देखिन्छ। साधारण क्षेत्राधिकारअन्तर्गत मुद्दाको रोहमा तह तह अदालतबाट भएको आदेशलाई कुनै गम्भीर अन्यायपूर्ण परिणाम पैदा भएको देखिएको अवस्थामा बाहेक सामान्यतयाः अन्य अवस्थामा पुनः रिट क्षेत्राधिकारबाट परीक्षण गर्नु मनासिब नहुने।

दाङ जिल्ला अदालतको आदेश सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७२।१।३१ को आदेश कानूनसम्मत देखिएको, सो आदेशको कारणबाट कुनै गम्भीर अन्यायपूर्ण अवस्था सृजना भएको वा हुने स्थिति नदेखिएको र यसबाट निवेदकको कुनै प्रकारको मौलिक हक अधिकारमा आघात पर्न गएको अवस्थासमेत नदेखिएको हुँदा निवेदन मागबमोजिम उत्प्रेषण, परमादेशको आदेश जारी गरिरहनु नपर्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन ३० गते रोज १ शुभम्।

## इजलास नं. १७

१

**मा.न्या.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७१-WO-०२८६, उत्प्रेषण, *लाक्पा तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

नैतिक पतन देखिने अपराधमा सजाय पाएको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन नसक्ने गरी शिक्षा नियमावली, २०५९ को नियम २९(ङ) ले प्रतिबन्ध लगाएको देखिन्छ। उक्त ज्यान मुद्दामा अदालतबाट भएको उक्त फैसलाले लाक्पा तामाङ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन नपाउने अयोग्यताको निर्धारण गरिएको मान्नु पर्ने हुन आयो। यो कुरालाई निवेदकले लिएको जिम्मेवारीको सन्दर्भमा समेत विशेष शतर्कतापूर्वक हेर्नुपर्ने हुन आयो। विद्यालय कलिला बालबालिकालाई शिक्षा प्रदान गर्ने संस्था भएको कारण विद्यालयका शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीसमेत इमान्दार, राम्रो चरित्रको तथा उच्च नैतिकताको हुनु अनिवार्य हुने।

शिक्षा नियमावलीले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुनको लागि नैतिक हिसाबले उच्च नैतिकता र विद्यालयको शिक्षक तथा विद्यार्थीसमेतको लागि अनुकरणीय चरित्र भएको व्यक्ति हुनुपर्ने मान्यतालाई आत्मसात गरी नियम २९(ङ) को व्यवस्था गरेको रहेछ भन्ने सहजै अनुमान गर्न सकिन्छ। कर्तव्य गरी कसैको ज्यान मार्ने, मानिसको बाँच्न पाउने नैसर्गिक र आधारभूत अधिकारको हनन् गरी कसैको जीवन समाप्त पार्ने कार्य गरेको कुरालाई नैतिकरूपमा सदाचारमा रही कार्य गरेको भन्न सकिने स्थिति हुँदैन। यस्ता व्यक्तिहरू विद्यालयमा पुग्नु मात्रले पनि बालबालिकामा त्रासको स्थिति सिर्जना गर्न सक्छ। त्यस्तो त्रासको स्थितिमा अध्ययन गर्ने कुरा मनोवैज्ञानिकरूपले वाञ्छित हुँदैन। तसर्थ विद्यार्थीहरूलाई भययुक्त वातावरणमा अध्ययनको अवसर प्रदान गर्नु सबैको कर्तव्य बन्ने।

विद्यालय जस्तो पवित्र र कलिला बालबालिकाहरूको भाग्य र भविष्य निर्धारण गर्ने संस्थाको व्यवस्थापकीय प्रमुखको चरित्र र नैतिकता उच्च रहे मात्र निजबाट विद्यालयको व्यवस्थापन प्रभावकारी र सदाचारपूर्ण रूपमा हुन सक्छ। त्यसैले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष जस्तो गरिमामय पदमा कार्य गर्ने व्यक्ति कसैको ज्यानमार्ने कार्य गरी सजाय पाएको व्यक्ति हुनु हुँदैन भन्ने उद्वेश्य शिक्षा निमयावलीको नियम २९(ङ) ले राखेको भन्ने सहजै अनुमान गर्न सकिन्छ। सर्वोच्च अदालतबाट समेत अन्तिम फैसला भई कर्तव्य ज्यानमा कसुरदार ठहरी कैद सजाय भुक्तान गरिसकेको अवस्थामा निवेदकलाई उक्त पदमा कार्य गर्नयोग्य छ भन्नु कानूनतः नमिल्ने।

सर्वोच्च अदालतबाट समेत अन्तिम फैसला

भई कर्तव्य ज्यानमा कसुरदार ठहरी कैद सजाय भुक्तान गरिसकेको अवस्था रहेको र हत्या मनसाय एवम् क्रुरतापूर्वक गरिएको पाइँदा सो अपराधलाई नैतिक पतन देखिने कसुर मान्नुपर्ने देखियो । त्यस्तो अपराधमा सजाय पाएको व्यक्तिले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन नपाउने गरी शिक्षा नियमावली, २०५९ को नियम २९(ङ) ले प्रतिबन्ध लगाएको रहेछ भनी मान्नु पर्ने हुन आयो । उक्त ज्यान मुद्दामा अदालतबाट भएको उक्त फैसलाले लाक्पा तामाङ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन नपाउने अयोग्यताको निर्धारण गराएको पाइँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७१।४।२८ मा भएको निर्णय कानूनअनुकूल नै देखिएको र निवेदकले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको हैसियतले कार्य गर्ने अवधिसमेत समाप्त भइसकेको पाइएकोले मागबमोजिम रिट जारी गर्न मिल्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७३-WH-००२१, बन्दीप्रत्यक्षीकरण, *मानबहादुर खत्रीसमेत वि. महानगरीय प्रहरी वृत्त, तिनकुने, काठमाडौंसमेत*

कुनै अभियोगमा कुनै व्यक्तिउपर जाहेरी परेपश्चात् कानूनबमोजिम त्यसको अनुसन्धान गर्न पाउने अधिकार सम्बन्धित प्रहरी अधिकारीको नै रहेको हुन्छ । आफ्नो क्षेत्राधिकारभित्र रही चोरीको अभियोगमा अनुसन्धानको सिलसिलामा पक्राउ परेका मानबहादुर खत्री र दिनेश बास्कोटालाई निजहरू पक्राउ परेको समयमा दशैँ बिदा परी अड्डा तातिल रहेकोमा अड्डा खुलेको दिन साधिकार निकाय काठमाडौं जिल्ला अदालतमा पेस भई उक्त अदालतको अनुमतिबाट नै प्रहरीले न्यायिक हिरासतमा राखेको देखिँदा निजहरू गैरकानूनी थुनामा रहेको भन्न मिल्ने नदेखिने ।

बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनीरूपमा थुनामा रहेको व्यक्तिलाई थुनामुक्त गराउन जारी गरिने विशेष प्रकृतिको आदेश हो । गैरकानूनीरूपमा थुनामा राखिएको भनी दाबी लिएका व्यक्तिहरू मानबहादुर खत्री र दिनेश बास्कोटालाई चोरीको आरोपमा किटानी जाहेरी परी आवश्यक अनुसन्धान तहकिकातको लागि सम्बन्धित प्रहरी कार्यालयबाट कानूनबमोजिम अदालतबाट अनुमति लिई हिरासतमा राखेको अवस्थामा रिट क्षेत्रबाट हस्तक्षेप गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल असोज ३० गते रोज १ शुभम् ।

## इजलास नं. १८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-०३४१, कुटपिट अङ्गभङ्ग, *नेपाल सरकार वि. गुलमहमद मियाँसमेत*

प्रस्तुत कुटपिटको वारदातमा अली हुसेनको बायाँ खुट्टाको छावामा चोट भएकोमा मुद्दा कारवाहीको क्रममा पीडितको हालको स्वास्थ्य परीक्षणका लागि अदालतबाट भएको आदेशानुसार नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जको मिति २०६७।८।१४ च.नं. ८३६ को पत्रबाट पीडितको स्वास्थ्य परीक्षण गरिदिएको रायमा बायाँ खुट्टाको Tibia and Fibula को भाँचेको (fractured) हड्डी जोडिइसकेको देखिँदा

हाल काम लाग्न सक्छ भनी उल्लेख गरेको छ। परीक्षण प्रतिवेदनबाट पीडितको बायाँ खुट्टा हाल काम लाग्ने अवस्थामा रहेको हुँदा काम नलाग्ने गरी बेकम्बा पारी यी प्रतिवादीहरूबाट अङ्गभङ्ग कुटपिटको कार्य भएको भनी मान्न सकिने अवस्था नदेखिने।

घा जाँच प्रतिवेदन, प्रतिवादीहरूको बयान, नारायणी उपक्षेत्रीय अस्पतालको रायसहितको प्रतिवेदन तथा वारदातको प्रकृति, चोट प्रहारको स्थितिको गम्भीरता, कुटपिटको परिणाम स्वरूप पुग्न गएको क्षतिको अवस्थालगायत मिसिल संलग्न कागजात र प्रमाणहरू समेतबाट अङ्गभङ्गको वारदात नभई कुटपिटसम्मको वारदात देखिएको र अङ्गभङ्गबाहेकका सबै प्रकारका चोटपटक वा पीडा पुर्‍याउने कार्य सामान्य कुटपिटभित्र पर्ने नै हुँदा पुनरावेदन अदालत, हैटौंडाबाट भएको फैसला मिलेकै देखिन आयो। यसर्थ यस अदालतको मिति २०७०।४।२८ को आदेशबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिएको आधारसँग सहमत हुन नसकिने।

माथि विवेचित तथ्य, प्रमाण कानूनसमेतबाट प्रस्तुत वारदात अङ्गभङग कुटपिटअन्तर्गतको वारदात नदेखिएबाट कुटपिटको वारदात भएको अवस्थामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम पीडितको संरक्षक वा जाहेरवाला उपस्थित भई नाबालक पीडितको हकमा मुद्दा सकार गरी कुटपिटअन्तर्गत दुनियावादी भई मुद्दाको कारवाही गर्न चाहेमा त्यसतर्फ कारवाही गर्ने गरी कुटपिटमा परिणत हुने तथा अङ्गभङ्ग सजायतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याएको पर्सा जिल्ला अदालतको मिति २०६७।९।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।५।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ,** ०७२-WO-०२७१, उत्प्रेषण, *सब्बीर खाँ वि. सहजाद खाँसमेत*

निवेदक एवम् विपक्षीबीच चलेको लेनदेन मुद्दामा विपक्षी सहजाद खाँले रू.४३,०००।- को सावाँ ब्याजसमेत भरी पाउने ठहरी बाँके जिल्ला अदालतबाट मिति २०६९।९।१ मा भएको फैसलाअनुसार प्रतिवादीबाट बिगो भराई पाउँ भनी वादीले दिएको निवेदनउपर कारवाही भई तहसिलदारबाट बिगो दायरीको लगत कट्टा गर्ने गरी मिति २०७२।३।१० मा भएको आदेश बदर गरेको जिल्ला न्यायाधीशको आदेश बदर गरिपाउँ भन्ने निवेदकको मागदाबी रहेको देखिन्छ। फैसलाअनुसारको बिगो दाखिल गर्नु भनी अदालतबाट दिएको म्यादमा निवेदकले बिगो दाखिल गरेको देखिँदैन। यी रिट निवेदकले अदालतको फैसलाअनुसार वादीको बिगो तिर्नु बुझाउनु पर्नेमा आफ्नो दायित्व बहन नगरेको परिणाम स्वरूप निजका नामको जग्गा लिलामको सूचना प्रकाशित भए तापनि लिलाम कार्य सम्पन्न भई वादीको बिगो असुलउपर भएको भन्ने देखिँदैन। प्रतिवादीबाट भरिपाउने ठहरेको बिगो असुलउपर नहुँदैको अवस्थामा तहसिलदारबाट मिति २०७२।३।१० मा बिगो दायरीको लगत कट्टा गर्ने गरी आदेश भएको देखिन्छ। उक्त आदेशउपर परेको वादीको निवेदनमा तहसिलदारको आदेश बदर गरी

फैसला कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनु भनी भएको जिल्ला न्यायाधीशको आदेशमा कुन कानूनको त्रुटि हुन गएको छ निवेदकले स्पष्ट दाबी लिन सकेको छैन । आफ्नो आदेश एवम् फैसला कार्यान्वयन गर्नु अदालतको प्राथमिक दायित्व पनि हो । अदालतको फैसलाअनुसार वादीले बिगो भरी पाउनु पर्ने हुँदा फैसला कार्यान्वयन नहुँदै बिगो दायरीको लगत कट्टा हुन्छ भन्नु न्यायोचित नहुने ।

बिगो असुलीका लागी वादीले देखाएको जेथा रोक्का रहेको भन्ने प्राविधिक कारण देखाई कानूनबमोजिम प्रतिवादीको जेथाबाट असुलउपर गर्ने प्रक्रियासमेत अवरूद्ध गरी दिने हो भने अदालतको फैसला निरर्थक हुन जान्छ । यसबाट अदालतको फैसलाबमोजिम वादीलाई तिर्नु बुझाउन पर्ने बिगो भराउनु नपर्ने गरी प्रतिवादीले उन्मुक्ति पाउँने हुन्छ जुन न्यायसङ्गत हुँदैन । प्रस्तुत निवेदनमा वादीको बिगो असुलउपर नहुँदैको अवस्थामा तहसिलदारबाट बिगो दायरीको लगत कट्टा गरेको देखिँदा उक्त कार्य कानूनसम्मत भन्न नमिल्ने ।

माथि विवेचित आधार कारणबाट वादीले भरी पाउने ठहरेको बिगो असुलउपर नहुँदै बिगो दायरीको लगत कट्टा गरेको तहसिलदारको आदेश बदर हुने भनी जिल्ला न्यायाधीशबाट भएको मिति २०७२।५।४ को आदेश कानूनअनुरूप देखिएकोले परिवर्तन गरिरहन परेन भनी पुनरावेदन अदालतबाट भएको मिति २०७२।५।३१ को आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको देखिएन । तसर्थ उक्त आदेश बदर गरिपाउँ भन्ने निवेदकको माग दाबी औचित्यपूर्ण र कानूनसङ्गत नदेखिँदा प्रथम दृष्टिमै मागबमोजिमको आदेश जारी हुन सक्ने देखिएन । अतः कारण देखाउ आदेश जारी गरी विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सुरेशराज खनाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-WO-०२१४, उत्प्रेषण, *जगदीशचन्द्र अर्याल वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, किर्तिपुर काठमाडौंसमेत*

निवेदक अन्तर्वार्ताको लागि छनौट भएको लिखित परीक्षाको सूचना प्रकाशित गरिसकेपछि सफल भएका निवेदक उम्मेदवारको स्थानमा अन्य व्यक्तिलाई सिफारिस गर्ने गरी भएको संशोधित सूचनाअनुसार तत्काल अन्तर्वार्ता नरोकिने हो भने निवेदकलाई अपूरणीय क्षति पुग्नसक्ने देखिँदा पुस्तकालय विज्ञान विषयसम्मको संशोधित लिखित परीक्षाको सूचनाअनुसार अन्तर्वार्ता लिनेलगायतका कार्य यो रिट निवेदनको टुङ्गो नलागेसम्म यथास्थितिमा राखी सो प्रक्रिया अगाडि नबढाउनु भनी विपक्षी नं. १ र २ का नाममा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति